

# छिमेक यात्रा

रमेश मल्ल

# [N_H `mÌm

रमेश मल्ल

प्रकाशक : साझा प्रकाशन
संस्करण : प्रथम २०७५ (११०० प्रति)
मुल्य रू. : २२५/-
आवरण : रमेश श्रेष्ठ
मुद्रण : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ०१-५५२४७१०, फ्याक्स : ५५४४२३६

ISBN : 978-9937-32-377-2

**CHHIMEK YATRA**

**Written by Ramesh Malla**

# प्रकाशकीय

साझा प्रकाशन नेपाली वाङ्मयको श्रीवृद्धिमा निरन्तर लागिरहेको छ । वाङ्मयका सबै विधामा सबै पुस्ताका सिर्जनालाई यथासक्य स्थान दिई पाठकसमक्ष पुऱ्याउने जमर्कोका साथ रमेश मल्लको 'छिमेक यात्रा' प्रकाशित भएको छ ।

रमेश मल्ल, विद्यार्थी र युवा आन्दोलन हुँदै राजनीति र लेखनमा आबद्ध हुनुभएको छ । मुलुकको समृद्धिको सपना बोक्ने युवाहरूको मनोभावनालाई उहाँको लेखनीले सम्बोधन गरेको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सचिवालयमा कार्यरत रहँदा मुलुकका मात्र होइन विदेशका समेत विकास, समृद्धि र आधुनिकताका साथै प्राकृतिक वैभवको अवलोकन गरी सूचना र ज्ञानको दायरा फराकिलो बनाएका मल्लले यो पुस्तक तिनै सेरोफेरोमा केन्द्रित छ । त्यसभन्दा बाहिर अन्य सन्दर्भमा भएका भ्रमणका संस्मरणलाई पनि मल्लले समेट्नुभएको छ ।

नेपालका छिमेकी मुलुक चीनको औपचारिक भ्रमण र प्रधानमन्त्रीबाट भएको भारतको औपचारिक राजकीय भ्रमण दलमा सदस्य समेत भएर मल्लले नेपाली युवा विद्यार्थीको प्रतिनिधित्व गर्दै आफ्ना विचारहरूको प्रस्तुति गरेको अनुभव पनि यहाँ देखिन्छ । श्रीलङ्काको उच्च शैक्षिक स्थिति र

व्यावसायिक शिक्षाबाट पाठ सिकेर नेपाललाई समृद्ध बनाउने सपना पनि यस पुस्तकमा प्रतिबिम्बित छ ।

मल्लले मूलतः चीनमा भएका विभिन्न भ्रमणलाई अझ बढी स्थान दिई त्यहाँको कम्युनिष्ट पार्टी र नेपालको कम्युनिष्ट पार्टीको समानता र भिन्नताबारे विचार विमर्श गर्नुभएको छ । चीन र भारतमा कसरी विकास र समृद्धि भयो र नेपाल किन अझै पछाडि परिरहेको छ भन्नेमा लेखकको चिन्तालाई पाठकले पनि मनन गरी सबैले आफ्नो स्थानबाट पहल गर्नुपर्नेतर्फ सन्देश दिएको छ ।

डोलिन्द्रप्रसाद शर्मा
अध्यक्ष तथा महाप्रबन्धक
साझा प्रकाशन

# समर्पण

जनयुद्ध र जनआन्दोलनका
महान् सहिद तथा बेपत्ता
योद्धाहरूप्रति

# दुई शब्द

हाम्रो पार्टीका पोलिटब्युरो सदस्य तथा युवा नेता रमेश मल्लले सन् २०१६ को मे महिनामा चीनियाँ कम्युनिष्ट पार्टीको निमन्त्रणामा गर्नुभएको चीन भ्रमणका अनुभुतिहरुलाई समेटेर छिमेक यात्रा नामक संस्मरण प्रकाशन गर्न लाग्नु भएकोमा खुसी लागेको छ ।

नेपाल र चीनबिच सदिऔंदेखि आर्थिक सामाजिक साँस्कृतिक सम्वन्ध रहँदै आएको छ । पछिल्लो समय नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) र चीनियाँ कम्युनिष्ट पार्टीबीच विकसित राजनैतिक एवं भावनात्मक सम्वन्धले दुई देशीय सम्वन्ध सुदृढ गर्न मद्दत गर्दै आएको छ । चीनको राजनैतिक क्रान्ति एवं आर्थिक विकासको अनुभवबाट नेपाल जस्ता विकासशील देशहरुले महत्वपूर्ण शिक्षा लिन यस्ता भ्रमणहरुले सकारात्मक भूमिका खेल्दै पनि आएका छन् । यसै क्रममा रमेश मल्ल लगायतका साथीहरुको चीन भ्रमण र संस्मरण संग्रहले नेपाल चीन बीचको सम्वन्धलाई बुझ्न थप मद्दत मिल्ने मैले विश्वास लिएको छु ।

नेपालमा संविधान कार्यान्वयनको ऐतिहासिक र विशिष्ट अवस्थामा देशभित्रका असन्तुष्टिहरुलाई सम्वादको माध्यमबाट हल गर्ने तथा धुमिल भएको छिमेक सम्वन्धलाई आपसी सद्भावमा बदल्ने लगायतका ऐतिहासिक र जोखिमपूर्ण अवसरका बीच मैले प्रधानमन्त्रीको जिम्मेवारी स्विकार गरेको थिएँ । सोही अवधिमा मेरो भारतको राजकीय भ्रमणका क्रममा मसँगै रहँदाका अनुभूतिलाई पनि उहाँले शब्दमा उन्ने प्रयास गर्नु भएको छ । साथै हाम्रा नजिकैका छिमेकी मुलुक बङ्गलादेश र श्रीलंकामा विद्यार्थी नेता र पार्टी नेताको रुपमा उहाँले गरेका भ्रमण र भ्रमणका अनुभूति र शिक्षालाई पनि उहाँले यस संस्मरणमा समेट्न खोज्नुभएको छ । नेपालको स्थायित्व, विकास र समृद्धिको बाटोमा हामीले भन्दै आएको त्रिदेशीय साझेदारी, छिमेक सम्वन्ध र नेतृत्वको भूमिकाका बारेमा उहाँले उठाएका विषयहरु छिमेकका राजनीतिक र कुटनीतिक सम्वन्धबारे अध्ययन गर्न चाहने पाठकका लागि सामाग्री बन्न सक्दछन् ।

अन्त्यमा, व्यस्त राजनैतिक गतिविधिका बीचमा पनि आफ्नो भ्रमणका अनुभूतिहरुलाई संस्मरणको रुपमा लिपिबद्ध गर्न सफल हुनुभएकोमा लेखकलाई हार्दिक बधाई दिन चाहन्छु । साथै उहाँको लेखनकलामा थप निखारता आउने विश्वासका साथ राजनीतिक जीवनको निरन्तर सफलताको शुभकामना व्यक्त गर्दछु ।

१५ माघ, २०७४

पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष
ने.क.पा. (माओवादी केन्द्र)

# गति र उद्देश्यपूर्ण जीवनको एक अंश

✍ युवराज चौलागाईं

रमेश मल्ल ! नेपाली राजनीतिमा एक सुपरिचित युवा नेताको नाम हो । सल्यानको विकट कालागाउँबाट शुरू भएको उनको राजनीतिक यात्रा बहुआयामिक, रोचक र प्रेरणादायी छ । उनी श्वास-प्रश्वासको जीवन होइन, गति र उद्देश्यको जीवन बाँच्छन् । यो पुस्तक त्यस कुराको एक अंश प्रमाण हो ।

हामी धेरै नेता तथा नीति-निर्माताहरू पटक-पटक विदेश जान्छौं तर फर्केर आएपछि त्यहाँका धेरै कुराहरू बिर्सने गर्छौं । तर रमेश मल्ल जति देश जान्छन्, तीनको भित्र छिरेर मुटुसम्म छामेर आउँदा रहेछन् । त्यहाँको इतिहास, कला साहित्य, राजनीति, शिक्षालगायत जीवनका हरेक क्षेत्र उनले छिचोल्ने रहेछन् । यो पुस्तक त्यसैको एक उदाहरण हो ।

यात्रामा थकान एक स्वभाविक मानवीय कमजोरी हो । भरदिन प्लेनमा उडेर गन्तव्यमा पुग्दा, वा दिनभरी कुनै कठीन शारीरिक मानसिक कर्म गरिसक्दा हामी प्रायः मान्छेहरू थाक्छौं । थाकेर झकाउँछौं, निदाउँछौं । तर, यी मल्ल थाक्दैनन् । रात जतिसुकै जाओस, दिनभरीको सारा वृतान्त डायरीमा लेख्न थाल्छन् यी । अरूलाई वास्ता नहुने स-साना कुरामा पनि उनलाई उत्तिकै रूचि हुन्छ । सानो

कुरा समातेर पनि उनी इतिहासको अग्लो पहाड माथि उक्लिन सक्छन् । अनि त्यहाँ कम्युनिष्ट पार्टीको झण्डा गाड्न सुर झिक्छन् । त्यो असाधरण मेहनत, लगनशीलता र सामान्यबाट फरकपनाको एक झिल्को आगो हो यो पुस्तक ।

जहाँ गए पनि सबैलाई आफ्नो देशको माया हुन्छ । त्योसँगै तर त्यो भन्दा अलिकति माथि यिनलाई आफ्नो पार्टीको, आफ्नो कार्यक्षेत्रको यति धेरै माया हुन्छ कि सबै चिजसँग आफ्नो परिवेशको तुलना गर्छन् यी । पश्चिमा सहित्यमा एक पात्र छ–एन्डियूस । ऊ यति धेरै बलियो हुन्छ कि कुनै देवता, दैंत्य कसैले उसलाई हराउन सक्दैनन । ऊ किन बलियो हुन्छ भने जे गरे पनि ऊ धर्ती छाड्दैन । खुट्टाको बुढी औंलाले भए पनि ऊ धर्तीको स्पर्शमा हुन्छ । धरातल उसको बलको रहस्य हुन्छ । रमेशजी मलाई त्यस्तै लाग्छन् । यिनले मरिगए धरातल छाड्दैनन् । यी हावामा उड्दैनन् । यी आफ्नो काम यति रमाई–रमाई गरिरहन्छन् कि मानौं उनी मनोरञ्जन गर्दैछन् । त्यसले उनलाई खुला र सरल बनाइदिन्छ । त्यही खुलापन र सरलता यो पुस्तकमा पाइन्छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध जस्तो जटील विषयमा कलम चलाउनु सजिलो काम होइन । त्यसमा पनि दुई देशको औपचारिक भ्रमणको वा दुई भाइचारा पार्टीको आन्तरिक आदान–प्रदानको विषयमा लेख्नु त चुनौतीपूर्ण नै हुन्छ । त्यस्ता हरेक सूचना वा सन्देशका आफ्नै संवेदनशीलता हुन्छन् । यस पुस्तकमा पनि भारत वा चीनबारेका केही प्रसंगहरूमा

त्यस संवेदनशीलताको अनुभूति हुन्छ । तर कलात्मकताले ती पक्षहरू त्यति सवल रूपमा देखापर्न पाउँदैनन् ।

रमेश मल्लसँग मेरो पहिलो भेट २०५८ असोजमा विराटनगरमा भएको थियो । अनेरास्ववियू (क्रान्तिकारी) को सल्यान जिल्ला अध्यक्ष हुँदै सेती–महाकाली क्षेत्रीय समिति सदस्यको रूपमा उहाँ त्यस सम्मेलनको प्रतिनिधि भएर आउनुभएको थियो । म काभ्रेको अध्यक्ष थिएँ । बन्दसत्रको वहस सेशनमा संयोगले हामी एउटै समूहमा पऱ्यौं । सानो काँटीको, पातलो, भर्खरै जुँगाको रेखी बसेको, गोरो, मीठो बोल्ने र राम्रो तर्क गर्ने आजका रमेश मल्ल उतिबेला पनि खास नै थिए । हामी त्यस यता निरन्तर सम्पर्क, सहकार्य र झण्डै समान कमिटीहरूमा छौं । उहाँले यस बीचमा अखिल (क्रान्तिकारी) को अध्यक्षदेखि प्रधानमन्त्री प्रचण्डको स्वकीय सचिवसम्मका पृथक र गहन अनुभव बटुल्नुभएको छ । हाम्रा सहकार्यका यी झण्डै बीस वर्षमा रमेशजीले संगठनको जिम्मेवारिमा मात्र होइन, कार्यक्षमतामा पनि राम्रो विकास गरिरहनुभएको म पाउँछु ।

म यस पुस्तकलाई मूलरूपमा नियात्रा भनिनुपर्दछ भन्ने ठान्छु । यद्यपि, यस पुस्तकको क्षेत्र अलि विस्तृत नै छ । चीन, बंगलादेश र श्रीलंकाबारे लेखकका सूचनाहरू उपयोगी छन् । सायद प्रधानमन्त्रीसँग हुँदाको कार्यव्यस्तताले होला भारतबारे लेखकले अरू देशको जस्तो तथ्यांक र इतिहासका विषयहरू समावेश गरेको देखिँदैन । भारतबारे धेरैलाई थाहा रहेको अनुमानले पनि त्यसो भएको हुनसक्छ । वा थोरै लेखेर विवादमा नपर्ने जुक्ति पनि हुनसक्छ । नत्र

चीनको सयौं बर्ष पुरानो कुरा खोज्ने, बंगलादेश र श्रीलंकाको स-सानो इतिहास लेख्ने लेखक भारतबारे थोरै किन लेख्नु भो भन्न पाइने अवस्था देखिन्छ ।

यो पुस्तक युवा पुस्ताको लागि उपयोगी हुनसक्छ । हाम्रा निकट छिमेकीहरूका पछिल्ला अवस्थादेखि इतिहास समेत नियाल्ने अवसर यस पुस्तकबाट पाइन्छ । रोचक र सरल प्रस्तुतियुक्त विशेषताले गर्दा पुस्तक पढ्न शुरू गरेपछि अन्त्यसम्म सजिलै टिक्न सकिन्छ ।

एक उज्यालो सम्भावनाको क्षितिजतर्फ लम्किरहेका प्रिय मित्र रमेश मल्लजीको यस प्रयत्नप्रति प्रसन्नतासहित सफलताको कामना गर्दछु । धन्यवाद !

२८ माघ, २०७४

★★★

# आभार तथा धन्यवाद

सोभियत संघको पतनपछि एकध्रुवीय विश्वको डङ्का पिट्दै पुँजीवादी बजारमा एकाधिकार कायम गर्न सफल अमेरिकी साम्राज्यवाद, उदीयमान महाशक्तिको रूपमा श्रमशक्ति, पुँजी बजार र प्रविधिमा आफ्नो नियन्त्रण कायम गर्दै विश्वको दोश्रो आर्थिक तथा प्रविधियुक्त शक्तिको रूपमा आएको एसियाली मुलुक चीनको विकास र समृद्धिको यात्राले सशङ्कित र आतङ्कित भएको छ । एसियाली मुलुकको विकास र समृद्धिमार्फत् एसियालाई एक्काइशौं शताब्दीको केन्द्र बनाउने चिनियाँ सपनासँग सहकार्य गर्न सिंगो एसियाली तथा अन्य महाद्विपका देशहरू पनि उत्साहित बन्दै आएका छन् ।

आजको विश्वमा कम्युनिष्ट पार्टीकै नाममा चिनियाँ विशेषतासहितको समाजवाद निमार्ण गर्ने, त्यसको मार्गनिर्देशक सिद्दान्त मार्क्सवाद–लेनिनवाद–माओ विचारधारा र सी जीन पीङ विचारको रूपमा संश्लेष्ण गर्ने चिनियाँ कम्युनिष्ट पार्टीको १९ औं महाधिवेशनको निर्णय आजको विश्वको लागि नयाँ र अर्थपूर्ण छ । संसारकै सबैभन्दा ठूलो जनसंख्या, करिब–करिब पहिलो ठूलो अर्थतन्त्रको अगुवाई गरिरहेको मित्रराष्ट्र चीन र संसारकै दोश्रो ठूलो जनसंख्या र तिव्रतर आर्थिक विकासको मार्गमा रहेको भारतको बीचमा रहनु नेपालको लागि सकारात्मक चुनौती हो । विमेष्टक राष्ट्रहरूको सम्मेलनस्थल भारतको गोहामा नेपालका प्रधानमन्त्रीले चीनका राष्ट्रपति र भारतका प्रधानमन्त्रीका बीचमा त्रिदेशीय साझेदारीको प्रस्ताव गर्नुले नेपालको आगामी छिमेक सम्बन्ध र आफ्नो रणनैतिक यात्राको साङ्केतिक र सही दिशावोध हुनसक्दछ ।

हाम्रो भू-राजनीतिमा रहेका चुनौतीको कुशल व्यवस्थापन गर्दै, छिमेक सम्बन्धलाई समसामिप्य, सन्तुलित र हार्दिक बनाउँदै छिमेकको समृद्धि र विकासबाट सकारात्मक फाइदा लिन सक्ने हो भने नेपालले गरिवीको खेती र विकासको प्यास लिएर बस्नुपर्ने अवस्थाको अन्त्य गर्न धेरै दिन कुर्नु पर्दैन ।

हामीले राजनीतिक क्रान्तिको एउटा अध्याय पूरा गरेका छौं । एकात्मक सामन्ती सत्ताको ठाउँमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्माण गरेका छौं । संविधान कार्यान्वयनको प्रक्रियामा स्थानीय, प्रदेश र संघीय प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी वामगठबन्धनको स्पष्ट बहुमतसहित देशले देखेको राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको सपना कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ । देश राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको युगमा प्रवेश गर्नु नेपाल र नेपाली जनताका लागि खुसीको कुरा हो ।

राणा र पञ्चायत फालेका जनताले राजतन्त्रात्मक संसदीय व्यवस्थाका शासकहरूको हर्कत र चर्तिकला सहेर बस्न सकेनन् । न्यायपूर्ण जनयुद्धको संखघोष गरे र गाँउदेखि शहरसम्म सामन्ती किल्लाहरू भत्काउँदै अघि बढे । राजाको प्रत्यक्ष शासनको शिकार बनेपछि संसदीय दलहरूको राजा र राजसंस्थाप्रतिको मोह भङ्ग भयो । उनीहरू गणतन्त्र र संविधानसभाको निर्वाचनका लागि तयार भए । जनयुद्ध र जनआन्दोलनको संयुक्त बलमा आजको परिवर्तन सम्भव भयो । हामीले व्यवस्था परिवर्तनको लडाइँ एकहदसम्म जितेका छौं । अब जनताको अवस्था परिवर्तनको लडाइँ लड्नु छ ।

हामीले व्यवस्था परिवर्तन गरे पनि संस्कार र संस्कृतिमा गढेको व्यवस्था बदलिएको छैन । संसदवादी मित्रहरूले अन्तिम सत्य ठानेको संसदीय व्यवस्था र यसको संस्कृतिले गणतन्त्र प्राप्ति पछिका १० वर्षमा १० पटक प्रधानमन्त्रीको कुर्सी बदलियो । यो राजनीतिक अस्थिरतालाई नेपाली जनताले त चाहेनन् नै हाम्रो असल छिमेकीले पनि यसो नगर्न सल्लाह दिई नै रहे । यस सन्दर्भमा चिनियाँ मित्रहरूले नेपालका कम्युनिष्ट पार्टीहरूको एकता र राजनीतिक स्थायित्वका लागि व्यक्त गरेको विचारलाई नै मैले यो डायरीको केन्द्रभाग ठानेको छु । हामी पार्टीको आठौं डेलिगेसन टीममा रहेर चीन भ्रमणमा जाँदा चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरूसँग भएको अन्तर्क्रियालाई मैले यस सामग्रीमा समेटने प्रयास गरेको छु ।

यो सामग्री चीन भ्रमणलगत्तै प्रकाशित गर्नुपर्थ्यो तर चीन भ्रमणमा भएको हाम्रो छलफल र त्यसका मर्महरूलाई बदलिएको राजनीतिक परिवेशमा प्रकाशन गर्न उपयुक्त र सम्भव भएन । संसदीय अभ्यासमा अभ्यस्त रहँदै आएका नेताहरूको सत्तालिप्सा, लिखित-अलिखित समझदारी र प्रतिवद्धताको कार्यान्वयनमा सामान्य नैतिक मूल्यको अभाव आदि कारण संविधान घोषणापछि बनेको कम्युनिष्ट पार्टीहरूको संयुक्त सरकारमा गम्भीर अविश्वासको अवस्था सिर्जना भयो । पदमा नहुँदा मुसो भएर सम्झौता गर्ने पदमा पुगेपछि आफूलाई सिंह देख्ने तथा अरूको अस्तित्वलाई अस्वीकार गर्ने प्रवृत्तिले गर्दा संयुक्त सरकार टिकिरहन सकेन ।

आज राजनीतिक परिवेश बदलिएको छ । आफ्नो पार्टी नेकाँसँगको संयुक्त सरकारमा रहँदा-रहँदै पनि देशको

राजनीतिक स्थायित्व र समृद्धिको सपना साकार पार्न कम्युनिष्ट पार्टीहरूबीचको एकता र निर्वाचनमा संयुक्त गठबन्धन निमार्ण गर्नका लागि अध्यक्ष प्रचण्डले जुन साहस प्रदर्शन गर्नुभएको छ । यसको उच्च सम्मान र मूल्याङ्कन गर्नै पर्दछ । जनताले निर्वाचनमार्फत् कम्युनिष्ट पार्टीको एकता र गठबन्धनलाई अनुमोदन गरिसकेका छन् । स्पष्ट बहुमतका साथ देशका वामपन्थी पार्टीहरू सरकार मात्र बनाउँदै छैनन् पार्टी एकता पनि गर्दैछन् भन्ने जनतामा पूरा विश्वास छ । इतिहासप्रति न्याय गर्दै समाजवाद प्राप्तिको लागि वृहत् कम्युनिष्ट एकता नै आजको आवश्यकता हो । फेरि पनि एकता संयोजन समितिका प्रमुख नेता बीचका भएका उच्चस्तरका समझदारी र सहमतिका विरूद्ध भएका आन्तरिक र बाह्य गतिविधिले नेपाली जनतालाई निराश तुल्याउने कोसिस नभएको पनि होइन । दुनियाँका साम्राज्यवादी र प्रतिक्रियावादी शक्ति गठबन्धन टुटाउने प्रयासमा नलागेका पनि होइनन । नयाँ सरकार नबन्दै भएको स्वराज भ्रमण र राजनीतिक बजारमा पैदा भएको संशय त्यति सहज देखिएको थिएन । प्रचण्डमाथिको प्रयोग असम्भव देखिएपछि ओलीमाथि प्रयोग शुरू गरियो । संभवत् नेताहरूले यसलाई एकहदसम्म असफल बनाएर अघि बढिसकेका छन । आजका दिन माओवादी र उसको नेतृत्व सम्मानजनक एकताका लागि पुरै इमान्दारीताका साथ लागिरहेको कुरामा कुनै सन्देह छैन । यो राजनीतिक परिवेशमा दम्भ र घमण्डको संसदीय संस्कार प्रदर्शन भयो भने नेपाल र नेपाली जनताका लागि त्यो अक्षम्य अपराध हुन्छ, हामीलाई विश्वास छ, त्यो हुने छैन । यो लडाइँ नेपाल राष्ट्र र नेपाली जनताले जित्नेछन् ।

यस डायरीको अर्को खण्डमा प्रधानमन्त्रीको भारतको राजकीय भ्रमण र भ्रमणका क्रममा मेरा अनुभूतिलाई स्थान दिएको छु । खलबलिएको राष्ट्रिय एकता, बिग्रिएको छिमेक सम्बन्ध र ओझेलमा परेका राष्ट्रिय मुद्दाहरूलाई व्यापक अन्तरक्रिया, संवाद र गतिशील पहलकदमीको माध्यमबाट सही मार्गमा ल्याउने काम प्रधानमन्त्रीले आफ्नो छोटो कार्यकालमा गर्नुभयो । छिमेक सम्बन्धमा नयाँ सदभाव विकास गर्न सफल यो भ्रमण र भ्रमण टोलीमा रहँदाका गतिविधिलाई स्मरण गर्ने मात्र प्रयत्न गरेको छु ।

डायरीको पछिल्लो खण्डमा नेपाल र बंगलादेशका कम्युनिष्ट पार्टीबीचको आपसी सम्बन्ध र मेरा आफ्ना अनुभूतिलाई समेटेको छु भने श्रीलंकाको शैक्षिक भ्रमणलाई पनि केही शब्दमा उन्ने प्रयास गरेको छु ।

डायरी जीवनको आफ्नै कर्म हो । मलाई लाग्छ मेरो जीवन सार्वजनिक जीवन हो । मेरा भोगाई र भावनाहरू पक्कै पनि मेरा मात्र निजी मामिला होइनन् र छैनन् । तसर्थ, यो डायरी लुकाएर राख्न मेरो मनले मानेन र सार्वजनिक गरीदिएँ । यसो त मान्छेको सिंगो जीवन नै अलिखित डायरी हो । मैले केही अंश पेश गर्ने प्रयत्न मात्र गरेको छु । हाम्रा हजारौं साथीहरूले सिंगो जीवन अर्पेर, ऊर्जाशील जीवन खर्चेर तयार गरेको एक नयाँ युगलाई जन्म दिने सिंगो जनयुद्धको इतिहासलाई डायरीमा उतारेर सार्वजनिक गरौं भन्ने चाहना नभएको होइन, केही साथीहरूले कलम चलाउनु भएको पनि छ । तथापि, यो अझैं सार्थक देखिएको छैन । मलाई आशा एवं विश्वास छ भोलिका दिनमा हाम्रा प्रयास जारी रहनेछन् । यस डायरीका संक्षिप्त

शब्दहरू भने मेरा लागि इतिहासका केही शब्दसंग्रह हुनेछन् भने स्वयं म र पाठकका लागि केही अनुभूतिजन्य सिकाई । पाठकको आलोचना र सुझाव आगामी यात्राको लागि मार्गदर्शन हुनेमा आशावादी छु ।

आफ्नो व्यस्त समयका बाबजुद यस डायरीमाथि दुई शब्द लेखेर मलाई ठूलो गुन लगाउनु हुने आदरणीय अध्यक्ष कमरेड प्रचण्डप्रति विशेष आभारसहित धन्यवाद व्यक्त गर्दछु । मेरो अनुरोधलाई सहर्ष स्वीकार गरी पुस्तकको भूमिका लेखेर मेरो प्रयत्नमा उर्जा भरिदिने पार्टी विदेश विभाग सचिव कमरेड युवराज चौलागाईंलाई हार्दिक आभारसहित धन्यवाद दिन चाहन्छु ।

यस साम्रगीलाई प्रकाशन गर्न प्रेरित गर्ने लेखनाथ न्यौपाने, रामदिप आचार्य, नेवबहादुर कुँवर, गणेश शाही, तिलकराज भण्डारी, मनहरी तिमिल्सेना, पूर्ण भण्डारी पङ्कज, पत्रकारमित्र नेत्र पन्थी, कभर डिजाइन र सेटिङ्गमा सहयोग गर्ने भीम कुमाखी, भाषा सम्पादनमा सहयोग गर्ने केदार आचार्य, टेकबहादुर चन्द र जनउभार साप्ताहिकका सम्पादक डिल्ली मल्ल, फोटो उपलब्ध गराई गुन लगाउने कमरेड कमला नहर्की, तथा प्रोत्साहन र व्यवस्थापनको लागि रेमन्त रावत, विजय विष्ट, विनोद पुन, लेखराज शाह तथा जीवनसंगीनी अञ्जना सेन मल्लप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु ।

साम्रगीलाई पुस्तकको रूपमा बजारसम्म ल्याइपुऱ्याउन सहयोग गर्ने साझा प्रकाशन गृह र प्रकाशन गृहका अध्यक्ष श्री डोलेन्द्र शर्मालाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

खण्ड  -एक

**स्मृतिमा चीन भ्रमण**

१९

खण्ड  -दुई

**प्रधानमन्त्रीका साथ भारतको राजकीय भ्रमण**

८७

खण्ड  -तीन

**बंगलादेशको राजनीतिक भ्रमण**

१३२

खण्ड  -चार

**श्रीलंकाको शैक्षिक भ्रमण**

१६५

# स्मृतिमा चीन भ्रमण

## १. पूर्वसन्दर्भ

म सिंहदरबारस्थित युवा तथा खेलकुद मन्त्रालयको हाताबाट निस्कदैगर्दा युवराज चौलागाईंको फोनले मेरो ध्यान अन्तै मोड्यो । उनले पार्टीका उपाध्यक्ष तथा विदेश विभाग प्रमुख नारायणकाजी श्रेष्ठ प्रकाशसँग कुरा गर्न भने । 'रमेशजी तपाईंलाई चीन भ्रमणटोलीमा मनोनयन गरिएको छ, अरू कुरा युवराजसँग गर्नुहोला ।' कमरेड प्रकाशको यस अभिव्यक्तिपछि मैले मनोनयनपत्र लिइसकेको कुरा बताएँ ।' 'कहाँबाट पत्र लिनुभयो ? हामी त भर्खर खबर गर्दैछौं ।' आश्चर्यजस्तो थियो उहाँको भाव । मैले भने, 'माधव ढुङ्गेलजीसँग कुराकानी भएको थियो ।' त्यसपछि उहाँले सहभागी धेरै हुने सरकारी टोलीमा भन्दा पार्टीको प्रतिनिधिमण्डलमा जिम्मेवारी पनि हुने भएकाले सोही प्रमण्डलमा जान सुझाएपछि म आठौं प्रतिनिधिमण्डलको सदस्यका रूपमा चीन भ्रमणका लागि मनोनित भएँ ।

केही दिन पहिले मात्र त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान कीर्तिपुरमा नामिबिया र नेपालबीच क्रिकेट खेल चलिरहेका बेला माधव ढुङ्गेलसँग भेट भएको थियो । भेटमा विद्यार्थी आन्दोलन र स्ववियु निर्वाचनका बारेमा पनि छलफल भयो । सोही दिन साँझ माधवजीको फोन आयो, 'तपाईं र वाइसिएल अध्यक्षसँग भेट्नुपर्ने भयो कसरी

भेटौं ? मैले भोलि बिहान सात बजेतिर कौशलटारमा भेट्ने कुरा गरेँ । भोलिपल्ट बिहान हामी तीनजना सोही स्थानमा भेट भयौं । भेटमा राष्ट्रिय युवापरिषद्मा सदस्य नियुक्ति र चीन भ्रमणमा सदस्य पठाउनेबारे छलफल भयो । पहिलो विषयमा वाइसिएलसँग प्रारम्भिक छलफल भइसकेको रहेछ, त्यहाँ पनि कुरा भयो तर टुङ्गो लाग्न सकेन । दोस्रो प्रसङ्ग चीन भ्रमणको थियो । युवाहरूबीचको आपसी अनुभव आदानप्रदान गर्न चीन भ्रमणका लागि मन्त्रालयले विभिन्न युवा सङ्घ-सङ्गठन र संस्थामार्फत प्रतिनिधि छनौंट गरेर मनोनयन गर्ने प्रचलन नै रहेछ र त्यसमध्य केही सङ्ख्या युवापरिषद्लाई प्राप्त भएको कुरा बुझियो । उक्त प्रसङ्गमा तपाईं दुवैजना अध्यक्षहरू चीन भ्रमणमा जाने कि भन्ने माधवजीको प्रस्ताव थियो । वाईसिएल अध्यक्षले आफू पहिले नै चीन भ्रमण गरिसकेको हुनाले अर्कै साथी पठाउने कुरा गर्नुभयो । मैले सङ्गठनका सिनियर साथीहरूसँग कुरा गरें र युवा तथा खेलकुद मन्त्रालयमा पासपोर्ट बुझाएँ । बि.सं. २०७३ बैशाख २२ गते मन्त्रालयबाट नोमिनेसनपत्र पनि प्राप्त भएको थियो । कमरेड प्रकाशसँग कुरा भएपश्चात् मैले मन्त्रालयको नोमिनेसन पत्र फिर्ता गरी पासपोर्ट ल्याएँ र पार्टी कार्यालयमा बुझाएँ । युवा तथा खेलकुद मन्त्रालयको टोलीमा सङ्गठनका वरिष्ठ उपाध्यक्ष नरेन्द्र न्यौपानेको नाम सिफारिस गरिदिएँ । ✪

## २. कमान्डर बलदेव डेलिगेसनको कमान्डर

चिनियाँ कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रिय विभागद्वारा एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) केन्द्रीय समितिलाई १५ सदस्यीय डेलिगेसन टिम (पार्टीको तर्फबाट जाने

आठौं प्रतिनिधिमण्डल) सहित चीन भ्रमणको लागि निम्तो गरेको पत्र अप्रिल १ अर्थात् चैत्र २६, २०७२ मा पठाएको रहेछ । भ्रमणको मिति मे ८-१७, २०१६ अर्थात् बैशाख २६ देखि जेठ ५ गतेसम्म निर्धारण गरिएको रहेछ । भ्रमण टोलीका कमान्डर पार्टी स्थायी समिति सदस्य तथा पूर्व जनमुक्ति सेनाका डेपुटी कमान्डर चक्रपाणि खनाल 'बलदेव' भएको जानकारी प्राप्त भयो । टिमका अन्य सदस्यहरूमा क्रमशः पूर्णकुमारी सुवेदी, प्रकाशहरि पोखरेल, हकिकुल्ला मुसलमान, दिलिपकुमार साह, रमेश कुमार मल्ल, विमला के.सी., सुनिलकुमार पौडेल, युवराज भण्डारी, कमला नहर्की, दुर्गाप्रसाद चापागाईं, ठालुप्रसाद गौतम, लोकबहादुर बोहरा, प्रमिला लामा पुलामी र विशाल शर्मा रहेछौं ।

मे ८ अर्थात् बैशाख २६ गते आइतबारका दिन पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा विदेश विभागको तर्फबाट प्रतिनिधिमण्डललाई आवश्यक निर्देशनको लागि बोलाइयो । राजनीतिक विषयमा विदेश विभाग प्रमुख नारायणकाजी श्रेष्ठले र प्राविधिक विषयमा विदेश विभागका सचिव युवराज चौलागाईंबाट आवश्यक दिशानिर्देशन प्राप्त भयो । टोली कमान्डरबाट टोलीको आवश्यक कार्यविभाजनसहित २७ गते बिहान साढे नौ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेट्ने निर्देशन पाएपछि हामी छुट्टियौं । सोही दिन नेपाल सरकारको नीति तथा कार्यक्रम पेस गर्ने कार्यक्रम थियो । राष्ट्रपतिको सवारीको कारण यातायात अति नै प्रभावित भएको थियो । साथीहरू गोपाल न्यौपाने र दिपेश पुनको सहयोगमा मैले भ्रमणको आवश्यक तयारी गरें ।

केहीदिन यता काठमाडौंमा सरकार परिवर्तनको हल्ला चलिरहेको थियो । काँग्रेसको सहयोगमा अध्यक्ष प्रचण्ड प्रधानमन्त्री हुने चर्चाले राजनीतिक वातावरण तात्दैथियो ।

नयाँ संविधान घोषणापछि देशमा देखिएको असन्तुष्टि र आन्दोलन मूलतः मधेश आन्दोलनलाई सम्वादमा ल्याउन सरकार संवेदनशील नहुनु, आन्तरिक राष्ट्रिय एकतामा गम्भीर सङ्कट पैदा हुँदैजानु, सरकारको नेतृत्व देशको एउटा समुदाय विशेषको प्रतिनिधिको रूपमा देखिनु, शान्ति प्रक्रियाको मर्म र सरकार गठनका बखत गरिएका सातबुँदे प्रतिबद्धताअनुसार माओवादी नेता कार्यकर्तामाथि लगाइएको मुद्दा फिर्ता गर्न सरकारको नेतृत्व गम्भीर नहुनु, सत्य निरूपण तथा मेलमिलाप आयोगमार्फत हेर्ने भनिएका राजनीतिक प्रकृतिका मुद्दा अदालतले एकपछि अर्को फैसला गर्दैजानु र यी फैसलाहरूमा प्रधानमन्त्रीको दलसम्बद्ध कानुन व्यवसायीहरूको प्रत्यक्ष उक्साहट देखिनु, सरकारको नीति, कार्यक्रम र बजेट तयार गर्दा प्रधानमन्त्रीले संयुक्त सरकारका सामान्य सिद्धान्त र मूल्य-मान्यतालाई बेवास्ता गर्नु र राजनीतिक नियुक्तिहरू एकलौटी गर्दैजानु, भूकम्पपछि पुनर्निर्माणका कामले गति लिन नसक्नु आदि कारणले एमाले-माओवादी गठबन्धनमा विश्वासको सङ्कट पैदा हुँदैगएको स्थितिमा देशमा असमन्जसको स्थितिमा थियो ।

पहिलो पार्टी भएर पनि सत्ताबाहिर रहेको काँग्रेसलाई वामपन्थी गठबन्धन तोड्नु थियो । मधेशी दलहरू पनि यो दिन कुरेर बसेका थिए । यता माओवादी पार्टीहरू बीचको एकता पनि चर्चाको चुलीमै थियो । यसैबेला केही दिन अगाडिपछाडिको शेरबहादुर देउवा र कृष्णबहादुर महराको

दिल्ली भ्रमणलाई विश्लेषकहरूले सरकार परिवर्तनको सङ्केत भनेर चर्चा गरिरहेका सन्दर्भमा उत्तरको छिमेकीले यी विषयहरूलाई प्राथमिक चासोका साथ प्रस्तुत गर्ने छ भन्ने सहज अनुमान हामीसँग थियो । चीनको भित्री चाहना महराकै नेतृत्वको भ्रमण होस् भन्ने रहेछ । एकातिर सरकारको नीति, कार्यक्रम र बजेटमा छलफल गर्नुपर्ने र अर्कोतिर सत्ता साझेदार दलहरू बीचको विश्वासको सङ्कटले देखाएको अस्थिर राजनीतिक अवस्था समेतलाई ध्यान दिई पार्टीले सांसदहरूलाई विदेश नजान र काठमाडौं नछोड्न निर्देशन दिएका कारण चक्रपाणि खनाल 'बलदेव' को नेतृत्वमा डेलिगेसन टिम चीन जाने भएको रहेछ ।✪

## ३. हिमालपारिको पहिलो यात्रा

नौ मे अर्थात् बैशाख २७ गते सोमबार बिहान नौ बजे त्रिभुवन विमानस्थलले हाम्रो प्रतीक्षा गरिरहेकोजस्तो लाग्यो । पूर्ण दिदीलाई कुर्नु पर्दाको छटपटी पनि कम्ताको पट्यार लाग्दो थिएन । बिदाइका खादाले बिदाइकै मौन अनुमति दिइरहेका थिए तर हामी थियौँ अलि वाचाल । पार्टी विदेश विभाग सचिव युवराज चौलागाई, अखिल (क्रान्तिकारी) का वरिष्ठ उपाध्यक्ष नरेन्द्र न्यौपाने, उपाध्यक्षद्वय रञ्जीत तामाङ र रूद्र विष्ट तथा केन्द्रीय सदस्य डिबी साउद पनि भ्रमण टोलीलाई बिदाई गर्न विमानस्थलमा उपस्थित थिए ।

चाइना एयरको विमानबाट २:३० बजे हामीले काठमाडौंको आकाशमार्ग समात्यौं । करिब एक घण्टा २० मिनेटको उडान अवधिमा सगरमाथा शिरको छेवैबाट नेपालको

हिमशृङ्खला पार गर्दै, तिब्बतको पठार छिचोल्दै लासा विमानस्थलमा अवतरण भयौं । हिमाली सौन्दर्य र बादलका भुवा दुवै उस्तै आकृतिको रूपमा मेरा दृश्यमा आइरहे । चीनको भूगोलबारे मेरा थुप्रै अनुमान थिए । त्यसमा पनि हिमालपारिको भूगोलबारे थुप्रै जिज्ञासा थिए । केही जिज्ञासा आफै शान्त भइरहेका थिए ।

गुगल नक्सामा देखिएको भूगोल भौतिक रूपमा नियाल्दाको मजा अर्कै हुँदोरहेछ । त्यो रोमाञ्चक यात्रा अहिले पनि मानस्पटलमा ताजै छ । सगरमाथा कटेपछि देखिएका हिमचुचुरा, हिमताल, दलदले मैदान, डरलाग्दा र रहरलाग्दा भूबनोटहरू, अनि पो मैले गुगल तस्बिरहरू सम्झिएँ । नत्र मेरो सहजबुद्धिले त सगरमाथावारि नेपालतर्फको हरियाली पल्लोपट्टि पनि खोजिरहेको थियो । तिब्बतबाट करिब दुई घण्टा आकाशमा उडेपछि सिचुवान प्रान्तको छेन्दु नपुग्दासम्म त हरियाली देख्ने सम्भावना नै रहेनछ । हिउँ फुलेका पहाडको यात्रा । चिनियाँहरू यही विषम प्रकृतिसँग सङ्घर्ष गर्दै हिमनदी र नदीकिनारमा ठूलठूला बस्ती, भौतिक संरचना, खेतीपाती, हरियाली वातावरण निर्माण गर्न सफल भएका रहेछन् । यो क्षेत्रमा सौर्य ऊर्जाको प्रयोग प्रशस्त भएको देखिन्छ । सगरमाथा हुँदै ल्हासा र ल्हासा हुँदैछेन्दु पुग्दा आकाशबाटै देखिने रेलमार्गमा नेपालको सपना कुदिरहेको प्रतीत हुन्थ्यो ।

छेन्दु पुग्दा झिमिक्क साँझ परिसकेको थियो । ल्हासापछि यो हाम्रो दोस्रो ट्रान्जिट थियो । छेन्दु पश्चिम चीनको विशाल शहर रहेछ भन्ने सहज अनुमान लगाउन सकिन्थ्यो । छेन्दु सिचुवान प्रान्तको प्रान्तीय राजधानी पनि रहेछ ।

लगेज रिलोडिङ गर्दै हामी क्वी चो प्रान्तको क्वी याङ्को लागि चाइना साउथर्नको विमानमा चढ्यौं । विमानस्थलमा रमाइलो घटना भयो । हामी सबैले आफ्ना लगेजहरू अगाडि बढायौं र विमानस्थलको इमिग्रेसनतिर प्रवेश गऱ्यौं तर चक्रपाणि खनाल र प्रकाशहरि पोखरेलको नाम विमानस्थलको स्क्रिनमा देखियो र नाम बोलाएको पनि सुनियो । आसन्न सङ्कटको आशङ्काले मेरो मन अधीर थियो । उहाँहरूको भने नामोच्चारणले गर्दा नाक फुलेकै देखिन्थ्यो । इमिग्रेसनमा पुगेपछि थाहा भयो उहाँहरूको लगेजमा राखेको खुकुरी नै उहाँहरूलाई एरपोर्टभर खोज्ने माध्यम भएछ । चीनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागमा सम्पर्क भएपछि हामी स-सम्मान अगाडि जाने ढोका खुल्यो ।

करिब सवा एक घण्टाको रात्रिकालीन यात्रापछि तन र मन क्वी याङ्ग भन्ने ठाउँमा स्थिर गऱ्यौं । क्वी याङ, क्वी चो प्रान्तको राजधानी शहर रहेछ । क्वी याङमा चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागका कमरेडहरू हाम्रो स्वागतको लागि पर्खनुभएको थियो । चेन योया अर्थात् सरला (नेपाली नाम) ले एक वर्ष त्रिवि कीर्तिपुरमा बसेर नेपाली विभागमा नेपाली भाषा अध्ययन गरेकी रहिछन् । उनी चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागअन्तर्गत रहेर अनुवादकको भूमिकामा कार्यरत थिइन् । लिन ताओ चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागका प्रथम सचिव रहेछन् र उनलाई नेपाल-भारतका प्रायःजसो राजनीतिक गतिविधिबारे राम्रो दख्खल रहेछ । चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागअन्तर्गत उपनिर्देशक लिउ साओ चुनसहित तीनजना कमरेडहरूले हामीलाई स्वागत गरे र क्वी चो पार्क होटेलमा

पुऱ्याए । समयले डाँडा काटिसकेको थियो । करिब एक बजेतिर हामी आराम गर्न लाग्यौं ।

हाम्रो भ्रमण टोलीको लागि चीनका दुई प्रान्त र राजधानी शहरलाई छनौट गरिएको हामीलाई जानकारी गराइएको थियो । हाम्रो टोलीलाई ग्रामीण क्षेत्रको विकासको मोडल देखाउन क्वी चो प्रान्त, शहरी विकासको मोडेल हेर्न चाउ सु प्रान्त र राजनीतिक भेटघाटको लागि राजधानी बेइजिङ गरी तीनवटा स्थानमा भ्रमणको कार्यतालिका प्राप्त भएको थियो । मे १० अर्थात् बैशाख २८ गते मङ्गलबारको दिन, हामी भ्रमणको पहिलो स्थान क्वी चोबाट निर्धारित कार्यक्रममा सरिक हुँदैथियौं । क्वी चोमा तीनवटा कार्यक्रम निर्धारण गरिएका थिए । बिहान चुई शहरको अवलोकन भ्रमण, दिवाखानापछि माओथाई डिस्टिलरीको भ्रमण तथा साँझ माओथाई जिल्लामा आयोजित क्वी चो को ११ औं पर्यटकीय महोत्सवमा नयाँ उमङ्ग र उत्साहपूर्वक सहभागी भयौं । ◻

## ४. चुई शहरमा प्रथम पाइला

चीनको सुन्दर चुई सहरमा म पहिलो पाइला टेक्दैथिएँ । मन यसै प्रफुल्ल थियो । हामी बिहान आठ बजे नै होटेलबाट ब्रेकफास्ट गरेर चुई शहर प्रस्थान गऱ्यौं । बाटोमा विशाल ग्रामीण क्षेत्र, उषाकिरणमा बहेको सिरसिरेपवन, कोरिबाटी सिँगारिएझैं देखिने सुन्दर थुम्काहरू, गुलाबी बगैंचा, बागवानी, समशीतोष्ण जलवायुमा हुर्किएका जङ्गल र बुट्यानहरू, एउटै मोडेलका बस्तीहरू, प्रशस्त खाद्यन्न र तरकारीबालीका लहराउँदा खेतीहरू, यी सुन्दर दृश्यहरू नियाल्दै एक घण्टाको यात्रापछि हामी चुई शहर पुग्यौं ।

हामीलाई गाइड गरिरहेका चिनियाँ मित्रहरूले भने, 'यी आर्कषक गाउँबस्तीहरू राष्ट्रपति सी जीङ पीङको योजनाका नमुना गाँउहरू हुन् ।'

चीनको ग्रामीण क्षेत्रमा पनि हाम्रोमा जस्तै समस्याहरू सिर्जना भएका रहेछन् । युवाहरू रोजगारीको खोजीमा शहर पस्ने र गाउँहरू युवा अर्थात् श्रमशक्तिबिहीन बन्दै जाने । यसले उत्पादकत्व मात्र घटेन कि गाउँको विकासमा पूर्णविराम लागेजस्तै भएको रहेछ । पार्टी नेतृत्व पनि गाउँमा नबस्ने अवस्थाले गाउँ राजनैतिक नेतृत्वविहीन बन्न पुग्यो । गाउँहरू वृद्धाश्रममा बदलिए । यो समस्याको समाधान गर्न राष्ट्रपति सीले नमुनागाउँको अवधारणा अगाडि सारेको बुझियो । गाउँको खेतीयोग्य जमिनलाई खेतीपाती, बागबानीलगायतका उत्पादन केन्द्रित योजनामा बदल्नु, गाउँमा कृषिउत्पादनमा आधारित कम्पनी खडा गर्नु, जमिनलाई कम्पनी मातहत ल्याएर कम्पनीको नेतृत्व स्थानीय पार्टी नेतृत्वको जिम्मामा दिनु आदि कारणबाट किसानहरूलाई गाउँमै मजदुरी र रोजगारीको अवस्था सिर्जना हुन थालेको रहेछ । यसले जग्गाको उत्पादकत्व बढेर किसानले गाउँमै रोजगारी पाएकाले बालबालिका अभिभावकबिहीन भएनछन् । विकास गाउँसम्म पुग्न थालेछ । राजनीतिक नेतृत्व गाउँमा रहन थालेपछि लगानी र अवसरहरू गाउँमा केन्द्रित हुनथालेछन् । गाउँमा घरनिर्माण र कम्पनीनिर्माणका लागि सरकारले अनुदानको व्यवस्था गरिदिएछ र यो नीति लागू गरेपछि अहिले चीनका गाउँहरूको अनुहार फेरिँदै गएको रहेछ । गाउँमा विकासको लहर शुरू भएको रहेछ । जनता खुसी र सुखी हुन थालेका रहेछन् । हामीलाई साथीहरूले यी विषयहरूको वृत्तान्त जीवन्त रूपमा सुनाउँदै गर्दा हामी

आफ्नो देशको स्थिति सम्झँदैथियौं । हाम्रो देश जहाँ लाखौँ युवाहरू रोजगारीको खोजीमा खाडीमा भाँसिएका छन् । गाउँहरू वृद्धाश्रममा बदलिएका छन् । बालबालिकाहरू अभिभावकविहीन छन् । देश रेमिट्यान्सको भरमा बाँचिरहेको छ । ग्रामीण क्षेत्रदेखि तराई मधेसका फाँटसम्म खेतीयोग्य जमिन बन्जर बन्दै गएको छ । उद्योग कलकारखाना दलालहरूको निशानामा परेर परमधाम भएका छन् । गाउँमा जीवन छैन । गाउँमा जीवन फर्काउने शिक्षा हामीले कुइचोबाट लिन सक्छौँ । अपरान्ह मैले यात्रारत साथीहरू सचिन, विमला लगायतका साथीहरूसँग यो विषयमका छलफल गरेँ ।

हामी चुई शहरमा पुग्यौं । दुलहीझैं सिँगारिएको छ चुई शहर । यो सुन्दरता कृत्रिम हो या प्राकृतिक ? यो बाह्रैमास हो या केही समयका लागि ? मेरा मनमा प्रश्नहरू खडा भए । सरलाजीले विस्तारमा भनेपछि थाहा भयो कि चीनले ग्रामीण क्षेत्रमा होस् या शहरमा पर्यटन विकासको लागि थुप्रै काम गरेको छ । त्यसमध्ये हर्टिकल्चर र फ्लोरिकल्चर पनि एक महत्त्वपूर्ण व्यवसाय रहेछ । चीनमा क्वी चो प्रान्तलाई ग्रामीण र गरिब प्रान्त मानिदोरहेछ । आखिर धनी र गरिब पनि सापेक्षित कुरा नै रहेछ । चीनका गरिब प्रान्तको स्तरमा पुग्न हामीलाई भने अझ दशकौं लाग्ने कुराको अनुमान गर्दै हामी त्यहाँका विकासका नमुनाहरूतिर आँखा दौडाउन थाल्यौं ।

गाडीबाट झरेर हामी चुई बैठकस्थलमा पुग्यौं । पुरानो शैलीको घर, केही मर्मत गरेको रे । हामी दलानबाट भित्र पस्नेबित्तिकै माओ त्से तुङको कपडा, लालटिन, काठका

पुराना कुर्सी र टेबुलको सेटिङ्ग देखियो । त्यहाँको दृश्य हेर्दा भर्खरै माओ त्से तुङ बैठक सकेर निस्केजस्तो देखिन्थ्यो । कार्यकक्ष र बैठकस्थलको अवलोकनपछि हामी प्रर्दशनीस्थलतिर लाग्यौं । चिनियाँ क्रान्तिको ऐतिहासिक कोसेढुङ्गा बनेको लामो अभियान र प्रतिरोधयुद्ध कालका थुप्रै तस्विर र वृत्तचित्रहरू त्यहाँ राखिएका रहेछन् । कतै मूर्ति बोल्लान् वा हिड्लान्जस्ता जीवन्त देखिन्थे । विकट र विशाल पहाडी भूगोलमा पोजिसन लिएर लडिरहेका जनमुक्ति सेनाका योद्धाहरूको युद्धकौशलको सजीव दृश्यलाई अवलोकन गर्दा पुस्तकमा लेखिएको चिनियाँ प्रतिरोध युद्ध तथा जनयुद्धको जीवन्त अनुभूति गर्न सकिन्थ्यो । हामी आफैं युद्धमोर्चाबाट आएको हुनाले होला हामीलाई त झन रक्तक्रान्तिको जीवन्त अनुभूति भइरहेको थियो । ✪

## ५. लङमार्च र चिनियाँ कम्युनिस्ट पार्टी

सन् १९२५ मा डा. सन यात सेनको निधनपछि कोमिन्ताङ पार्टीको नेता च्याङ काई सेक भएका थिए । उनले डा. सन यात सेनको तीन जनसिद्दान्त (राष्ट्रवाद, प्रजातन्त्र र जनजीविका) र तीन नीति (१. सोभियत रूससँग मेल, २. चिनियाँ कम्युनिस्ट पार्टीसँग सहयोग र ३. किसान मजदुरहरूको आन्दोलनलाई समर्थन) लाई ठाडै अस्वीकृत गरिदिए । उनले युद्धसरदारहरू, विदेशी साम्राज्यवादीहरू, भूमिपतिहरू, सामन्तहरू, पुँजीवादी ठूलाठालुहरूको प्रतिक्रान्तिकारी गठबन्धनमा सामेल भई सन् १९२७ अप्रिलदेखि कम्युनिस्ट क्रान्तिकारीहरूको सफाया अभियान चलाए । उनलाई ब्रिटिस र अमेरिकी सेनाको साथ रह्यो ।

सन् १९२७ देखि सन् १९३३ बीचमा कोमिन्ताङ सेनाले कम्युनिस्ट लालइलाकामा लगातार आक्रमण गरिरह्यो। अमेरिकी, जर्मनी र जापानी साम्राज्यवादीहरू आधुनिक हतियार, हेलिकोप्टर र पैसा लिएर कोमिन्ताङलाई सहयोग गर्न आइपुगे। यता छन त्यु स्यु, वाङ मिङ, ली लि सानलगायत पार्टीका वरिष्ठ नेताहरूले सन् १९२४ देखि पटक–पटक चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्व सम्हाले। उनीहरू मूलतः रसियन अक्टोबर क्रान्तिबाट प्रभावित थिए। उनीहरू चिनियाँ विशेषताअनुसार क्रान्तिको कार्यदिशा, रणनीति र कार्यनीति तयार गर्न असफल भए।

सन् १९३४ को जनबरीसम्म आइपुग्दा च्याङ सी प्रान्तमा रहेको लालआधार इलाका दुस्मनको घेराबन्दीमा पर्‍यो। माओ त्से तुङले नयाँ आधार इलाका निर्माण गरी क्रान्तिलाई अघि बढाउने उपाय सोचेका र लगातारको १२ महिनाको लामो सङ्घर्षपछि लालसेनाले आक्रमणकारीहरूको घेरा तोडेर लामो यात्राको तय गरेको सम्झँदा म रोमाञ्चित थिएँ। माओ त्से तुङले करिब ५० हजार लालसेनालाई साथमा लिएर दुश्मनको कमजोर कडी भएको उत्तरी इलाकाको अभियान शुरू गरेका रहेछन्। माओलाई पार्टीका नेताहरू चाओ एन लाई, चु तेहलगायतले साथ दिएका थिए। सन् १९३४ को अक्टोबरदेखि सन् १९३५ अक्टोबर २० सम्मको यो लामो अभियानमा लालसेनाले ६००० माइल (९६५४ किलोमिटर) लामो यात्रा पार गरेका थिए। दक्षिणको च्याङ सी प्रान्तबाट शुरू भएको उक्त अभियान उत्तरको सान्सी प्रान्तको येनानमा पुगेर टुङ्गिएको वृत्तान्त सुन्दा हामी रोमान्चित थियौं।

चिनियाँ कम्युनिस्ट पार्टीको इतिहास र माओका कार्यशैलीको ऐतिहासिक वृत्तान्त राम्ररी अनुभूत गऱ्यौं । माओ त्से तुङ आफैंले नेतृत्व गरेको यो अभियान पूरा गर्दा ८००० लालसेना बाँकी थियो । यो ऐतिहासिक र कठिनतम यात्रामा लालसेनाले दुश्मनका ठूला-ठूला घेराबन्दी तोड्दै र कैयौं लालइलाकाहरू खडा गर्दै चौबीस वटा नदी, अठार वटा ठूला पर्वत र हिमशृङ्खला पार गऱ्यो । यो अभियानको मुख्य पक्ष भनेको पार्टीको गलत कार्यदिशा सच्याउनु, चिनियाँ विशेषताअनुसारको क्रान्तिको कार्यदिशा तयार गर्नु, आधार इलाका निर्माण गर्दै गाउँदेखि शहर घेर्ने दीर्घकालीन जनयुद्धको सैन्य रणनीतिलाई योजनाबद्ध रूपमा अघि सार्नु तथा पार्टीको नेतृत्वमा माओ त्से तुङलाई स्थापित गर्नु रहेको थियो र सफल पनि भयो ।

यो अभियानमा तीनवटा जनजाति बाहुल्य प्रान्तमा लालसेनालाई राम्रो साथ रह्यो । माओ त्से तुङजस्ता उत्साही, साहसी, दूरदर्शी र दृढनिश्चयी नेतृत्वको कारण यो यात्रा सफल मात्र भएन कि यसले बीस करोड चिनियाँ जनताको माझमा प्रत्यक्ष रूपले राजनीतिक चेतना र क्रान्तिकारी भावनाको विकास गर्न सम्भव तुल्याइदियो । अभियानले चीनको पुरानो शासनव्यवस्था, सैनिक ज्यादती र जापानी आक्रमणको प्रतिरोध गर्न चिनियाँ जनतालाई तयार गऱ्यो ।✪

## ६. चुई शहरमा विस्तारित बैठक

सन् १९३५ अगाडि चुई शहरमा उत्तरबाट याङ्सी नदी पार गरेर हुनसक्ने कम्युनिस्ट आक्रमणलाई रोक्न कोमिन्ताङ सेनाले आफ्नो हेर्डक्वाटर खडा गरी बसेको थियो । चारपटक

लगातारको लडाईंपछि लालसेनाले चुई शहरलाई आफ्नो कब्जामा लियो । यो लडाइँमा थुप्रै लालसेनाको उच्च शहादत भयो । यो स्थानमा लालसेनाका केही जोडी (श्रीमान्-श्रीमती) योद्धाहरूको सँगै शहादत भएको कुरा सरलाले बताउँदै थिइन् । कोमिन्ताङ सेनासँगको भीषण सङ्घर्ष, पार्टी नेतृत्वको वामपन्थी अतिवादी गल्तीको कारण लालसेना क्षत-विक्षत भएको र लम्बेअभियानको कठिनाइका बीचमा कमरेड माओलगायतको युवा नेतृत्वको पहलमा सन् १९३५ को जनबरीमा चुईमा पोलिट्ब्यूरोको विस्तारित बैठकको आयोजना गरिएको रहेछ । यही बैठकले माओलाई पार्टीको नेतृत्वदायी भूमिकामा पुर्‍यायो र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा आमूल परिवर्तन नै ल्यायो । पार्टी नेतृत्वमा चाओ एन लाई, चु तेहलगायतका नयाँ र ऊर्जाशील युवाहरूको टिमलाई ल्याइयो । चुई बैठक चिनियाँ कम्युनिस्ट पार्टीको इतिहासमा वामपन्थी गल्तीलाई सच्च्याउँदै माओले नेतृत्व लिएको एक ऐतिहासिक बैठक थियो । नेपाली लेखकहरूले यो बैठकलाई चुनई बैठक भनेर लेखेको मैले पढेको थिएँ । यो ऐतिहासिक स्थलमा पाइला टेक्न पाउनु र यसको जीवन्त अनुभूति गर्न पाउनु मेरा लागि र टिमका लागि गौरवको विषय थियो । क्वी याङको सांस्कृतिक केन्द्र तथा औद्योगिक शहरको रूपमा रहेको चुई सहरमा सातलाख मानिस बसोवास गर्दा रहेछन् र सिमेन्ट र स्टिलप्लान्ट यहाँको ठूलो औद्योगिक उत्पादन रहेछ ।

चुई बैठकस्थलबाट बाहिरिएर खाना खानका लागि प्रस्थान गर्‍यौं । हाम्रो टोलीसँग इतिहास बोकेको एउटा साँस्कृतिक टिमको साक्षात्कार भयो । रातो तारा अङ्कित लालसेनाको टोपी र पोशाकमा सजिएको उक्त टोलीमा सत्तरी वर्ष

नाघेका आमा-बाबाहरू थिए र ती आफैं क्रान्तिका विम्बजस्तै देखिन्थे । टोलीमा पुरुष सदस्यभन्दा महिला सदस्यको सङ्ख्या अधिक थियो । मुठ्ठी उठाएर लालसलाम भन्यौं । टोलीका सदस्यहरू हामीसँग अङ्गालोमा बाँधिन आए । बूढीआमाले नेपाली भाषामा 'नेपाली छोरा' भनेर अङ्गालो मार्दाको आत्मीयताको वर्णन कसरी गर्नु? नितान्त आफ्नै र आत्मीय लाग्ने यो माहोलले हामीलाई थप उद्वेलित बनायो । यो साँस्कृतिक टिमले कम्युनिस्ट पार्टीका सदस्य हुनुको नाता र त्यसको वर्गीय सम्बन्धको मूल्यबोध गऱ्यो । उनीहरूको गीत-सङ्गीत, महिला वाद्यवादनकर्मीहरूको कौशल हेर्दा हामीलाई यो कला नयाँ पुस्तामा हस्तान्तरण होला कि नहोला भन्ने प्रश्नले भने घेरिरह्यो । दिउँसोको खाना चुईमै लियौं ।✪

## ७. माओथाईका बिम्बहरूमा

खानापछिको यात्रा माओथाई जिल्लाको लागि थियो । माओथाई डिस्टिलरीको प्राङ्गणमा गएर गाडी रोकियो । यो डिस्टिलरीसँग चिनियाँ क्रान्तिको इतिहास जोडिएको रहेछ । लालसेना घाइते र बिरामी परेको बेला घरेलु उपचार पद्धतिका रूपमा माओथाई (घरेलु रक्सी) को प्रयोग भएको रहेछ । उक्त घरेलु रक्सीले शरीर र खुट्टा मालिस गरेपछि घाइते लालसेनाहरू निको भएका रहेछन् । क्रान्तिको सफलतापछि सरकारले जनताको स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै माओथाई डिस्टिलरीको रूपमा उद्योग स्थापना गरेको रहेछ । माओथाई विशाल चीन र विश्वभर नै प्रसिद्ध रहेछ । यो अङ्ग्रेजी रेडलेवलभन्दा पनि महङ्गो र उपयोगी रहेको बुझियो ।

माओथाई डिस्टिलरीमा अधिकांश कामदारहरू महिला थिए । सिङ्गो चीनको कृषि, उद्योग, सेवा (पर्यटन र मौद्रिक) का क्षेत्रमा ८० प्रतिशत महिला कामदार रहेका र कृषि एवम् उद्योग क्षेत्रको कडा काम पुरूषले गरे तापनि सामान्य काममा महिलाहरू नै अगाडि रहेको पनि बुझ्न पाइयो ।

हामी बासस्थान माओथाई होटेलमा पुग्यौं । माओथाई जिल्लाको आर्थिक समृद्धिको आधार नै माओथाई डिस्टिलरी र माओथाई होटेल रहेछन् । जिल्लाका आर्थिक मेरूदण्ड रहेका यी दुई सरकारी कम्पनी एक–अर्काका परिपूरक पनि रहेछन् ।

माओथाईको भू-बनोटको वर्णन सायद सामान्य शब्दमा गर्न सकिँदैन । सुस्त बगिरहेको नदी, सुन्दर बुट्टेदार नदी किनारा, मनोरम दृश्य, यो भू-स्थल पर्यटकलाई मोहनी लाउनकै लागि तयार भएको हुनुपर्छ । स्वर्गको एक टुक्रा यही झरेको हो भन्दा पनि फरक पर्दैन । जति साँझ बढदैछ उति सुन्दरता थपिँदैछ । झकिझकाउ इन्द्रधनुष बिजुली, धर्ती र आकाश नै चम्किरहेको त्यो साँझमा मानिस पनि विभिन्न भेषभूषामा सजिएका इन्द्रधनुषझैं देखिन्थें । विभिन्न अल्पसङ्ख्यक जातिहरूको बसोबासको सङ्गम पनि रहेछ क्वी चो प्रान्त । जनजातिहरूको फरक-फरक कला र संस्कृति क्वी चो को एघारौं पर्यटकीय सम्मेलनका आर्कषण थिए ।

'यो प्रान्तको मूल पर्यटकीय आधार लालपर्यटन (युद्धपर्यटन) हो ।' हामीले यो पनि मीठो जानकारी पायौं । उक्त भव्य पर्यटन महोत्सवको पूर्वसन्ध्यामा चिनियाँ कम्युनिस्ट पार्टी

क्वी चो प्रान्तीय समितिका प्रमुखसँग हाम्रो टोलीप्रमुख कमरेड बलदेवको द्विपक्षीय भेटवार्ता भयो । उनको तर्फबाट पाहुनाहरूको स्वागतमा भव्य खानपिनको आयोजना गरियो । त्यहाँ प्रान्तका पार्टी प्रमुखले सम्मेलन सफलताको शुभकामना दिए । सामूहिक रूपले माओथाईको रमरम स्वाद लिन पनि भ्याइयो । धेरैजसो टोली सदस्यहरूका लागि यो पहिलो स्वाद थियो ।✪

## ८. क्वी चो प्रान्तमा पर्यटकीय सम्मेलन

हामी पर्यटकीय सम्मेलनस्थलमा पुग्यौं । सबै अतिथिहरूलाई अगाडिको पङ्क्तिमा नामप्लेटसहित राखिएको रहेछ । आ-आफ्नो स्थानग्रहण गर्‍यौं । चिनियाँ भाषाका मन्तव्यलाई अङ्ग्रेजीमा अनुवाद गर्नका लागि प्रत्येक सिटमा एयरफोनको व्यवस्था पनि गरिएको रहेछ ।

महोत्सव शुरू भएपछि थाहा भयो लालपर्यटनको अर्थ । मोर्चा सम्हालिरहेका लालसेनाका वीरताका बिम्ब, विजय र पराजयका कलात्मक दृश्य हेर्दै जाँदा यति भावुक र उद्वेलित तुल्यायो कि उक्त कार्यक्रमले जनयुद्धका प्रत्यक्ष मोर्चाहरूको याद दिलायो । युद्धमोर्चामा सहयोद्धा गुमाएको पीडालाई एकपटक पुनःर्ताजगी गराइदियो । कोही पनि सम्हालिएर रहन सकेनौं । सबैको आँखाबाट मानौं साउन बर्सिरहेको थियो । महोत्सवमा विभिन्न जनजातिहरूका साँस्कृतिक प्रस्तुति, उच्चतम प्रविधिको प्रयोगमार्फत् आकाशबाट सुन्दरीहरू धर्तीमा प्रवेश गरेका दृश्यहरूको सजीव प्रस्तुति, रातमा पनि ड्रोन क्यामेराको प्रयोग तथा मान्छे मात्र होइन प्रकृतिका हरेक चिज नाचिरहेका छन्

भन्ने सन्देशसहित नदीको पानीलाई पनि नचाएको दृश्य आदिले चिनियाँ कला, संस्कृतिसँग विकसित प्रविधिप्रयोगको प्रत्यक्ष अनुभव बटुल्ने अवसर क्वी चोमा प्राप्त भयो। ✪

११ मे अर्थात् बैशाख २९ गते बुधबार बिहान माओथाईको आकाशको दृश्यावलोकन गर्दै होटलको बगैंचामा प्रातःभ्रमण गरियो । हल्का चियाखाजापश्चात् माओथाई होटेलबाट बिदाई भयौं र खानाको लागि क्वी याङ एयरपोर्टमा पुग्यौं । हामीसँग क्वी चो प्रान्तका कमरेडहरूसँगै थिए । क्वी चो प्रान्तका विदेश विभागका उपप्रमुख श्यु श्यु एफान एयरपोर्टमा बिदाई गर्न आईन । एयरपोर्टको अतिविशिष्ट कक्षमा केही समयको वार्तालाप र उपहार आदान-प्रदानपछि क्वी चोलाई बिदाइका हात हल्लाउँदै भीमकाय विमानभित्र छिरीयो ।✪

## ९. चाउ सु प्रान्तमा

क्वी याङबाट चाइना साउर्थनको विमानमा नानजिङको लागि उड्यौं । पहाड, नदी, फाँट, शहर पार गर्दै यात्रा अगाडि बढ्यो । विमानबाट थुप्रै डाँडा र थुम्काहरूमा हावाबाट बिजुली निकालेका ठाउँहरू देखिन्थे । करिब दुई घण्टाको उडानपछि नानजिङ विमानस्थलमा अवतरण भयौं । चिनियाँ समयअनुसार २:४० बजे क्वी याङबाट उडेको विमान ४:४० मा नानजिङ विमानस्थलमा अवतरण भयो । लगेजसहित नानजिङ ग्रान्ड होटेलमा पुग्दा अपरान्ह भइसकेको थियो ।

साँझको खानाको लागि होटेलको रेस्टुराँमा छिर्‍यौं । हामीसँगै एउटै टेबुलमा चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागमा

कार्यरत कमरेडहरू पनि खानामा सहभागी हुँदा रमाइलो भइरहेको थियो । सरला र लिन ताओले प्रश्नमाथि प्रश्न गर्दैगए । उनीहरूले अघिल्लो साता काठमाडौंमा चलेको सरकार परिवर्तनको हल्ला, कृष्णबहादुर महरा र शेरबहादुर देउवाको भारत भ्रमण, बादलसँगको पार्टी एकतालगायतका विषयलाई शृङ्खलाबद्ध राजनीतिक परिदृश्यका रूपमा प्रस्तुत गर्दैगए । हामीले पनि संयुक्त सरकार सञ्चालनमा रहेका जटिलता तथा नेपालको आन्तरिक राजनीतिक व्यवस्थापनसम्बन्धी धारणाहरू पेस गर्‍यौं । करिब दुई घण्टा लामो छलफलपछि भोलि बिहानका दुई कार्यक्रमको जानकारीसहित बिदा भयौं । ✪

## १०. गणतन्त्र, सन यात सेन र नानजिङ

मे १२, २०१६ अर्थात् २०७३ बैशाख ३० बिहिबार बिहानको चियाखाजापछि कार्यसूचीमा चिनियाँ एक्स पो अवलोकन र कन्फुसियस मन्दिरक्षेत्रको भ्रमण थियो । टोली गाडी चढेर अगाडि बढ्यो । नानजिङ शहरको बीच सडकमा एउटा अग्लो सालिक देखियो । यो सालिक डा. सन यात सेनको रहेछ । नानजिङ मञ्चु वंशको पुरानो शासकीय केन्द्र, उतिखेर कोमिन्ताङको पकड क्षेत्र र चीनको पुरानो राजधानी रहेछ । कोमिन्ताङको नेतृत्वमा चीनमा छिङ राजवंशका विरूद्ध निर्णायक सङ्घर्ष हुँदा डा. सन यात सेनले कोमिन्ताङ पार्टीको नेतृत्व गरेर सन २०११ मा गणतन्त्र चीनका प्रथम राष्ट्राध्यक्ष भएर नानजिङबाटै अस्थायी रूपमा राष्ट्राध्यक्ष पदभार ग्रहण गरी राज्यसञ्चालन गरेका कुरा चिनियाँ कमरेडहरूमार्फत उत्सुकताका साथ सुनिरहेका थियौं । डा. सन यात सेनलाई चिनियाँ कम्युनिस्ट पार्टीले सम्मान गर्छ

भन्ने कुरा उहाँको सालिकको उपस्थितिले नै बताइरहेको थियो ।

राजतन्त्रका विरूद्ध सङ्घर्षको नेतृत्व गरेका डा. सन यात सेनलाई लामो समय राष्ट्राध्यक्ष टिक्न दिइएन । रूसी जारशाही, जर्मनी र जापानी आक्रमणकारीको साम्राज्यवादी अभियान र देशभित्रका पुनरूत्थानवादीहरूको घेराबन्दीमा परेका कारण डा. सन यात सेनले राजीनामा दिन बाध्य हुनुपर्‍यो । युयान सिकाईजस्तो प्रतिक्रान्तिकारी षड्यन्त्रकारी गणतन्त्र चीनको राष्ट्रपति बन्न पुग्यो । उसले विदेशी आक्रमणकारीको सहयोग लिएर आफैंलाई बादशाह घोषणा गर्‍यो ।

सन् १९१७ मा रूसको अक्टोबर समाजवादी क्रान्ति सफल भएपश्चात् सोभियत रूसले रूसी कब्जामा रहेका चिनियाँ भू-भाग फिर्ता गर्नेदेखि सबै असमान सम्झौताहरू खारेज गर्नेसम्मका ५ बुँदे घोषणा सार्वजनिक गर्‍यो । जसले चीनमा जन्मदैगरेको क्रान्तिकारी उभारलाई मलजल गर्‍यो । बेइजिङ विश्वविद्यालयबाट शुरू भएको सन् १९१९ मे ४ को ऐतिहासिक विद्रोह विशाल चीनभर फैलियो । यही भावभूमिमा चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना भयो । डा. सन यात सेनले सोभियत रूस र कम्युनिस्ट पार्टीसँग सहकार्यको नीति अवलम्बन गरे । डा. सन यात सेन नेतृत्वको कोमिन्ताङले गोञ्जाओमा स्थापना गरेको क्रान्तिकारी सरकार सन् १९२२ अगस्टमा असफल भएपछि उनी साङ्घाईमा शरण लिन पुगे । सोभियत रूस र कम्युनिस्ट पार्टी उनलाई सहयोग गर्न चाहन्थे । उनले यही मौका छोपी सेप्टेम्बरमा पार्टीको बैठक बोलाए । बैठकमा कम्युनिस्ट पार्टीका सदस्यहरू

पनि सहभागी भए । उनले तत्कालै कम्युनिस्ट व्यवस्था स्थापना गर्न कठिन हुने हुनाले वैदेशिक प्रतिक्रियावादका विरूद्ध लड्न र देशलाई स्वाधीन बनाउन कोमिन्ताङ–कम्युनिस्ट संयुक्त मोर्चाको प्रस्ताव पेश गरे र पारित गराए ।

सन् १९२५ मार्च २५ मा डा. सन यात सेनको मृत्यु भयो । उनले मृत्युसैयाबाट सन्देश पठाएका थिए रे, 'मैले चालीस वर्षसम्म निरन्तर चिनियाँ जनताको मुक्तिका लागि सङ्घर्ष गरें । जबसम्म आमचिनियाँ जनताको बीचमा राजनीतिक चेतना जागृत हुनेछैन, त्यसबेलासम्म हाम्रो क्रान्तिकारी अभियान सफल हुनेछैन । यसका लागि सबै दल, सङ्गठन र जनता मिलेर सङ्घर्ष गर्नुपर्नेछ । मलाई आशा छ, सोभियत सरकारले पनि यसमा साथ दिनेछ । एकदिन स्वतन्त्र चीन विश्वमा एक महान् राष्ट्र बनेर निस्किने छ ।' तर, डा. सन यात सेनको मृत्युपश्चात् कोमिन्ताङको नेतृत्वमा आएको च्याङ काई सेकले कम्युनिस्ट पार्टीसँगको संयुक्त मोर्चालाई तोडी चीन र चिनियाँ जनताका दुश्मनसँग मोर्चा निर्माण गऱ्यो ।

अबको हाम्रो यात्रा चिनियाँ एक्स्पोतिर थियो । करिब पन्ध्र मिनेटको यात्रापछि चिनियाँ एक्स्पो स्थलमा पुग्यौं । म्युजियममा मिन वंशको बेलाका भाँडाकुँडा र औजारहरू, पत्थर र धातुका गहनाहरू, राजाको समाधिमा राख्ने बहुमूल्य धातुको विशेष पोषाक, पौराणिक धर्मगुरूहरूका मूर्ति, पौराणिक चित्रकला तथा डा. सनयात सेनको पालामा प्रयोगमा ल्याएका गाडी तथा रेल इन्जिनको पनि अवलोकन गरियो ।

एक्सपोको अध्ययनपछि कन्फुसियस मन्दिर एरियामा पुग्यौं । मेरा लागि कन्फुसियस माओका रचनाहरूमा सुनेको र पढेको नाम थियो । उनी परम्परागत-आध्यात्मिक चिनियाँ दार्शनिक हुन् । तर प्रत्यक्ष रूपमा कन्फुसियस मन्दिरको अवलोकन गर्दा तत्कालीन चीनको परिकल्पना गर्न सकिन्थ्यो । नेपालमा पनि काठमाडौं विश्वविद्यालयले चिनियाँ विश्वविद्यालयसँगको सहकार्यमा कन्फुसियस चिनियाँ भाषा अध्ययन केन्द्र स्थापना गरेको छ ।

नानजिङ शहरमा असी लाख जनसङ्ख्या रहेछ । यो चिनियाँ लालक्रान्तिस्थल रहेछ । नानजिङमा कोमिन्ताङ प्रतिक्रियावादी विरूद्ध मात्र हैन जापानी साम्राज्यवाद विरूद्धको प्रतिरोध युद्धमा हजारौं योद्धाहरूले शहादत प्राप्त गरेका रहेछन् । अहिले शहरको औद्योगिक आधार बलियो रहेछ । गाडी उद्योगलगायत थुप्रै औद्योगिक कम्पनीहरू यस शहरमा रहेछन् । यसलाई धनीहरूको शहर भनिदोरहेछ । सिपिसी नानजिङ पार्टीका विदेश विभागका डेपुटी डाइरेक्टर सी यओ भन्दैथिए । उनले चिनियाँ कम्युनिस्ट पार्टीको सङ्गठनात्मक संरचना, नेतृत्व प्रणाली र सरकार तथा पार्टीबीचको सम्बन्धबारे थुप्रै विषयवस्तुको जानकारी गराए । नानजिङको प्रशासनिक क्षेत्रमा कमरेड सी यओलगायत नानजिङ महानगरका कमरेडहरूसँग दिउँसोको खाना लिएर होटेल फर्किएका हामी चिनियाँ समयअनुसार १:५० बजे नानजिङ छोडेर ह्वयाङको लागि प्रस्थान गर्‍यौं ।✪

## १२. याङसी पारि चाओको शहर

नानजीङबाट ह्वयाङ जाँदा बीचमा याङ्सी नदी पर्दोरहेछ । याङ्सी नदीको लडाइँमा अभिव्यक्त भएको वीरता र वलिदानका गाथा नेपाली पुस्तकहरूमा पनि पढिएको थियो । याङसी नदी देख्ने, लालसेनाको वीरता र वलिदानप्रति श्रद्धासुमन व्यक्त गर्ने अवसरचाहिँ यो भ्रमणमा मिल्न गयो । नदीको विशाल फैलावट, काठका टुक्रा जोडेर बनाइएका डुङ्गा र फलामे डोरीको सहारामा लामो दुरी पार गर्दैगर्दा कोमिन्ताङ सेनाको मेसिन गनसँग लडिरहेका लालसेनाको बिम्ब अगाडि आयो । क्रान्तिकालमा रक्तनदीको रूपमा प्रवाहित याङ्सी नदीमा शहीद हुने चिनियाँ जनमुक्ति सेनालाई आत्मैदेखि सम्मान गर्दै ह्वयाङको यात्रा तय गर्‍यौं । नानजिङ र ह्वयाङ दुवै शहर चाउ शु प्रान्तमा पर्दोरहेछन् । यात्राका क्रममा लिन ताओले चिनियाँ राजनीतिक व्यवस्थाका बारेमा हाम्रा जिज्ञासा मेटाउने प्रयास गरे । उनका अनुसार,

१. चिनियाँ राजनीतिक व्यवस्था चिनियाँ कम्युनिस्ट पार्टी नेतृत्वको बहुप्रजातान्त्रिक व्यवस्था हो । जुन कुरा चिनियाँ संविधानमा नै उल्लेख गरिएको छ ।
२. हाल चीनमा नौओटा प्रजातान्त्रिक पार्टीहरू रहेका छन् ।
३. चिनियाँ राष्ट्रिय जनकाँग्रेस जनप्रतिनिधिमूलक संस्था हो । जनकाँग्रेसको निर्माण राष्ट्रिय जनकाँग्रेसको स्थायी समितिले गर्दछ । राष्ट्रिय जनकाँग्रेसको सङ्ख्या २९२४ जनाको रहेको छ ।
४. चीनमा अल्पसङ्ख्यक जातिहरूका लागि जातीय स्वशासनको नीति लागू गरिएको छ ।

यी सबै क्षेत्रमा चिनियाँ कम्युनिस्ट पार्टीले नेतृत्व गर्दछ । "दुनियाँले भनेको प्रजातन्त्रको मोडेलभन्दा चिनियाँ विशेषतासहितको प्रजातान्त्रिक मोडेल भिन्न खालको छ । यो विशाल चीनको एकता र स्थायित्वका लागि महत्त्वपूर्ण कुरा हो ।" उनको कथन थियो ।

उनले पार्टी संरचनाबारे पनि केही बताए: 'पार्टीको केन्द्रीय समिति सर्वोच्च निकाय हो । केन्द्रीय समितिको पाँच वर्षमा निर्वाचन हुन्छ । यसको सङ्ख्या दुई सय पाँच जनाको छ भने केन्द्रीय समितिका वैकल्पिक सदस्यहरूको सङ्ख्या १७२ रहेको छ । हरेक वर्ष केन्द्रीय समितिको पूर्णबैठक बस्ने गर्दछ । स्थायी समिति र राजनीतिक ब्यूरो केन्द्रीय समितिले बनाउँछ । जसको सङ्ख्या क्रमसः ७ जना र २५ जनाको रहेको छ । स्थायी समितिका सबै नेता पार्टीका प्रमुख नेताहरू हुन् । यसलाई सामूहिक नेतृत्व प्रणाली पनि भनिन्छ । पार्टीमा पार्टी शाखा, जनकाँग्रेस, सरकार (मन्त्रिपरिषद् र राज्यपरिषद्), राजनीतिक परामर्श समिति, अदालत, जनमुक्ति सेना गरी छ ओटा शाखाहरू छन् ।'

उनीसँग छलफल गर्दै ह्वयाङ पुगेको पत्तो भएन । माओका अनन्य मित्र तथा नयाँ जनवादी गणतन्त्र चीनका प्रथम प्रधानमन्त्री चाओ एन लाई जन्मेको सुन्दर शहर ह्वयाङ पुग्नु मेरा लागि गौरवको विषय थियो । यो चीनको आधुनिक नमुना शहर रहेछ । सुन्दर दृश्य, सफा र स्वच्छ वातावरण, पर्यटकीय केन्द्र, आर्थिक तथा साँस्कृतिक केन्द्रको रूपमा चीनको उत्तर र दक्षिणी दुबै क्षेत्रमा फैलिएको रहेछ । यसको क्षेत्रफल १०,१०० वर्ग किलोमिटर रहेछ भने

जनसङ्ख्या ५,६०२ मिलियन रहेछ । यो चारवटा काउन्टिको प्रशासकीय केन्द्र रहेछ । हामीलाई न्यु सेन्चुरी ग्रान्ड होटेलमा पुऱ्याइयो । आधा घण्टाको समय दिएर आ–आफ्नो रूममा पुगेर औपचारिक कार्यक्रमको लागि तयारी हुन भनियो । सोही होटेलको मिटिङहलमा कार्यक्रम राखिएको रहेछ । यो प्रतिनिधिमण्डल स्तरको पहिलो औपचारिक बैठक थियो । ह्वयाङ नगरसमितिका पार्टी सचिव तथा ह्व याङ नगर जनकाँग्रेस स्थायी समितिका अध्यक्ष याओ स्याओतुङको नेतृत्वको नौ जना, चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागका तीनजना र बलदेव नेतृत्वको १५ जनाको हाम्रो डेलिगेसन टिमको बीचमा भेटवार्ता शुरू भयो । कमरेडहरूले नगरको वस्तुस्थिति, पार्टी र सरकारको गतिविधिको जानकारीसहित नेपालको बारेमा पनि विभिन्न जिज्ञासा राख्नुभयो । हाम्रो टिमको तर्फबाट नेपालको राजनीतिक परिवेश, सरकारको अवस्था र पार्टी जीवनका विषयमा टोलीनेता बलदेवले विषय राख्नुभयो ।

बैठक सकिएपछि सोही होटेलमा आयोजना गरिएको रात्रिभोजमा सरिक भयौं । याओ ज्यादै खुला मिजासका रहेछन् । स्थानीय पार्टी र हाम्रो डेलिगेसन टिम बीचको मित्रताको लागि उनले सबै टोली सदस्यलाई पालैपालो माओथाई आस्वादन गराए । हार्दिक एवम् मित्रवत वातावरणमा छलफल र फोटोसेसन पनि गरियो । चिनियाँहरूका बारेमा रहेका पूराना बुझाईहरू भङ्ग भए । उनीहरू खुल्दैनन् भन्ने विषय पनि पछि परिसकेको थियो ।
काठमाडौंबाट हिडेपछि घरपरिवार र सङ्गठनका साथीहरूसँग सम्पर्क भयो र नेपालको राजनीतिक वातावरण बुझ्ने

मौका मिल्यो । फेसबुक चल्दो रहेनछ । म्यासेन्जरमार्फत् सम्पर्क गर्न भने सफल भइयो । चीनमा वि च्याटको प्रयोग सबभन्दा भरपर्दो रहेछ तर हाम्रो कनेक्टिभिटीमा यो सञ्जालको त्यति प्रयोग नहुने भएकोले समस्या पैदा भयो ।✪

## १३. चाओ एन लाईको जन्मस्थलमा

१३ मे २०१६ अर्थात् २०६३ बैशाख ३१ गते शुक्रबारको दिन हाम्रो मुख्य कार्यसूचीमा थियो चाओ एन लाईको जन्मथलोको अवलोकन र पार्टी स्कुलको अध्ययन भ्रमण गर्ने । चाओ एन लाईको जन्मस्थलमा जाँदैगर्दा बसमा सरलाले केही विषयहरू प्रस्तुत गरिन् । 'चीनमा दुई पढ्ने र एक गर्ने भनाई प्रसिद्ध छ । दुई पढ्ने भनेको चिनियाँ कम्युनिस्ट पार्टीको विधान र पार्टी महासचिव तथा राष्ट्रपति सी जीन पीङको सम्बोधन (विचार) पढ्ने हो । र, एक गर्ने भनेको जनताको सेवा गर्ने हो । पार्टीको काम भनेको जनताको सेवा गर्ने हो ।' आहा ! यो कति राम्रो बुझाइ, समझदारी र स्कुल थियो । ह्वयाङ पार्टी समितिका विदेश विभागका प्रमुख हु क्वीनले आफूलाई जस्तोसुकै कठिनाइ किन नहोस जनताको सेवा गर्नु चिनियाँ कम्युनिस्ट पार्टीका सदस्यहरूको जिम्मेवारी हो भन्ने कुरा बताए ।✪

## म्युजियम बनेको चाओ एन लाईको घर

चिनियाँ समयअनुसार ९:४५ बजे बिहान जनवादी गणतन्त्र चीनका प्रथम प्रधानमन्त्री चाओ एन लाईको जन्मस्थलमा पुगिसकेका थियौं । उनी सन् १८९८ मार्च ५ मा जन्मेका

रहेछन् । उनको परिवार बाबाहरूकै पालामा चो चाङ प्रान्तको साउ सिङ गाउँबाट बसाइसराइ गरी आएको रहेछ । उनी धनी परिवारमा जन्मिएका रहेछन् । घरको व्यवस्थापनको पक्षलाई केलाएर हेर्दा नै यो कुरा पुष्टि हुन्थ्यो । फराकिलो जमिनमा उभिएको ३६ वटा कोठा भएको एकतले घरमा परिवारका सबै सदस्यलाई अलग-अलग कोठाको व्यवस्था गरिएको रहेछ । अहिले उनको घरमा उनको सालिक तथा जीवनका महत्त्वपूर्ण झाँकीहरूका तस्विरहरू राखिएका रहेछन् । बगैंचामा एक सय वर्ष पुराना दुईवटा ठूला रूखहरू थिए । चाओले मनपराउने अरू केही रूखहरू बगैंचामा चाओको स्मृतिबिम्बका रूपमा जीवितै रहेछन् । चाओले आफू जन्मेको यो घर स्थानीय जनताको जिम्मामा छोडेर हिँडेका रहेछन् । लामो समय सर्वसाधारणको जिम्मामा रहेको यो घर चाओको निधनपछि स्थानीय जनताले यसमा उनको सम्झनामा म्युजियम बनाउने प्रस्तावसहित स्थानीय पार्टी र सरकारको जिम्मामा सुम्पेका रहेछन् । हाल यो म्युजियमको अवलोकन गर्न संसारभरका राजनीतिज्ञहरू, कम्युनिस्टहरू र अन्य मानिसहरू आउँदा रहेछन् । यस म्युजियमको मूलढोकामा चाओको स्मृतिमा देङ स्याओ पीङले लेखेको बोर्ड राखिएको थियो ।✪

## स्मृतिस्थलमा चाओप्रति श्रद्धाञ्जली

मलाई एउटा विशाल एवम् भव्य बगैंचामा प्रवेश गरेको भान भयो । बीचमा ठूलो पोखरी, चारैतिर बगैंचा र बीचमा मन्दिर जस्तो स्मृतिभवन । यो रहेछ चाओको स्मृतिस्थल । यो स्थल चारलाख वर्गमिटर जमिनमा फैलिएको रहेछ ।

पोखरी बीचको भवन २६ मिटर अग्लो रहेछ। चाओ एन लाईको २६ वर्षे प्रधानमन्त्रित्वकाललाई यसले बिम्बित गर्दोरहेछ। स्मृति भवनअगाडि सामूहिक फोटोसेसन गरी लामबद्ध भएर स्मृतिभवनमा प्रवेश गऱ्यौं। चाओको सालिकमा पुष्पगुच्छासहित श्रद्धाञ्जली अर्पण गरी बेइजिङको प्रधानमन्त्री कार्यालयको नमुना कार्यालयको अवलोकन पनि गरियो। अवलोकनको क्रममा उनीबारे राखिएका तस्विर र वृत्तचित्रबाटै जान्न सकिन्थ्यो कि उनी साँच्चै सर्वहारावर्गका महान् नेता हुन्। उनको सादा जीवनशैलीले वर्गनिष्ठालाई अभिव्यक्त गर्दथ्यो। उनी माओका सच्चा आदर्श सारथी थिए। धनी परिवारमा जन्मिएका उनीसँग मरेर जाँदा कुनै पनि निजी सम्पत्ति थिएन। सर्वहारावर्गका नेताको आदर्श जीवनयात्रा अवलोकन हाम्रा लागि पार्टी स्कुल नै बन्न पुग्यो।

च्याङ सी प्रान्तको नानछाङमा भएको लडाइँको दृश्य, चुई सम्मेलनमा माओको नेतृत्व निर्माणको लागि चाओको प्रमुख भूमिका, जापानविरोधी प्रतिरोध युद्धका बेला कोमिन्ताङसँग भएको वार्ता र संयुक्त मोर्चा निर्माण, सन् १९४५ मा जापानी आक्रमणकारीलाई पराजित गरी र वार्ताका लागि नानजिङ प्रस्थान, सन् १९४९ मा जनवादी गणतन्त्र चीनको प्रधानमन्त्री र विदेशमन्त्रीको रूपमा गरेका कामको भिडियो र तस्विरहरू राखिएका थिए। चाओ दिवङ्गत हुँदा जनसाधारण र उनका समकक्षी माओलगायतको शोकसागरलाई हेर्दैजाँदा मलाई पनि सम्हालिन मुस्किल भयो। उनको निधनमा चिनियाँ जनताले सन् १९७६ मा शोकका आँसु झारे तर हामीले भने सन् २०१६ मा दुई थोपा आँसुसहित श्रद्धाञ्जली अपर्ण गऱ्यौं।✪

# केही ऐतिहासिक घटनाहरू

## सियान घटना र संयुक्त मोर्चा

चीनमा जापानी साम्राज्यवादी अत्याचारले सीमा नाघेको बेला 'राष्ट्रवादी' च्याङ काई सेक भने जापानी आक्रमणप्रति मूकदर्शक भएर कम्युनिस्टहरू सिध्याउने अभियानमा लागिरहेका थिए । ठिक यसैबेला सन् १९३६ अगस्त १ मा चिनियाँ लालसेनाले एक श्वेतपत्रमार्फत् जापानी आक्रमणकारी विरूद्ध विद्रोह गर्न र राष्ट्रिय मुक्तिका लागि एक हुन चिनियाँ देशभक्त जनताका नाममा अपिल गऱ्यो ।

बेइजिङमा विश्वविद्यालयका विद्यार्थीहरू सडकमा निस्किए । जनताको विद्रोहले देशव्यापी रूप लियो । त्यसैबेला चीनको उत्तरपूर्व र पश्चिमी प्रान्तका प्रशासक र सैन्य जनरलहरूलाई निर्देशन गर्न च्याङ काई सेक सियान पुगे । राष्ट्रिय सेनाका जनरलहरूले उनलाई आफ्नो नीति परिवर्तन गर्न सल्लाह दिए । सियानका विद्यार्थीहरू सडकमा निस्किए तर च्याङ काइ सेकले उल्टो विद्रोहलाई दमन गर्न आदेश दिए । सैनिक जनरलहरूले च्याङ काइ सेकलाई नै बन्दी बनाए । उनलाई जापानी साम्राज्यवादसँग लड्नका लागि कम्युनिस्टहरूसँग संयुक्त मोर्चा निर्माण गर्न बाध्य बनाए । र, जापानविरूद्धको प्रतिरोध युद्धका लागि कम्युनिस्ट–कोमिन्ताङ संयुक्त मोर्चा निर्माण भयो । सन् १९३६ डिसेम्बर १३ को यो घटना सियान घटनाको नामले चिनिन्छ ।✪

## प्रतिरोध युद्ध, च्याङ काई सेक र सम्झौता वार्ता

सियान घटनापछि च्याङ काइ सेकले कम्युनिस्ट पार्टीलाई राष्ट्रिय पार्टीको मान्यता दिन बाध्य भयो । कम्युनिस्ट–

कोमिन्ताङ संयुक्त घोषणापत्र सार्वजनिक गरियो । नियमित लालसेनालाई आठौं मार्गसेना र मिलिसियालाई नौलो चौथो सेनाको दर्जा प्रदान गरियो । सन् १९३७ देखि सन् १९४५ सम्म जापानविरोधी प्रतिरोधयुद्ध सञ्चालन भयो । दोस्रो विश्वयुद्धमा जापानी साम्राज्यवादको पराजय हुनुमा चिनियाँ जनताको प्रतिरोध पनि एक महत्त्वपूर्ण हिस्सा थियो ।

च्याङ काइ सेक भने सन् १९४० देखि नै जापानी आक्रमणकारीसँग नजिक पुगिसकेको थियो । ऊ जसरी पनि कम्युनिस्ट क्रान्तिकारीहरूलाई चीनबाटै सफाया गर्न चाहन्थ्यो । कम्युनिस्ट पार्टीले राष्ट्रिय सेनाका देशभक्तहरूलाई साथमा लिएर जापानविरूद्धको प्रतिरोध युद्धमा सफलता प्राप्त गऱ्यो । जापानी साम्राज्यवादीहरू चीनबाट लखेटिएलगतै सन् १९४६ को शुरूमै ठूलो धनराशिसहित जल, स्थल र वायुसेनाका साथ अमेरिकी साम्राज्यवाद चीन आइपुग्यो । चीनको मुक्तियुद्धको अन्तिम तयारीको लागि सँगै जाने प्रस्ताव लिएर कम्युनिस्ट पार्टीले च्याङ काई सेकसँग सन् १९४६ जनवरी १० का दिन नानजिङमा अर्को सम्झौता गऱ्यो । उक्त सम्झौता वार्ताको नेतृत्व चाओ एन लाईले गरेका थिए । तर त्यो सम्झौता केही दिनमै भङ्ग भयो । च्याङ काई सेक कम्युनिस्ट संहार गर्ने अमेरिकी साम्राज्यवादको बफादार नोकर बन्न पुग्नु यसैको परिणति थियो ।✪

## राष्ट्रपति भवनमा लालझन्डा

सन् १९४६ पछि अमेरिकी सेनाको सहयोगमा च्याङ काइ सेकले कम्युनिस्ट पार्टीका विरूद्ध युद्धको घोषणा गऱ्यो । चिनियाँ जनमुक्ति सेनाले पनि यसलाई अन्तिम मुक्तियुद्धको

रूपमा प्रतिरोध शुरू गऱ्यो । सन् १९४८ मा येनान फिर्ता लिन सफल जनमुक्ति सेनाले ५२ दिनको सङ्घर्षपश्चात् ४,७०,००० हजार दुश्मन सेनालाई सखाप पारी उत्तरपूर्वी चीन मुक्त गऱ्यो । चाउ सु प्रान्त कोमिन्ताङको दोस्रो ठूलो अखडा थियो । उत्तरी चाउ सु प्रान्तमा पर्ने ह्वयाङमा रहेको च्याङ काई सेकको बलियो किल्लामा जनमुक्ति सेनाले हमला गऱ्यो र च्याङ काई सेकका ५,५०,००० सेनालाई ध्वस्त बनाई याङ सी नदीको उत्तरपूर्वको सम्पूर्ण भागलाई मुक्त गऱ्यो । तत्पश्चात् १० लाखको सङ्ख्यामा रहेको जनमुक्ति सेना दक्षिणतर्फ अघि बढ्यो । २८ घण्टाको लडाइँपश्चात् जनमुक्ति सेनाले बेइजिङ कब्जा गऱ्यो । जुन लडाइँमा जनमुक्ति सेनाले दुश्मन सेनाका ५,२०,००० फौजलाई माटोमा मिलाइदिएको रहेछ र सन् १९४९ अप्रिल २३ मा नानजिङको राष्ट्रपति भवनमा जनमुक्ति सेना झन्डा गाड्न सफल भएको रहेछ । लालक्रान्तिको इलाका भएकोले नै क्वी चो प्रान्तलाई लालपर्यटनको केन्द्र मानिदोरहेछ ।✪

## १४. सय वर्ष पुरानो रेस्टुरेन्टमा दिवाभोज

दिउँसो ह्व याङकै एक जिल्लामा रहेको वीनलु रेस्टुरेन्टमा दिवा खानाको लागि पुग्यौं । यो वस्ती सय वर्ष पुरानो रहेछ । पुरानो रेस्टुरेन्टमा स्थानीय खानाको स्वाद लिने अवसर जुराइयो । चिनियाँ साथीहरूले हाम्रो समस्या बुझिसकेका थिए । स्टिक र सी फुडमा हामी अभ्यस्त हुन सकेका थिएनौं । खाना खाने स्थानमा काँटा चम्चा, भात र साग छुटेको थिएन । शाकाहारीहरूको नामलिस्ट पनि गाडीमै तयार भएर अर्डर हुने भएकोले रेष्टुरेन्टमा पुगेर भन्नुपर्ने अवस्था थिएन । खाना खाँदैगर्दा चिनियाँ कमरेडहरूले चीनले कसरी समृद्धि हासिल गऱ्यो भन्ने

विषयमा प्रष्ट गर्न खोजे । उनीहरूका अनुसार चीनले सन् १९८० को दशकदेखि विदेशी लगानीलाई आकर्षित गरेको रहेछ । लगानी आर्कषण गर्नका लागि भूमि निःशुल्क उपलब्ध गराउनेदेखि लगानी गरेको तीन वर्षसम्म ट्याक्स (कर) फ्री को नीति अवलम्बन गरिएको रहेछ । लगानीकर्ताको पुँजी सुरक्षाको ग्यारेन्टी राज्यले गर्ने अवस्था भएपछि विदेशी पुँजी भित्रिएको रहेछ । यसबाट राज्यले कर प्राप्त गर्‍यो भने जनताले रोजगारी प्राप्त गरे । देशभित्र पूर्वाधार विकासको कामले प्राथमिकता पायो र चीनले आर्थिक क्षेत्रमा प्रगति गर्न सक्यो । प्रगतिको मुख्य आधारचाहिँ राजनीतिक स्थायित्व हो भन्न चिनियाँहरूले कहीँ पनि छुटाउँदैनन् । नेपालले पनि सबभन्दा पहिले राजनीतिक स्थायित्व हासिल गर्नुपर्दछ, उनीहरू सम्झाउँछन् ।✪

## १५. पार्टी स्कुलको अध्ययन

दिउँसो दुई बजे ह्व याङ पार्टी समितिको नेतृत्वमा रहेको पार्टी स्कुलमा पुग्यौं । विशाल भौतिक संरचनाको मूलगेटमा ***एकीकृत नेकपा (माओवादी) को डेलिगेसन टिमका कमरेडहरूलाई हार्दिक स्वागत*** भन्ने डिजिटल ब्यानर राखिएको थियो । भवनभित्रको वालमा पनि सोही वाक्य सजिएको थियो । हामीलाई सबभन्दा पहिले चिनियाँ क्रान्तिका गौरवगाथाहरूसँग साक्षात्कार गराइयो । यो पार्टी स्कुल विभागको एउटा ऐतिहासिक र गौरवपूर्ण पक्ष थियो । भित्तामा राखिएका असल कार्यकर्ता, असल लालसेना, असल नेतृत्व र व्यक्तित्व, तीनका जीवनका झाँकीहरूले स्कुलिङको एउटा शृङ्खला पूरा भएको जस्तो लाग्दथ्यो । क्रान्तिकालीन ती वीरगाथाहरू र तीनका शिक्षा आफैंमा स्कुल थिए ।

चाओ एन लाई आफैंमा एक असल नेता र एक असल कार्यकर्ता पनि हुनुहुन्थ्यो भन्ने कुरा बुझ्न गाह्रो थिएन । तस्विरमा बालक सी जीन पीङ अर्थात् आजको विशाल चीनका शक्तिशाली राष्ट्राध्यक्ष पनि भेटिए । उनी बेइजिङको स्कुले विद्यार्थी हुँदा अध्यक्ष माओको आह्वानमा ग्रामीण क्षेत्रमा गएर जनताको सेवामा लागेका रहेछन् । उनी आफ्नो बाबाको साथमा जनताको सेवामा लागेका तस्विरहरू पनि सजाइएका थिए । सी जीन पीङको बाबाले माओको सेक्रेटरीको रूपमा काम गरेको कुरा पनि त्यहाँ बुझ्न पाइयो ।

ऐतिहासिक स्कुलको गौरवशाली पक्षको अध्ययनपश्चात् स्कुल विभागको कक्षमा आयोजित औपचारिक बैठकमा सामेल भयौं । उक्त बैठकमा स्कुल विभागका प्रमुख प्रोफेसर मिस्टर चेन जियोङको टिमसँग दुईपक्षीय छलफल भयो । प्रोफेसर मिस्टर चेनकाअनुसार यो पार्टी स्कुल सन् १९४० मा स्थापना भएको रहेछ । यस स्कुलमा तीनजना निर्देशक, पाँचजना प्राध्यापक, तीनजना विद्यावारिधि गरेका र २० जना स्नातकोत्तर तह पूरा गरेका उपप्राध्यापक तथा ८८ जना कर्मचारी रहेछन् । स्कुलका १८ वटा विभाग रहेछन् । स्कुलमा एकपटकमा ६०० भन्दा बढी विद्यार्थी अध्ययन गर्नसक्ने अवस्था रहेछ । यस स्कुलको प्रशासनिक भवन सन् १९९३ मा बनेको रहेछ । स्थापनाको पाँच वर्षको अवधिमै यस स्कुलले पार्टी केन्द्रको भावना पक्डेको रहेछ । पार्टी स्कुलले सरकारी कामलाई राम्रो र प्रभावकारी बनाउन पनि मद्दत गरेको रहेछ । यसले उत्तरी चीनका केन्द्रीय शहरहरूलाई राम्रो बनाउन र समृद्ध चीन बनाउने अभियानमा मद्दत गरेको रहेछ । यस स्कुलबाट चिनियाँ कम्युनिस्ट

पार्टीका थुप्रै पदाधिकारीहरू दीक्षित भएको कुरा पनि बुझ्न पाइयो ।

उनका अनुसार पार्टी स्कुलका अध्ययनका विषयवस्तु दर्शनशास्त्र, सामाजिक विज्ञान र अनुसन्धान हुन् । पार्टी स्कुल मार्क्सवाद-लेनिनवाद-माओ त्से तुङ विचारधारा र देङ स्याओपिङ सिद्दान्त पढ्ने, पढाउने महत्त्वपूर्ण स्थान हो । उनका अनुसार पार्टी स्कुलमा पढ्ने विषय र अनुसन्धान गर्ने विषय पार्टीको नेतृत्वमा रहनुपर्दछ । पार्टी स्कुलले पार्टीको राजनीतिक लाइन र केन्द्रीय समितिको नीति अङ्गाल्नुपर्दछ । स्कुलले तथ्यबाट सत्य पत्ता लगाउने, दक्षतालाई साथमा लिने काम गर्दछ ।

पार्टी स्कुलको गुणस्तरलाई प्राथमिकतामा राख्ने काम पार्टी स्कुल विभागले गरेको छ । पार्टीको सिद्दान्त र कार्यशैलीबीच तादाम्यता कायम राख्नु पार्टी स्कुलको महत्त्वपूर्ण काम हो । उनले भने, 'हाम्रो सैद्धान्तिक शिक्षा मार्क्सवादको पाठलाई बनाउनुपर्दछ र चिनियाँ विशेषताअनुसारको राजनीतिक व्यवस्थालाई हामीले आत्मासात् गर्नुपर्दछ ।' पार्टी स्कुलले पुस्तकहरू तयार गरेको रहेछ । मूल्याङ्कनको विधि बनाएको रहेछ । पार्टी पदाधिकारीहरूलाई शिक्षक-शिक्षिका बन्ने कोर्ष बनाइएको रहेछ । हामीले पार्टी स्कुलको प्रसंसा गर्दै पार्टी स्कुलको आदान-प्रदान गर्ने प्रस्तावसहित छलफलमा सक्रिय सहभागिता जनायौं ।✪

## १६. पार्टीका एकाइहरू : श्रम र उत्पादनका प्रेरक

चार बजे ह्व याङ नगरनजिकै रहेको चुई दोको सामुदायिक उप-जिल्लाको भ्रमण गर्‍यौं । पार्टीको इकाई कार्यालयमा पुग्दा स्थानीय पार्टी पदाधिकारीहरूले स्वागत गरे । विशाल हाउजिङको प्रथम तलामा रहेका सेल कार्यालयहरू व्यवस्थित थिए । सेल समितिको नेतृत्वमा आमा समूहले सिलाइ-कटाइ तालिम लिइरहेको रहेछ । घरेलु तथा औषधि उत्पादनलगायतका साना उद्यमी तालिमहरू सेल कमिटीको आयोजनामा सञ्चालित हुँदोरहेछ ।

उप-जिल्लाको कार्यालय अवलोकनमा पुग्दा उप-जिल्लाकी उप-सेक्रेटरीले स्वागत गरिन् । त्यहाँ पनि उत्पादन, निर्माण, हस्तकला, सङ्गीतलगायतका जीवनउपयोगी व्यावसायिक तालिम तथा प्रशिक्षण सञ्चालन हुँदोरहेछ । आमा समूहद्वारा बालबालिकाका लागि तयार गरिएका पुस्तकहरू, डायग्राम र चार्टमा राखिएका पार्टीका सङ्गठनात्मक ढाँचा, कामका शाखाहरूको अवलोकन गरियो ।✪

## १७. ग्रान्ड क्यानलमा जलविहार

चिनियाँहरू साँझ समयमै रात्रिभोज लिने र त्यसपछि घुमफिर, नाचगानसमेत गर्ने देखियो । हिजो बेलुका नगरप्रमुखसहित पार्टीका सबै प्रमुखहरूको आयोजनामा र आजचाहिँ पार्टीका उपप्रमुखको आयोजनामा रात्रिभोज रहेछ । भोजमा योङ कम्युनिस्ट लिग ह्व याङका उपप्रमुख, महिला सङ्गठनका पनि उपप्रमुख, पार्टी स्कुल विभाग र विदेश विभागका उपप्रमुखलगायतको सहभागिता थियो । भोज

सकेर मानवनिर्मित नदीकिनारमा पुगियो । यो क्यानलले शहरलाई बेइजिङसँग जोड्दोरहेछ । हजारौं माइल लामो उक्त ग्रान्ड क्यानल मिनवंशका राजाको पालामा तयार गरिएको रहेछ । रोयल क्यानल डक भनिएको उक्त स्थानको ग्रान्ड क्यानलमा जलविहार गरियो । सोही नदी किनारमा तत्कालीन राजाले रानीको लागि बनाएको काठको गगनचुम्बी मन्दिरमा झिलीमिली बत्ती बलिरहेको थियो । करिब आधाघण्टा नदीमा जलविहार गरेपछि होटेल फर्कियौं र भोलिको बेइजिङ यात्राको प्रतीक्षासहित आराम गर्‍यौं ।✪

१४ मे २०१६ अर्थात् २०७३ जेठ १ गते, (शनिबार) जेठ १ नेपाली विद्यार्थी आन्दोलनको गौरवशाली दिन हो । आफू नेपालमा नभए पनि शिक्षामन्त्री गिरिराजमणि पोखरेलको उपस्थितिमा शैक्षिक ऋणको व्यवस्थासम्बन्धी एक शैक्षिक कार्यक्रमको आयोजना गर्न सङ्गठनका वरिष्ठ उपाध्यक्ष नरेन्द्र न्यौपानेलाई सुझाएर आएको थिएँ । बिहान बलदेव, प्रकाशहरि पोखरेललगायत कमरेडहरूलाई विद्यार्थी एकता दिवसको शुभकामना दिए । विद्यार्थी अध्यक्ष हुनुको नाताले शुभकामना लिएँ पनि । नेपालमा यो शुभकामना सन्देश म्यासेन्जरमार्फत् पठाएँ । नरेन्द्रजीलाई भिडियो कल गरेरै शुभकामना दिएँ । र, हाम्रो टोली ह्व याङका कमरेडहरूसँग न्यानो अङ्कमालसहित मीठो सम्झना बोकेर बिदा भयौं । बिहानको १०:४५ बजे हामी ली सुई विमानस्थल पुग्यौं । ह्व याङ जनसरकारका विदेश विभाग उपप्रमुख सुन सीङ लगायतको टिमले हामीलाई विमानस्थलबाट बिदाइ गर्‍यो र चाइना इस्टर्नको विमानमा हामी बेइजिङ प्रस्थान गर्‍यौं ।✪

## १८. डेलिगेसन बेइजिङ प्रस्थान

विशाल चीनमा २२ प्रान्त, पाँच स्वायत्त क्षेत्र, चार प्रत्यक्ष निर्देशित वा केन्द्रशासित महानगरपालिका, तीनवटा विशेष प्रशासनिक क्षेत्र र एउटा स्वसासित क्षेत्र गरी ३४ वटा राजनीतिक प्रशासनिक केन्द्र/प्रान्त रहेका छन् । बेइजिङ केन्द्र सरकार मातहतको महानगरपालिका हो । विश्वको एक महत्त्वपूर्ण केन्द्रमा पुग्नु हाम्रा लागि गौरवको विषय थियो ।

बेइजिङको आकाशमा बादल थियो । धर्तीमा बाक्लो बर्षा भइरहेको थियो । झन्डै काठमाडौं उपत्यका आकारको बेइजिङ एयरपोर्टमा अवतरण भयौं । बेइजिङमा ६ वटा रिङरोड रहेछन् । आठ लेनका फराकिला सडक । जमिनमुनि, माथि र आकाशे पुल यत्रो सडक सञ्जाल हुँदा पनि ट्राफिक जाम भने केही न केही रहेछ । बढ्दो शहरीकरण र जनताको सुविधाभोगी मानसिकताका कारण शहरमा यो समस्या आइलागेको सरलाले बताउँदै थिइन् । हाल सरकारले गाडी दर्तामा कडाइ गरेको रहेछ । सरला भन्दै थिइन्, 'मैले चार वर्ष पहिलेदेखि दिएको गाडीको निवेदन अझै पर्खाइमै छ ।' पुराना बासिन्दाभन्दा नयाँ आउनेको लागि शहर महङ्गो रहेछ । बाहिरबाट आउनेको लागि शिक्षा, स्वास्थ्य, घर खरिदको लागि अतिरिक्त कर चुक्ता गर्नु परेका कारण निकै महँगो पर्दोरहेछ । सरकारले शहरको वातावरणीय सुन्दरता र दीर्घजीवनको लागि शहरमा भएका उद्योगहरू चाइना ओलम्पिकपूर्व नै अरू स्थानमा पुनःस्थापना गरिसकेको रहेछ ।✪

## १९. अठ्ठाइसतले घुम्ने टावरमा अक्टोपस

बेइजिङको पहिलो दिवाभोज २८ औं तलाको घुम्ने टावरमा रहेछ । लिफ्टको सहारामा २८औं तला पुगेपछि बेइजिङको अवलोकन गर्दै सी फुड अर्थात् समुन्द्री खाना मुखमा हालियो । हाम्रा लागि सी फुडमा अभ्यस्त हुन गाह्रो रहेछ । अक्टोपसको खुट्टा टोक्दा खानामा नयाँ अनुभव भइरहेको थियो । उक्त टावरले पूरै शहर एक फन्को मारिसक्दा हामीले पनि खाना खाइसकेका थियौं । बेइजिङका बाँकी चारवटा रिङरोड पार गरेर हामीलाई वानसाउ होटेलमा पुऱ्याइयो । यस होटेलमा हाम्रो लागि चीन भ्रमणको बाँकी समयको वासस्थान मिलाइएको रहेछ । बेइजिङ ओलम्पिकको बेला यस होटेलले महत्त्वपूर्ण भूमिका पूरा गरेको रहेछ । यो सरकारी कम्पनीअर्न्तगतको भीआईपी होटेल रहेछ । लगेजहरू होटेलमा राखेर प्यासिफिक अन्डर सीको अवलोकनमा निस्कियौं । चिनियाँ सरकारी टेलिभिजन सीसिटिभिको पुरानो टावरमुनि चिनियाँ साथीहरू पाहुनालाई प्रशान्त महासागरको यात्रा नै गराउँदारहेछन् ।

शुरूमा त मैले यो के केटाकेटी घुमाउने स्थानको टिकट काटेको होला भन्ठानेको । कुरा त्यसो रहेनछ, भित्र गएपछि पो थाहा भयो मनोरञ्जनको राज । समुद्री जीवहरू, मूलतः माछाका विभिन्न प्रजातिहरू, हिमाली क्षेत्रमा हिउँमा पाइने पेनगुइन, माछासँग खेलिरहेका ममेट (जलपरी) हरू, समुद्रमा अक्सिजन ब्याग र हतियारसहित सैन्य तालिम लिइरहेका जलसेनाको सानो टुकडी, अनि डल्फिनको मालिकभक्ति र मान्छेप्रेम, विशेष गरी अभिनय, अभिभावक र खेलाडीको रूपमा मान्छेको जस्तै व्यवहार गर्ने डल्फिनको गतिविधि

आदिले रोमाञ्चित र अच्चमित बनायो । मैले डल्फिनको मान्छेप्रेमबारे सुनेको थिएँ । त्यहाँ व्यवहारमै देख्न पाइयो । मैले फो डि, फाइफ डी मुभी (फिल्म) को कुरा सुनेको तर हेरेको थिइनँ । त्यसको अनुभव पनि बेइजिङमै गरियो । हैट ! यो हेर्न मुटु भने बलियो नै हुनुपर्ने रहेछ ।

काठमाडौंबाट हिंडेपछि समूहमा समीक्षा हुन पाएको थिएन । साथीहरूको माग पनि थियो । मैले पनि यसैबारे सोचिरहेको थिएँ । कमरेड बलदेवको फोन आयो । उहाँको कोठामा जम्मा भएर छलफल गर्‍यौं । र, अबका औपचारिक बैठकमा कसरी पेस हुने भन्नेबारे साथीहरूले सुझाव पेस गरे । भोलि बिहान माओ त्से तुङको पार्थीव शरीरसँग साक्षात्कार हुने उत्सुकतासहित बेइजिङको पहिलो दिनलाई बिदा गरियो ।✪

## २०. माओप्रति आस्थाका दुई थोपा : तियानमेन चोकमा

कम्युनिस्ट होस् या गैरकम्युनिस्ट कोही पनि राजनीतिज्ञ चीन भ्रमणमा निस्किएर बेइजिङ पुग्दा तेयनमेन स्क्वायरस्थित माओको समाधिमा पुगेन भने सायद भ्रमण सार्थक भएको ठानिदैन होला । जमर्नी पुगेर हाइगेटमा मार्क्सलाई नभेट्ने, मस्कोमा पुगेर लेनिनसँग साक्षात्कार नहुने र चीन भ्रमणको क्रममा माओ त्से तुङको पार्थीव शरीरमा श्रद्धाञ्जली नगर्ने के को मार्क्सवादी ? हामी त झन माओवादी नै परियो । २० औं शताब्दीमा चिनियाँ सामन्तवादको जरो उखेल्दै विश्व साम्राज्यवादलाई चुनौती दिने सर्वहारावर्गका महान्

नेता, नौलो चीनका निर्माता, नयाँ जनवादी गणतन्त्र चीनका प्रथम राष्ट्राध्यक्ष, चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष तथा जनमुक्ति सेनाका सर्वोच्च कमाण्डर माओ त्से तुङको पार्थिव शरीरसँग साक्षात्कार हुदैछौं भन्ने हर्ष र गर्वले होला आज बिहान सखारै निद्राले छोडेछ ।

मार्क्सवादलाई सही रूपमा बुझ्ने, तत्कालीन विश्वसन्दर्भको व्याख्यासहित तेस्रो विश्व तथा चिनियाँ सन्दर्भमा त्यसलाई मौलिक रूपमा लागू गर्ने सन्दर्भमा मार्क्सवादका तीनवटै अङ्ग दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका क्षेत्रमा माओ त्से तुङले गरेको योगदानलाई मार्क्सवादको तेस्रो र उच्च चरण माओवादको रूपमा विकास हो भन्ने सैद्धान्तिक निर्क्यौलसहित हाम्रो पार्टीले नेपालमा मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रर्दशक सिद्धान्त बनायो । पार्टीको नाम नेकपा (माओवादी) राख्यो । रूस र चीनलगायतका विश्वभरका महान् क्रान्ति र प्रतिक्रान्तिका शिक्षा तथा नेपाली समाजको वर्गीय अन्तर्विरोधको ठोस विश्लेषण र त्यसको समाधान बल प्रयोगको माध्यमबाट गर्ने निष्कर्षसहित दीर्घकालीन जनयुद्धको बाटो अवलम्बन गरियो । त्यही आँधीमय जनयुद्ध, जनयुद्धमा प्रर्दशित वीरता र वलिदानले पैदा गरेको जनआन्दोलनको ताकतको समुच्चयको रूपमा सामन्तवादको मुख्य प्रतिनिधि संस्था राजतन्त्र नेपाली इतिहासको कथा बनेको छ । मुलुक केन्द्रीकृत र एकात्मक शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा प्रवेश गरेको छ भने उत्पीडित वर्ग, जाती, क्षेत्र र लिङ्गका जनताको प्रतिनिधित्व सुनिश्चित गर्ने समावेशी, समानुपातिक प्रतिनिधित्व प्रणाली र

धर्मनिरपेक्षतासहितको सङ्घीय गणतन्त्र नेपाल स्थापना भएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको नागरिक र माओवादी पार्टीको जिम्मेवार सदस्यका रूपमा चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागको पाहुना बनेर बेइजिङ पुग्नु हाम्रा लागि गौरवको विषय मात्र होइन एक सपनाको सार्थकता पनि हो । त्यसमा पनि माओ त्से तुङसँगको साक्षात्कारलाई कसरी शब्दमा वर्णन गर्न सकिन्छ र ? मैले यति मात्र सोचें कि हाम्रा लागि अध्यक्ष माओको पार्थिव शरीरसँगको यो साक्षात्कार भ्रमण सफलताको एक हिस्सा हो ।

बिहानको ८:३० मा चियाखाजा सकेर तेयनमेन चोकको भ्रमणमा निस्कियौं । कमाण्डर कमरेड बलदेवको नेतृत्वको १५ जना नेपाली माओवादी प्रतिनिधिहरू, चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागका लिन ताओ, सरला तथा ल्यु साओसहित १८ जनाको टोली बेइजिङको केन्द्र तेयनमेन चोक पुग्यौं ।

बिहानको समय, फराकिला सडकहरू, चारैतिर हरियाली, विशाल भौतिक संरचना, खुलेको आकाश, मनभित्र भड्किएको उत्सुकता र उमङ्ग, आँखाले देख्न भ्याइनभ्याई विशाल तेयनमेन चोकमा पुग्दाको अनुभूति शब्दमा वर्णन गर्न कठिन छ । गाडीबाट झर्दैगर्दा सरलाले भनिन्- यो तेयनमेन चोक हो यहीबाट माओ त्से तुङले नयाँ जनवादी गणतन्त्र चीनको घोषणा गरे । यो बीचको शहीदस्तम्भ लाखौं चिनियाँ क्रान्तिका शहीदहरूको बिम्बको रूपमा अटल श्रद्धाका साथ

खडा छ । पूर्वपट्टिको चिनियाँ राष्ट्रिय सङ्ग्रहालयमा सिङ्गो चिनियाँ समाजको हजारौं वर्षको इतिहास सङ्गृहीत छ । उत्तरपट्टिको चिनियाँ जनकाँग्रेस, जसलाई हामीले अनलाइन र टेलिभिजनमा पहिले पनि पढेका र देखेका थियौं । जनकाँग्रेसमा चिनियाँ जनप्रतिनिधिहरूले आफ्नो राष्ट्रपतिलाई औपचारिक रूपमा निर्वाचित भएको घोषणा गर्दछन् । दक्षिणमा माओ त्से तुङको स्मृतिस्थल, स्मृतिहल र समाधिस्थल रहेको छ । बीचमा यो विशाल चोक जसका बारेमा विभिन्न समाचार सुन्ने र पढ्ने मौका पाएका थियौं तर आज आफ्नै खुट्टाले स्पर्श गरिसकेका छौं । श्रुतिमा होइन स्पर्शमा, कल्पनामा होइन जीवन्ततामा हामीसँग छ तेयनमेन चोक ।✪

## तियानमेन चोकमा शहीद स्मारक

विशाल तेयनमेन चोकको बीच भागमा शहीदस्मारक स्तम्भ रहेको छ । चिनियाँ जनयुद्धका लाखौं शहीदहरूको स्मृति बिम्बको रूपमा यो स्तम्भ खडा छ । चिनियाँ जनताको राजनीतिक परामर्श सम्मेलनको पहिलो सत्रले सन् १९४९ सेप्टेम्बर ३० तारेखमा चिनियाँ जनक्रान्ति र मुक्तियुद्धमा शहादत प्राप्त गर्ने शहीदहरूको सम्झनामा शहीदस्मारक तथा स्तम्भ निर्माण गर्ने निर्णय गरेको रहेछ । त्यसै दिन उक्त स्मारक तथा स्तम्भको शिलान्यास माओ त्से तुङबाट भएको रहेछ । सन् १९५२ अगस्त एकबाट निर्माण शुरू गरेर सन् १९५८ अप्रिल २२ मा यसको सम्पन्न भएको रहेछ ।

यस स्तम्भमा माओका 'जननायकहरू अमर रहनेछन् ।' भन्ने भनाई सुनौलो अक्षरमा कुँदिएका छन् । यसै स्तम्भको तल आठवटा शहीद स्मारकहरू छन् । यी शहीदस्मारक

सन् १८४० को अफिम युद्ध, चेन थेन विद्रोह, अ छाङ विद्रोह, मे ४ आन्दोलन, मे ३० आन्दोलन, नानछाङ विद्रोह, जापानविरोधी प्रतिरोधयुद्ध र याङ्सी नदी तर्दाको जुलुश आदिले समग्र चिनियाँ स्वतन्त्रताको लडाइँको प्रतिनिधित्व गर्दछन् । यहाँ चिनियाँ राष्ट्रिय दिवसको सुनौलो सप्ताहको अवसरमा फूलको विशाल बास्केट नै सजाउने गरिन्छ । यहाँ राष्ट्रिय दिवस तथा शहीद दिवसको अवसरमा जनमुक्ति सेनाले परेड प्रर्दशन गर्दारहेछन् र विशिष्ट व्यक्तिहरूले परेड अवलोकन गर्दारहेछन् । ✪

## राष्ट्रिय सङ्ग्रहालयका विविधता

*राष्ट्रिय सङ्ग्रहालयको ४८ वटा हलमा दशलाख भन्दा बढी पुरातात्विक तथा साँस्कृतिक वस्तुहरू सङ्गृहीत रहेछन् । चीन भ्रमणमा रहेको जो कोही विशिष्ट व्यक्तित्व, राजनीतिक नेता तथा सर्वसाधारण राष्ट्रिय सङ्ग्रहालयमा पुग्ने गर्दछन् । यसको निर्माण कार्य सन् १९१२ मा शुरू गरे तापनि सन् २००७ मा पुनःनिर्माण गरी सन् २०११ देखि सर्वसाधारणको लागि खुला गरिएको थियो ।* ✪

## ग्रेट हल अफ द पिपुल्स

*यस हलमा चिनियाँ कम्युनिस्ट पार्टी र राज्यका राजनीतिक, कुटनैतिक र साँस्कृतिक गतिविधिहरू हुनेगर्दछन् । चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ जनकाँग्रेसका महाधिवेशनहरू पनि यसै हलमा हुने गर्दछन् । संसद् भवन पनि यहीं रहेको छ भने राष्ट्रपतिले राजनीतिक तथा कूटनीतिक नियोगको भेटघाट गर्ने कक्ष पनि यसमै रहेको छ ।* ✪

## माओस्मृति भवन

*स्क्वायरको दक्षिणी भागमा माओस्मृति भवन रहेछ र यो विशाल स्मृति भवन अवस्थित छ । सन् १९७६ सेप्टेम्बर ९ मा अध्यक्ष माओ त्से तुङको निधन भएको थियो । माओकै सम्मान र सम्झनाको लागि सन् १९७६ नोभेम्बर २४ को केन्द्रीय समितिले समाधिभवन निर्माण गर्ने निर्णय गरेको रहेछ । सन् १९७७ मे मा तयार भएको यो भवनमा सोही वर्षको अगस्ट २० मा माओको पार्थीव शरीर सिसाको बाकसमा यहाँ राखिएको र सोही वर्षकै सेप्टेम्बर ९ देखि नै सर्वसाधारणको लागि यो स्थल खुला गरिएको रहेछ । यसै भवनको माथिल्लो तलाका छ वटा कोठामा माओ, चाओ एन लाई, ल्यु साओची, चु तेह, तेङ स्याओ पीङ र छन त्यु स्यु गरी छ जनाको मार्वलको मूर्तिहरूले चिनियाँ कम्युनिस्ट पार्टी र चिनियाँ इतिहासको वीरगाथा गाइरहेको प्रतीत हुन्थ्यो ।* ✪

हाम्रा पाइला दक्षिणतिरै मोडिए । गाइडले जता इसारा गर्थे उतै, जस्तो गर्न भन्थे उस्तै, आज्ञाकारी सीपाही भएर माओ त्से तुङको पार्थिव शरीरसँग भेट्ने उत्सुकतामा लाइनबद्ध भयौं । जो कोहीले यहाँ आएर अध्यक्ष माओको भौतिक शरीरसँग साक्षात्कार गर्ने अवसर प्राप्त गर्दैनन् । यहाँको विशाल चोकमा हातमा पुष्पगुच्छा लिएर लामबद्ध सयौं चिनियाँ र विदेशी नागरिकहरूको ठूलो उपस्थिति देखिन्छ । यो लामबन्दी विशेष सन्दर्भहरूमा त हजारौंको पुग्छ रे । नेपाली डेलिगेट्सहरूलाई भिआईपी मार्गबाट भित्र प्रवेश गराइयो । हामी स्मृतिद्वारबाट चुपचाप भित्र प्रवेश गऱ्यौं । माओको विशाल प्रतिमा अगाडि उभिएर श्रद्धाले

शिर झुकायौं । भावमय वातावरणमा सामूहिक फोटो लियौं, स्मृतिस्थलमा रहेका सुरक्षा अधिकारीहरू र गाइडहरूको इशारामा विस्तारै भित्रीकक्षमा प्रवेश गऱ्यौं । मेरो मनमा जन्मिएका प्रश्नको उत्तर भित्र गएपछि मात्र प्राप्त गरें ।

अहो ! माओको यो भौतिक शरीर । लम्तन्न परेर मस्त निद्रामा झैं । भर्खरै थकान मेट्न आराम गरेझैं । तेजस्वीझैं लाग्ने चम्किलो अनुहार । मानौं यो चिरनिद्रा होइन जस्तो । जुरुक्क उठेर, 'युवाहरू हो, यो संसार हाम्रो हो र तिम्रो पनि हो खासमा यो संसार तिम्रै हो, किनकि, तिमीहरू उदाउँदा सूर्य हौ हामी भने अस्ताउँदा सूर्य हौं ।' भन्लान्झैं लाग्ने । उहाँको पार्थीव शरीरअगाडि एक मिनेट उभिएर श्रद्धाँशुसहित श्रद्धाञ्जली अर्पण गऱ्यौं । त्यही चम्किलो अनुहार, खैरो खाकीको पोशाक, तल्लो ओठमुनिको कोठी, त्यो सर्वहारावर्गको नेतृत्व गर्ने चौडा छाती र उच्च शिर नियाल्दै, भक्कानिएर व्यक्त हुन खोजेको भावनालाई कण्ठकै आसपासमा गाँठो पार्दै बाहिर निस्कने दक्षिणी द्वारमा पुगिसकिएछ । कहिलेकाहीं चेतन र अचेतन पनि एकै ठाउँ हुँदोरहेनछ ।

सन् १९७६ चिनियाँ जनताका लागि ठूलो पीडा र विपत्तिको वर्ष रहेछ । यही वर्ष माओको निधन भएछ । त्योभन्दा केही अगाडि मात्र चीनका प्रधानमन्त्री चाओ एन लाईको निधन भएको रहेछ । च्याङ सु प्रान्तको ह्व याङ पुग्दा हामीले चाओको निधनमा अध्यक्ष माओ भक्कानिएको चलदृश्य नै देखेका थियौं । त्यही वर्ष कमान्डर चु तेहको पनि देहावसान भएको रहेछ भने सोही वर्ष नै विनाशकारी भू-कम्पले चीनमा ठूलो जनधनको क्षति भएको रहेछ । चिनियाँहरू

सन् १९७६ लाई 'कालोवर्ष' भन्दा रहेछन् । तर हामीलाई भने सन् १९७६ सेप्टेम्वर ९ आजै जस्तो लागिरहेको छ । हामीले उहाँको पार्थीव शरीरअगाडि भर्खर मात्रै श्रद्धाञ्जली गरेर आएका छौं । प्रचण्डको नाम सुनेर र माओवादीको काम देखेर माओवादी पार्टीका सदस्य भएका हामी माओवादी कार्यकर्ताले दशकौंको सङ्घर्षका उतार-चढावमा थुप्रै विषय सिक्ने मौका पाएका छौं । आज माओवादका प्रवर्तकको देशको भ्रमण र उहाँको पार्थीव शरीरअगाडि उभिएर क्रान्तिको बाँकी जिम्मेवारि सगर्व वहन गर्ने प्रेरणा लिने मौका पाएका छौं । वर्ग, जनता, पार्टी, देश र सर्वहारा अन्तर्राष्ट्रियतावाद अमर रहने छ । अध्यक्ष माओ त्से तुङप्रति फेरि पनि हार्दिक श्रद्धाञ्जली !

माओको समाधिस्थलबाट बाहिर निस्किएर माओको स्मृतिका केही सामानहरू लियौं र चीनको राष्ट्रिय सङ्ग्रहालयतर्फ प्रस्थान गर्‍यौं । चीनको २५ सय वर्ष पुरानो इतिहासलाई सजीव र सप्रमाण यस सङ्ग्रहालयमा कैद गरिएको रहेछ । सङ्ग्रहालयको अवलोकनपश्चात् वासस्थानमा फर्कियौं ।✪

## २१. मानवनिर्मित विशाल संरचना : ग्रेटवाल

ग्रेटवाल चन्द्रमाबाट देखिने पृथ्वीको एक मात्र मानव संरचना हो भनिन्छ । पूर्वको बोहाई सागरदेखि पहाड र नदीहरू पार गरेर सुदूरपश्चिमको गोबी मरूभूमिसम्म फैलिएको यो विशाल पर्खाललाई मानिसहरू विश्वको आठौं आश्चर्यको रूपमा बुझ्दछन् । यसको लम्बाई २१,१९६ किलोमिटर (१३,१७० माइल) लामो रहेछ र ग्रेटवालको ५२६ किलोमिटर (३२७ माइल) भाग बेइजिङमा पर्दोरहेछ । यसको सबभन्दा बढी भाग मिनवंश (सन् १३६८-१६४४) को पालामा ८,८५१.८

किलोमिटर (५,५००.३ माइल) निर्माण भएको र यसको पहिलो निर्माणको शुरूवात अ डुके अफ छु स्टेट (इसापूर्व ७७०-२७६) र उनका छिमेकी राज्यहरूले गरेका रहेछन् ।

ग्रेटवाल निर्माणको मुख्यकारण उत्तरी भेकबाट हुने शत्रुको आक्रमणलाई रोक्नु र आफ्नो पक्षका राज्यहरूसँग सम्बन्ध विस्तार गर्नु नै रहेछ । वाल निर्माण गर्नका लागि सिपाही, सर्वसाधारण र अपराधीहरूलाई प्रयोग गरिएको थियो रे । ग्रेटवाल निर्माण गर्दा १० लाख मानिसहरूको रगत बगेको छ भन्दा अच्चम लाग्छ । यो ऐतिहासिक संरचना यति धेरै मानिसको रगत र लाखौं मानिसको पसिनाबाट तयार भएको रहेछ । ग्रेटवाल भ्रमणको लागि दशवटा उपर्युक्त स्थानहरू रहेछन् । बेइजिङबाट ट्रान्सर्पोटको सहायतामा पुग्न सकिने सबभन्दा उपयुक्त स्थानचाहिँ बादालिङ र मुटिन्यु रहेछन् । ग्रेटवाललाई युनेस्कोले सन् १९८७ मा विश्वसम्पदा सूचीमा सूचीकृत गरिसकेको छ । ✪

ग्रेटवालको भ्रमण महत्त्वपूर्ण कार्यसूचीमा थियो । हाम्रो टोली पर्यटक बसमार्फत् शहरलाई छिचोल्दै ग्रेटवालको लागि प्रस्थान गर्‍यो । समतल भूगोल पार गर्दै उत्तरतिर लाग्दैगर्दा पवर्तमाला देखिन थाले । तराई मधेशबाट चुरे शृङ्खला देखिएझैं । सोही पर्वतमालाको खोंच हुँदै फराकिलो सडक अगाडि बढ्यो । सडकको माथि पहाडमा देखियो ग्रेटवाल, हामीले तस्विरमा देखेको यही ग्रेटवाल थियो । हामी गाडी स्ट्यान्डमा रोकियौं । पूर्वी मोहडा बादलिङमा चढ्न चाहन्थ्यौं तर बाटोको अलमलका कारण पश्चिमी मोहडा मुटिन्युतिर पुगिएछ । टोलीका केही सदस्यहरू ग्रेटवालको फेदीबाटै सामान्य अवलोकन र फोटोसेसन गरेर फर्किने मुडमा देखिए । हामीसँग समय पनि पर्याप्त

नभएकोले सबैले त्यसै गर्ने कि भन्ने भयो तर केही साथीहरूलाई यो त अलि हुँदैन कि भन्ने लाग्यो । ग्रेटवालको टुप्पामा नचढी के जानु भन्ठानेर केही साथीहरू दौडेरै भए पनि टुप्पोमा पुग्ने अठोटसहित माथितिर उक्लियौं । म, दुर्गाप्रसाद चापागाई, प्रकाशहरि पोखरेल, लोक बहादुर बोहरा र विशाल शर्मा अगाडि बढ्यौं । महिला कमरेडहरूमध्ये गोरखा जेलब्रेककी कमाण्डर कमला नहर्की र महिलानेतृ विमला केसी अगाडि बढ्नुभयो । टोपी खस्ने ठाडो उकालोको सिँढीमा दौडप्रतियोगिताझैं गरेर उक्लिरहँदा पूरै पसिना–पसिना भइसकेका थियौं । ग्रेटवालको पहाडी उचाइमा पुगेर केही समय रह्यौं । ग्रेटवालको अवलोकन र फोटोसेसन गरी छोटो समयमै ठाडो ओरालोको पूरै सिँढी झरिसकेका थियौं । झर्दा पनि पूरै दौडेर । तल झरिसक्दा खुट्टा त आफ्नो हो या अर्काको जस्तो भएको थियो । ग्रेटवालको रोमाञ्चक दौड पनि जीवनमा पहिलो पटक पूरा गरियो ।

२५०० वर्ष पहिले सैन्य दृष्टिकोणबाट रक्षाकवचको रूपमा निर्माण शुरू गरिएको यो वाल हाल विश्वव्यापी रूपमा चिनियाँ गौरवको रूपमा रहेको छ । विगत केही वर्ष पहिलेसम्म चीन सरकारले यसका पुराना संरचनालाई पुनर्निर्माण गरेको छ । सायद चाइना भ्रमणमा जाने र बेइजिङ पुग्ने जो कोही पनि ग्रेटवाल नचढी फर्किंदैनन् । हामीले ग्रेटवालको फेदीमा सामूहिक फोटो खिचेर बेइजिङ फर्कियौं । दिउँसोको चर्को थकानले गर्दा होला समयमै मीठो निद्राले छोपिहाल्यो । ✪

मे १६, २०१६ अर्थात् २०७३ जेठ ३ गते सोमबारको कार्यसूची बिहान किनमेल र दिउँसो चिनियाँ कम्युनिस्ट

पार्टी विदेश विभागसँगको बैठक रहेको थियो । चियाखाजापछि पर्ल मार्केटमा किनमेलका लागि निस्कियौं । सामान, पैसा र सेवाग्राहीबीच समाञ्जस्यता कायम हुन सकेन । हामीलाई मात्र बजारको चरित्र बुझ्ने मौका मिल्यो । दुईजना कमरेडको लगेज र केही फुटकर कपडाहरू किनमेल सकेर होटेल फर्कियौं । ✪

## २२. नेपालमा राजनीतिक स्थायित्वबिना विकास र समृद्धि सम्भव छैन : चीन

चिनियाँ समयअनुसार अढाई बजे दिउँसो हामी बसेकै होटेलको बैठक कक्षमा द्विपक्षीय बैठक शुरू भयो । हाम्रो पूरै डेलिगेसन टिम बैठकमा सामेल भयौं । चिनियाँ पक्षबाट चिनियाँ कम्युनिस्ट पार्टी विदेश विभागअन्तर्गत एक नम्बर ब्यूरोका उपप्रमुख राओ ख्हुई ख्हुवा (Rao Huihua) ले बैठकको नेतृत्व गरेकी थिइन् । उनको जिम्मेवारि एसियाली मामिला हेर्ने रहेछ । उनले यो कुरा परिचयको क्रममा भनिन् र हामीलाई स्वागत गर्दै आफ्नो कुरा राखिन् ।

'तपाईंहरूलाई सर्वप्रथमत चिनियाँ कम्युनिस्ट पार्टीको तर्फबाट हार्दिक स्वागत गर्दछौं । तपाईंहरू चीनको पश्चिमी क्षेत्रको क्वी चो प्रान्तको चुई शहर र माओथाई जिल्लाको भ्रमण गरेर आउनुभयो । त्यसपछि पूर्वी चीनको चाउ सु प्रान्तको नानजिङ र ह्व याङ शहरको भ्रमण गर्नुभयो । तपाईंहरूले चीनको गाउँ र शहरको विकासको मोडल देख्नुभयो । तपाईंहरूले यसमा केही नराम्रा कुराहरू पनि देख्नुभयो कि, हामीलाई भन्नुहुनेछ । चीन धेरै ठूलो छ । चीनमा ९५ लाख, ७२ हजार नौ सय वर्गकिलोमिटर भूगोल र एक अर्ब, ४० करोड जनसङ्ख्या रहेको छ । चीनमा ३४ वटा

प्रान्त छन् । तपाईंहरू फेरि पनि चीन भ्रमणमा आउनुहोस्, हाम्रा बीचमा अझ बढी विचार र अनुभवहरू आदान-प्रदान गर्नुपर्दछ । हाम्रा आजका छलफलका मुख्य दुई विषय हुनेछन् । पहिलो, भ्रमणका अनुभवको आदान-प्रदान गर्नु र चिनियाँ कम्युनिस्ट पार्टीलाई आवश्यक सुझाव दिनु । दोस्रो, नेपालको राजनीतिक अवस्था र तपाईंहरूको पार्टीबारे हामीलाई बताउनुहुनेछ ।'

राओले गतसाल अप्रिलमा भूकम्प जानुभन्दा पहिले नेपालको भ्रमण गरेकी रहिछन् । हामीसँग उनले त्यसयता एक वर्षबीचमा नेपालमा भएका थुप्रै घटना परिघटनाबारे आफूले जान्न चाहेको कुरा राखिन् । चीनको मुख्य चासो नेपालमा वामगठबन्धनमा पैदा भएको अविश्वास नै रहेछ । उनले राखेका विषयहरूले यो कुरालाई स्पष्ट मात्र गरेन कि हामीलाई समेत खुला रूपमा आफ्ना कुरा राख्न अपिल गरियो । चिनियाँ कम्युनिस्ट पार्टी र हाम्रो पार्टीबीचको सम्बन्ध कूटनीतिक नभई भाइचारा सम्बन्ध भएको र हाम्रो बीचमा भर्खर भेट भए पनि दुई पार्टीबीचको सम्बन्ध अत्यन्तै गहिरो भएकोले खुलेर कुरा राख्न भनियो ।

हाम्रो तर्फबाट टोली नेता चक्रपाणि खनाल बलदेवले आफ्नो कुरा राखे । हामीले निकट भाइचारा सम्बन्धको हाम्रो अपेक्षा चिनियाँ पक्षसँग राख्यौं । पार्टी तहको हाम्रो सम्बन्ध नयाँ उचाइमा उठोस् । भूकम्पपछि चीनको सहयोगी भूमिकाको उच्च सम्मान गर्छौं । नेपालले अझै थप मद्दतको अपेक्षा गरेकाले यसमा चीनले ध्यान दिनुपर्ने कुरा राख्यौं । चीन र नेपालका बीचमा भएका विगतका सम्झौताहरूको कार्यान्वयनमा तदरूकता अपनाउनु पर्ने कुरा पेश गऱ्यौं ।

एमाले र माओवादीको बीचमा पार्टी एकतासम्म जाने सोचका साथ सरकार निर्माणको समझदारी बने तापनि समझदारीलाई इमान्दारीपूर्ण रूपमा कार्यान्वयन गर्ने कुरामा एमाले नेतृत्वले इच्छाशक्ति नदेखाएकोले सरकारको विकल्प खोज्ने कि भन्ने हाम्रो पार्टीमा छलफल भएको कुरा स्पष्ट रूपमै भन्यौं । एमाले फेरि नौबुँदे सहमति गरेर अघि बढ्न तयार भएकोले हामीसँगै अगाडि जान तयार भएको कुरा पनि स्पष्ट पार्‍यौं ।

विगतमा दुई देशबीच भएका सम्झौता कार्यान्वयन गर्न हस्ताक्षरकर्ता दुवै देश उत्तिकै लाग्नुपर्दछ । तर, त्यसको लागि नेपालमा शान्ति र स्थिरता आवश्यक छ भन्ने चिनियाँ पक्षको भनाइ मननीय थियो । 'नेपालमा हुने राजनीतिक अस्थिरताले सम्झौता कार्यान्वयनमा कठिनाइ भएको छ । सन् २००८ यताका एक दशकमा नेपालमा धेरै सरकारहरू परिवर्तन भइसकेका छन् । सरकार परिवर्तनसँगै नीति परिवर्तन हुने गरेका छन् । अनि कसरी सम्झौताहरूको कार्यान्वयन गर्ने ? राजनीतिक अस्थिरता भइरहेमा काम गर्न गाह्रो हुन्छ ।' राओको भनाइ थियो ।

एमालेसँगको नौ बुँदे सहमतिपछि प्रचण्ड प्रधानमन्त्री हुने सम्भावना धेरै भए तापनि त्यसले राजनीतिक स्थिरता कायम हुन सक्ला त भन्ने उहाँहरूको प्रश्न थियो । जनयुद्धकालीन मुद्दा फिर्ताको सहमति एकवर्ष पहिले भए पनि कार्यान्वयन भएन । अहिलेको नौबुँदे सहमति पनि कार्यान्वयन होला कि नहोला भन्ने उनीहरूको जिज्ञासा थियो ।

राओ सन् २००८ मा नेपाल भ्रमणमा रहँदा गिरिजाप्रसाद कोइरालासँग भेट गरेकी रहिछन् । कोइरालाले यो देशको नेतृत्व गर्नसक्ने सक्षम नेता प्रचण्ड हुन भनेका रहेछन् । उनले यो कुरा हामीलाई पनि बताइन् । तर आठ वर्षपछि दोस्रो संविधानसभाको निर्वाचनबाट हाम्रो पार्टी तेस्रो बनेकोमा भने चिनियाँहरू दुःखित भएको बताए । 'तपाईं धेरै पुराना नेताहरू यो भ्रमणमा आउनुभएको छ । तपाईंहरूले भन्नुहोस् कि तपाईंरूको पार्टीमा किन यी समस्याहरू आए होलान् ? हाल तपाईंहरूको पार्टीको श्रेष्ठता के हो, जुन कारणले तपाईंहरूले देशको नेतृत्व गर्न सम्भव छ ?

हामीले दोस्रो संविधानसभाबाट तेस्रो पार्टी बन्नुको मुख्य कारण पार्टीभित्रको आपसी सङ्घर्ष र विभाजन नै भएको कुरा राख्यौं । नेपाली क्रान्ति र शान्तिप्रक्रियाबारे नेतृत्व तहमा रहेको वैचारिक मतभिन्नता, केही साथीहरूको सैद्धान्तिक जडता, केही साथीहरूको मार्क्सवादी सिद्धान्तबाटै भएको विचलन र शक्तिकेन्द्रको चलखेल पार्टी कमजोर हुनुको कारण भएको जिकिर पेश गऱ्यौं । पहिलो संविधानसभाबाट संविधान निर्माणको जनअपेक्षालाई सम्बोधन गर्न नसक्दाको जनताको अविश्वास पनि अर्को कारण भएको कुरा राख्यौं । अहिले माओवादी सङ्ख्यात्मक रूपमा तेस्रो पार्टी भए तापनि विचार, राजनीतिक कार्यदिशा र नेतृत्वको प्रश्नमा अब्बल रहेको, देश माओवादीकै एजेन्डामा अघि बढिरहेको र देशका हरेक घुम्ती तथा सङ्कटहरूमा कमरेड प्रचण्डको नेतृत्व रहेकाले सही विचार र नेतृत्व नै हाम्रो श्रेष्ठता रहेको तथ्य पनि पेस गऱ्यौं ।

छलफलको क्रममा अर्थतन्त्र, विकास र छिमेकी सम्बन्धभन्दा पहिले राजनीतिक स्थायित्व निर्माणमा ध्यान दिनुपर्ने चिनियाँ

सुझाव रह्यो । सरकार निर्माणमा सङ्ख्याको महत्त्व भएको र सङ्ख्यामा माओवादीभन्दा एमाले अगाडि भएकाले आज सहमतिको आधारमा प्रचण्डलाई प्रधानमन्त्री स्वीकार गर्न तयार रहेको एमालेले भोलि साथ दिएन भने के गर्ने भन्ने प्रश्न उनीहरूले राखेका थिए । यदि एमाले र माओवादीबीचमा अविश्वासको वातावरण निर्माण भएमा नेपालको वामआन्दोलनलाई कसरी एउटा धारमा उभ्याउन सक्नुहुन्छ भन्ने पनि उनको चासो थियो ।

यस मामिलामा सबै कुराको जिम्मा हामीले मात्र लिन सकिने अवस्था नरहेको कुरा पेस गर्‍यौं । 'अहिले नेपालमा राष्ट्रिय एकतामा गम्भीर समस्या खडा भइसकेको छ । आन्तरिक राष्ट्रिय एकताको नेतृत्व गर्नुपर्ने सत्तारूढ मुख्य वामपन्थी शक्ति नै उच्च जातीय अहङ्कारले ग्रस्त भएको अवस्था छ । सत्ता साझेदार दलहरूबीचमा गम्भीर आशङ्का पैदा भएका छन् । आँखा चिम्लेर प्रधानमन्त्रीलाई सबै कुरा छोडिदिन सकिँदैन । एमालेको मूलनेतृत्वमा राजनीतिक इमानदारीको अभाव देखिएको छ । आफ्नो प्रतिकूलता हुँदा विभिन्न सहमतिहरू गर्ने अनि जब अनुकूल परिस्थिति तयार हुन्छ सहमतिहरू कुल्चिँदैजाने संस्कार र प्रवृत्तिले सत्ता साझेदारबीचको गठबन्धन टिक्दैन । हामीले लामो समयदेखि वामपन्थी पार्टी एकताको कुरा गर्दैआएका छौं । यो सरकार बनाउँदाको हाम्रो स्प्रिड पार्टी एकतासम्म जाने नै हो । त्यसको लागि इतिहासको समीक्षा, पार्टीको मार्गनिर्देशक सिद्धान्त, क्रान्तिको रणनीति कार्यनीति तथा कार्यदिशाबारे बहस गर्दै पार्टी नेतृत्व र सरकारको नेतृत्व पनि आलोपालो गरेर जाने हाम्रो समझदारी हो । पार्टी एकता र सरकार सञ्चालनको लागि दुई पार्टीका नेताहरूको

बीचमा न्यूनतम विश्वासको वातावरण बन्नुपर्दछ । तर एमाले नेतृत्वले न त यसको लागि विश्वासको वातावरण तयार गर्न सक्यो न त राष्ट्रिय मुद्दाहरूलाई सरकारको कार्यसूचीमा राखेर समाधान दिन सक्यो । मुलुकलाई सही दिशा दिन नसकेको र सत्ता साझेदारको बीचमा दम्भ प्रर्दशन गर्दैगएकोले गठबन्धनमा समस्या सृजना भएको हो ।' हामीले व्यहोरेका समस्यालाई यथार्थ रूपमा आदानप्रदान गर्दा नै सही बुझाई कायम हुन्छ भन्ने लाग्यो र पेश गऱ्यौँ ।

नेपालमा कृषि, पर्यटन, जलविद्युत् आदि क्षेत्रमा राम्रो सम्भावना छ । चीनको तर्फबाट यी क्षेत्रमा लगानीको लागि चासो राख्न, खासा नाका खोल्न पहल गर्न तथा त्रिदेशीय लगानीतर्फ ध्यान दिन आग्रह गऱ्यौं । त्रिदेशीय लगानीको विषयमा नेपाल र चीनबीच समस्या नरहेको तर अर्को पक्ष त्यसको लागि तयार हुनुपर्ने धारणा चिनियाँ पक्षको थियो । चिनियाँ कम्युनिस्ट पार्टीले बादलले नेतृत्व गरेको नेकपा ( क्रान्तिकारी माओवादी) र एकीकृत नेकपा (माओवादी) बीच एकताको तयारी भइरहेको जानकारी प्राप्त गरेको रहेछ । यस विषयमा उनीहरूसँग केही जिज्ञासाहरू रहेछन् । फुट किन, एकता किन र केका लागि ? वैद्य किन आएनन् ? एकतामा बाह्य पक्षको भूमिका के छ ?

यी जिज्ञासाहरूको उत्तर समूहनेताले दिए । उनले बादलसँगको एकताले विभाजित माओवादी आन्दोलनलाई नयाँ शिराबाट एकताबद्ध र पुनर्गठन गर्ने बाटो समातेको र यसले सार्थकता पाउने बताए । माओवादी आन्दोलनको विभाजनले देशमा प्रतिक्रियावादी र यथास्थितिवादी तत्वले फाइदा उठाएको

र जनताका परिवर्तनका मुद्दा कम्जोर बन्दै गएको अवस्थामा यो एकता एकीकृत कम्युनिस्ट आन्दोलन निर्माणका लागि गम्भीर र सामूहिक प्रयत्न भएको कुरा बताए ।

छलफलको बिट मार्दै राओले भनिन्, 'चिनियाँ कम्युनिस्ट पार्टीले १८० मुलुकका ६०० पार्टीबीचमा सम्बन्ध आदान-प्रदान गर्दछ । राष्ट्रहरूका स्वाधीनता र सहअस्तित्व स्वीकार गर्नेसँग हाम्रो आपसी सम्बन्ध छ । वामपन्थी र गैरवामपन्थी पार्टी बीचमा पनि सम्बन्ध आदानप्रदान हुन्छ । नेपालका प्रायजसो सबै राजनीतिक दलसँग हाम्रो राम्रो सम्बन्ध छ । पार्टी सम्बन्धमार्फत् नेपाल र चीनबीच सम्बन्ध विस्तार गर्ने हाम्रो उद्देश्य हो । हाम्रो नीति, उद्देश्य र सम्मान सबैलाई उस्तै छ । मार्क्सवाद-लेनिनवाद-माओत्सेतुङ विचार मान्ने बीचमा हाम्रो सम्बन्ध घनिष्ट छ किनकि, यो वैचारिक सम्बन्ध हो । अरू पार्टीबीचको र हामीबीचको फरक सम्बन्ध यही हो किनकि, हामी भनेका कम्युनिस्ट पार्टी हौं । हामी तपाईंहरूलाई कमरेड भन्छौं भने अरूलाई मित्र भन्छौं । तर हाम्रो पार्टी सम्बन्धले दुई देशबीचको आपसी सम्बन्धमा प्रभाव पारेको छैन, पार्नु पनि हुँदैन । हामीले नेपालमा भारतको भूमिका र तपाईंहरूको चीनसँगको अपेक्षा पनि राम्रोसँग बुझेका छौं । चीन नेपालमा भारतसँग प्रतिस्पर्धा गर्न चाँहदैन । नेपालमा चीन र भारतको प्रतिस्पर्धा भएमा नेपाल टुक्रिन्छ भन्नेमा हामी सचेत छौं । नेपाललाई एकताबद्ध गर्ने र नेपाली जनतासँगको सम्बन्धलाई सुदृढ गर्ने हाम्रो विचारमा कुनै परिवर्तन हुँदैन ।'

मिटिङपछि कोठामा फर्कियौं । नेपाल र हाम्रो पार्टीप्रतिको चिनियाँ धारणाका बारेमा जानकारी लिने अवसर प्राप्त भयो । हामीप्रतिका केही प्रश्न र जिज्ञासाका बारेमा बुझ्ने

र आफ्ना विषयहरू पेस गर्ने मौका पनि प्राप्त भयो । कति हाम्रा कुरा स्पष्ट गर्न सक्यौ. त्यो पनि आफ्नै ठाँउमा रह्यो । नेपालसम्बन्धी चिनियाँहरूको अध्ययन र चीनसम्बन्धी हाम्रो ज्ञानबीच खाडल देखियो । हामीले सुनेका थियौं, चिनियाँहरू अन्तर्मुखी हुन्छन, धेरै खुल्दैनन् तर हाम्रो यो भ्रमणले यो भ्रमलाई चिरेको थियो । उनीहरू कम बोल्नेसम्म होलान् तर अन्तर्मुखीचाहिँ देखिएनन् । दोस्रो कुरा, उनीहरूले जसरी हामीलाई वामपन्थी एकता र वामपन्थी सरकारप्रतिको सदभाव देखाए यसबाट बुझ्न सकिन्थ्यो कि उनीहरू नेपालमा राजनीतिक स्थायित्वसहितको वामपन्थी सरकार चाहन्छन् । तेस्रो कुरा, चिनियाँ कमरेडहरू नेपालमा माओवादी र प्रचण्डको सफल नेतृत्व चाहन्थे । हामीले एकीकृत माओवादी पार्टी र त्यसको जनमतलाई बचाउन सकेनौं । पार्टीहरूप्रतिको सम्मान, सदभाव र विश्वास जनमतले पैदा गर्ने कुरा रहेछ । उनीहरूलाई पनि त्यसो लागेको हुनुपर्छ । हामीले चाहिँ शान्तिप्रक्रियापछिको नेपालमा देखापरेको जनमतको अस्थिरता र पार्टीहरूबीचको विभाजन र एकताको शृङ्खलालाई राम्रोसँग ध्यान दिन तथा राष्ट्रिय राजनीतिमा नेतृत्वको भूमिकालाई गहिरोसँग अध्ययन गर्न भन्यौं ।✪

## २३. श्वेतचैत्य : नेपाल–चीन सम्बन्धसेतु

नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धलाई हेर्दा अरनिको र भृकुटीको नाम आउँछ । सन् १२४४ मा जन्मेका अरनिको १७ वर्षको उमेरमा हिमालपारिबाट कसरी चीन आइपुगे होलान् भन्ने हाम्रा लागि चासोको विषय थियो । तत्कालीन तिब्बती सम्राटले अरनिकोलाई मूर्तिकलाका लागि नेपालबाट तिब्बत बोलाएका र तिब्बतमा उनको कला र सीपको उच्च

मूल्याङ्कन भएको तथा त्यतिखेर तिब्बत चीनको प्रशासनिक एकाई भएकोले तिब्बतका सम्राटले बेइजिङका बादशाहलाई खुसी पार्न अरनिकोलाई उपहारस्वरूप बेइजिङ पठाएको कुरा बुझियो ।

बिहानको खाजापछि अरनिकोले छोडेर गएको बेइजिङस्थित ह्वाइट प्यागोडा अर्थात् श्वेतचैत्यको भ्रमणमा निस्कियौं । चीनमा मिनवंशको शासनकाल सन् १२७९ मा अरनिकोको कालीगढमा श्वेतचैत्य बनाइएको रहेछ । त्यतिबेला मिनवंशको राजधानी पेइचिङ हालको बेइजिङमा थियो । त्यतिबेलाको पेइचिङ बहुभाषिक र बहुसांस्कृतिक केन्द्र थियो भन्ने कुरा मन्दिरका बुद्धमूर्तिहरूले नै बताउँथे । यो चैत्यमा प्राचीनकालका बुद्धमूर्तिहरू राखिएका रहेछन् । शाक्यमुनि बुद्धका नेपाली, चिनियाँ र अरू मङ्गोलियन कलाअनुसार विभिन्न कालखण्डमा तयार गरिएका मूर्तिहरू यस मन्दिरमा अवलोकन गरियो । अरनिकोलाई छेङ वंशका राजा छेङ लुङले आफ्नो सरकारका निर्माणमन्त्री बनाएका थिए भनेर चिनियाँ साथीहरूले भन्नुभयो । यो मन्दिर नेपाल चीन सम्बन्धको सेतु हो भन्दा पनि हुन्छ । यो मन्दिर बन्दा बेइजिङ शहरकै सबभन्दा अग्लो संरचना भएको कुरा पनि बुझियो ।

सन् १९६१ मा तत्कालीन प्रधानमन्त्री चाओ एन लाईले एक घोषणापत्रमा हस्ताक्षर गरी यस श्वेतचैत्यलाई राष्ट्रिय सम्पत्तिका रूपमा संरक्षण गरिने निर्णय गरेका रहेछन् । तसर्थ, सांस्कृतिक क्रान्तिकालमा पनि यो प्यागोडा सुरक्षित रह्यो । सन् १९७० मा प्रधानमन्त्री चाओ एन लाईले नेपाल र चीनको सम्बन्ध विकास गर्न यस मन्दिरलाई जनस्तरमा मन्दिर भ्रमणको लागि खुला गरेका रहेछन् । नेपालीका लागि मात्र एउटा गर्वको विषय यो थियो कि

अरू कुनै पनि देशका नागरिकहरू यो श्वेतचैत्यको अवलोकनमा आउँदा सम्बन्धित देशको पासपोर्ट र विस युआन (नेपाली तीन सय रूपैयाँ) को टिकट लिएर जानुपर्छ तर नेपालीहरूको लागि निःशुल्क प्रवेशको व्यवस्था गरिएको रहेछ । सन् १९७६ मा यो चैत्यलाई थाङसान भूकम्पले गम्भीर क्षति पुऱ्याए पनि दुईवर्षमै यसको पुनर्निर्माण गरिएको रहेछ ।

अरनिको समाजले दुई दशकअगाडि दौरा सुरूवाल र नेपाली टोपी लगाएका अरनिकोको सालिक श्वेतचैत्य अगाडि स्थापना गरेको रहेछ । उक्त सालिकले त्यहाँ पुग्ने जोकोही पर्यटकलाई नेपालको परिचय गराइरहेको देखेर हामी प्रफुल्ल भयौं । अरनिकोले चिनियाँ केटीसँग विवाह गरेको र उनका तीनवटाभन्दा बढी श्रीमती रहेको पनि चिनियाँ कमरेडहरूको दाबी थियो । चीनको बहुसङ्ख्यक जनसङ्ख्यामा रहेको हान जातिभित्रका लिउ थरका मानिसहरू अरनिकोका सन्तति हुन् पनि भनिंदोरहेछ ।✪

## २४. पार्टी एकतामा चिनियाँ सन्देश

चीन भ्रमणको अन्तिम दिन, मे १७, २०१६ अर्थात् २०७३ जेठ ४ गते मङ्गलबार थियो । र, चिनियाँ उच्च अधिकारीहरूसँगको **उच्चस्तरीय बैठक** पनि यसै दिन थियो । हामी श्वेतचैत्यको भ्रमणबाट होटेलमा फर्कियौं, बैठकहलमा प्रवेश गऱ्यौं । चिनियाँ कम्युनिस्ट पार्टीका सहायक विदेशमन्त्री कमरेड ली जुन नेतृत्वको प्रतिनिधिमण्डल बैठकस्थलमा अगाडि नै आइसकेको थियो ।

बैठकको शुरूमा कमरेड ली ले हाम्रो टोलीलाई स्वागत गर्दै आफ्ना कुरा राखे । 'गतवर्ष मैले नेपाल भ्रमणको क्रममा

कमरेड प्रचण्डलाई भेटेको थिएँ । हाम्रा दुई पार्टीबीचको सम्बन्ध राम्रो छ । हामी सधैं जनताको हितलाई केन्द्रमा राखेर काम गर्छौं । एकीकृत नेकपा (माओवादी) को उद्देश्य पनि यही हो । हामीले चीनको विशेषताअनुसारको माओविचारको प्रयोग गर्दैआएका छौं । तीस वर्षको आर्थिक विकासको बाटोबाट हामीले विश्वको दोस्रो ठूलो अर्थतन्त्रको विकास गरेका छौं । चीन र नेपाल एक–अर्काका असल छिमेकी हुन् । हाम्रा बीचको दौत्यसम्बन्ध स्थापनाको साठी वर्ष पुगिसकेको छ । नेपालले चीनलाई धेरै मद्दत गरेको छ । तिब्बत मामिलाका बारेमा नेपालले गरेको सहयोगको लागि हामी विशेष धन्यवाद दिन्छौं ।'

उनले अगाडि भने, 'नेपालमा भूकम्प गएको तीन महिनापश्चात् म नेपाल गएको थिएँ । भू–कम्पले नेपालमा धेरै ठूलो क्षति गरेको छ । नेपाल अहिले पुनर्निर्माणको चरणमा छ । पार्टी र सरकार मिलेर जाने अवस्था भएमा हामीले अझ ठूलो सहयोग गर्नसक्ने अपेक्षा लिएका छौं । हामी नेपाल गएको बेला ओली नेतृत्वको सरकार भर्खरै बनेको थियो । मैले ओली र प्रचण्ड दुबै जनालाई भेटेर आएको हुँ । मधेश मामिलामा समस्याहरू थिए । नेपालमा चुनौतीकै बीचमा संविधान निर्माण भएको हो । गतहप्ता सरकार परिवर्तनको कुरा बाहिर आउँदा दुःख लाग्यो । पछि नौबुँदे सहमति भएको कुरा सुन्दा खुसी लागेको छ । नेपाल बहुदलीय मुलुक भएकोले आफ्नो विचार लागू गर्न त गाह्रो होला तर फरक विचारको बीचमा सहमति हुनु महत्त्वपूर्ण कुरा हो । हामी चाहन्छौं नेपालका वामपन्थी पार्टीहरू बीचमा राम्रो सहमति बनोस् ।'

उनले थपे, 'माओ त्से तुङका दुई सफल अनुभवहरू हामीसँग छन् । एउटा हो संयुक्त मोर्चाको निर्माण । माओले जापानी साम्राज्यवादी आक्रमणकारीसँग लड्न कोमिन्ताङसँग संयुक्त मोर्चा निर्माण गरी अगाडि बढ्नुभयो । अर्को कुरा माओ त्से तुङले अघि सारेको अन्तर्विरोधको सिद्धान्त महत्त्वपूर्ण छ । तपाईंहरूले यो पढ्नु भएकै होला । राजनीतिमा अनेक अन्तर्विरोध हुन्छन् त्यसमा मुख्य अन्तर्विरोध केलाउनुपर्छ । नेपालका वामपन्थी पार्टीबीचमा एकता हाम्रो आशा हो । छिटोभन्दा छिटो यो काम पूरा होस् । सबै वामपन्थीहरू मिलेमा ठूलो सफलता हासिल हुनसक्छ । नेपालका वामपन्थीहरू गहिरोसँग छलफल गरून् र पार्टी एकता नै गरून् भन्ने हाम्रो इच्छा छ । वामपन्थी एकतासहितको सरकारले आर्थिक समृद्धिको योजना लागू गर्न सक्छ र नेपाली समाजको विकास गर्न सक्छ । समाजवाद निर्माण गर्न सक्छ । माओवादी बीचको एकताको कुरा सुनेर हामीलाई खुसी लागेको छ । यो एकता वामपन्थी पार्टीहरू बीचको एकताको शृङ्खला बनोस् । चिनियाँ अनुभवअनुसार आर्थिक समृद्धिको आधार राजनीतिक स्थिरता हो । स्थिरता, सुधार र खुलापनले हामीले प्रगति गर्न सक्यौं । नेपालमा पनि राजनीतिक स्थिरतासँगै आर्थिक विकासको लागि सहयोग गर्ने हाम्रो अपेक्षा छ ।'

लीले जातीय र धार्मिक प्रसङ्गमा भने, 'क्वी चो प्रान्त बहुजातीय र बहुभाषिक प्रान्त हो । त्यहाँ अल्पसङ्ख्यक जाति धेरै छन् । गतवर्ष चिनियाँ कम्युनिस्ट पार्टीले क्वी चोमा जातीय सम्मेलनको आयोजना गरेको थियो । विभिन्न जातिलाई एकताबद्ध गर्ने हाम्रो राजनीति हो । आर्थिक सामाजिक विकास गर्ने हाम्रो लक्ष्य हो । अल्पसङ्ख्यक

जातिहरूको संस्कृतिको संरक्षण गर्ने हाम्रो नीति हो । चीनमा ५६ वटा जातिहरू छन् । नेपाल पनि बहुजातीय मुलुक हो । विभिन्न जातिहरूको समर्थन लिएर अघि बढ्नु वामपन्थीहरूको सफलता हो । नेपाल र चीन बीचमा बौद्ध धार्मिक सम्बन्ध पुरानो र घनिष्ट सम्बन्ध हो । हिन्दु र बौद्ध धर्म नेपालीहरूको मुख्य धर्म हो । कम्युनिस्ट पार्टीका सदस्यहरूले धर्मका बारेमा कसरी सोच्ने । सोच्ने तरिका महत्त्वपूर्ण हो । सोच्ने तरिका वा चिन्तन शैली र राजनीतिबीचको जीवन्त सम्बन्ध हुन्छ । अहिले नेपालको विशिष्ट परिस्थितिमा चिन्तनशैली र राजनीतिलाई राम्रो तरिकाले जोड्नुपर्छ । यो हाम्रो सुझाव हो ।' हाम्रो तर्फबाट चक्रपाणि खनाल 'बलदेव'ले विषयहरू प्रस्तुत भए । हाम्रा विषय र चिनियाँ चासोका विषयमा पनि हामीले कुरा राख्यौं ।

'हाम्रा अगाडि भू-कम्पपछिको पुनर्निर्माण र संविधान कार्यान्वयनका दुई प्रमुख चुनौती छन् । मधेश समस्यालाई संवादको माध्यमबाट हल गर्ने र राष्ट्रिय एकता कायम गर्ने तथा संविधान कार्यान्वयनमा सहजताको हेतुले राष्ट्रिय सहमतिको सरकार निर्माण गर्ने हाम्रो प्रयास हो । वामपन्थी पार्टीहरूसँगको एकता हाम्रो आफ्नै प्रस्ताव हो । तत्काल विचार र राजनीति मिल्नेसँग एकता कायम गर्ने र न्यूनतम नीति र कार्यक्रम मिल्नेसँग कार्यगत एकता र तालमेल गरेर जाने नीतिअनुसार नै हामीले वामपन्थी शक्तिहरूको सरकार बनाएका हौं । तर सरकारको नेतृत्वको तर्फबाट राष्ट्रिय एकता कायम गर्ने र गठबन्धनका सहमतिलाई इमान्दारीपूर्वक पालना गर्नेमा गम्भीर समस्याहरू देखापरेका छन् । हामीले ती समस्याहरूलाई नौबुँदे सहमतिमार्फत

समाधान गर्ने प्रयास गरेका छौँ । चीनको राष्ट्रिय चासो, एक चीन नीतिप्रतिको नेपालको प्रतिबद्धता र नयाँ रेशममार्गसम्बन्धी चिनियाँ प्रस्तावलाई नेपालको तर्फबाट र पार्टीको तर्फबाट समेत पक्षमा राख्ने कुरामा हामी दृढ छौं ।'

नेपालको समृद्धि र विकासको दिशामा तपाईंहरूको सहयोग र चासो अझ बढोस् भन्ने कुरा हामीले राख्यौं । बैठकपछि उहाँहरूको आयोजनामा भएको दिवाभोजमा सहभागी भयौं । ली जुनसहितको टोलीसँग पनि नेपाल र चीनका राजनीतिक परिवेशका बारेमा अनौपचारिक छलफल गर्‍यौं । सरलाजी र राजु (नेपाली नाम) जीले छलफललाई सहजीकरण गरे । राजु पनि नेपाल र नेपाली भाषामा राम्रो दख्खल राख्ने चिनियाँ विदेश विभागका जिम्मेवार साथी रहेछन् ।✪

## २५. बिदाइका हात हल्लाउँदै बेइजिङबाट

बैठकपछि चिनियाँ नेतृत्वसँग बिदाई भयौं । १४ बजे होटेल छोड्यौं र बेइजिङ विमानस्थलतर्फ प्रस्थान गर्‍यौं । चिनियाँ विदेश विभागका कमरेडहरूसँग दश दिने सहयात्रासहित बिदाई हुँदैथियौं । बाटोमा केही पारिवारिक कुरा पनि भए । सरलाका हजुरबा चिनियाँ जनमुक्ति सेनामा रहेछन् । उनी कोरियाको युद्धमा शहीद भएका रहेछन् । सरला शहीदको नातिनी रहिछिन् । यो कुरा सुनेपछि उनीप्रतिको सम्मान र स्नेह अझ बढेर गयो । उनीहरूको अघिल्लो पुस्ताले लडेर चीनको इतिहास निर्माण गरे । हामी भने भर्खरै मात्र आफैं युद्धमोर्चामा सामेल भएर आयौं । मुक्तियुद्धका रगतका टाटा अझै आलै छन् । हामी बेइजिङबाट छेन्दुको लागि चाइना एयरको १४२५ नम्बरको फ्लाइटमा चढ्दैछौं ।

हामीलाई बिदाई गर्न सरला, लीन ताओ र ल्यु एयरपोर्टसम्म आए । फेरि भेट्ने आशा र बाचासहित बिदाइका हातहरू हार्दिकतापूर्वक हल्लायौं र गह्रुँगो मनसहित लिफ्टबाट विमानतर्फ प्रस्थान गर्‍यौं ।

सूर्य पश्चिमी आकाशतिर ढल्किँदैथियो । विमानले बेइजिङको आकाशमा फन्को मार्दै पश्चिमतर्फ उडान भर्‍यो । बेइजिङ रहँदा काठमाडौंसँगको सम्पर्क बाक्लो हुँदैगएको थियो । जेठ ६ गते नै एकीकृत नेकपा माओवादी र रामबहादुर थापा 'बादल' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) बीच पार्टी एकता हुने टुङ्गो लागिसकेको थियो । काठमाडौं पुगेकै भोलिपल्ट एकता भेलामा सहभागी हुने निश्चित भयो । कमरेडहरूले एकतापछिको पार्टी र आफ्नो भूमिकाको बारे पनि बेइजिङमै चर्चा चलाउन थालिसकेका थिए । चिनियाँ समयअनुसार नौ बजे छेन्दु एयरपोर्टमा अवतरण भयौं । हामीलाई लिन सिचुवान प्रान्तका विदेश विभागका कमरेडहरू हातमा प्लेकार्ड बोकेरै बसेका रहेछन् । एयरपोर्टको गेटबाट रिसिव गरेर एयरपोर्टकै होटेलमा लगेर व्यवस्थापन गरी बिदा भए ।

हाम्रो टोलीका कमान्डर बलदेव पूर्वजनमुक्ति सेनाका डेपुटी कमान्डर तथा पार्टी स्थायी समिति सदस्य हुन् । अर्घामा जन्मेर कम्युनिस्ट राजनितिमा लागेका बलदेव युवा अवस्थामा साह्रै निर्भीक तथा लडाकु स्वभावका थिए रे । उनको सोख र व्यवसाय दुवैको मेल फोटोग्राफीमा भएछ । चिटिक्क परेको तन्नेरी फोटोग्राफर युवायुवतीको आकर्षणमा पर्ने कुरा त स्वाभाविक नै भैहाल्यो । उनले फोटो मात्र खिचेनछन् बरू युवाहरूको मानस्पटलमा राजनीतिक तस्बिर खिच्न पनि सफल भएछन । उनका जीवनका झाँकीहरूको स्मरणले

यात्रालाई थप रोमाञ्चित बनाएको थियो । उनी खुला किताबका पाना हुन् । ओल्टाई पल्टाई पढ्न मिल्ने । साथीभाइसँग दूरीमा बस्न नचाहने उनको शैलीले मलाई पनि प्रभावित गरेरै छोड्यो ।

संविधानसभा तथा व्यवस्थापिका संसद्का पूर्वसभामुख पूर्णकुमारी सुवेदी इतिहास बोकेकी महिला नेत्री हुन् । हामीले भ्रमण टोलीमा उपकमान्डर उनलाई चुनेका थियौं । प्रकाशहरि पोखेल पूर्वविद्यार्थी अध्यक्ष हुन् । पछिल्लो पटक चार नम्बर प्रदेशमा रहेर पार्टीको जिम्मेवारी पूरा गरेका उनले अहिले पार्टी केन्द्रीय कार्यालयमा रहेर काम गरिरहेका छन् ।

मुस्लिम समुदायका अगुवा हकिकुल्ला मुसलमान अन्तरिम व्यवस्थापिका संसद्का सदस्य थिए । कपिलबस्तुबाट राजनीतिमा आएका उनी पुरानै कम्युनिस्ट नेता हुन् । सहिद रामवृक्ष यादवका ज्वाइँ दिलीपकुमार साह मधेसी युवाहरूका एक राम्रा प्रतिनिधि हुन् । उनीसँग मेरो पुरानो हेलमेल नभए पनि भ्रमणको क्रममा उक्त अवसर प्राप्त भयो ।

रूकुमकी छोरी विमला के.सी. जनयुद्धकालीन समयमा एकै पार्टी समितिमा रहेर काम गरेकी सहपाठी हुन् । छोरी भएकाले समाजमा पछि पार्नु हुन्न र परिन्न पनि भनेर दृढतापूर्वक अगाडि बढेकी महिला अगुवा हुन् उनी । सिक्न नहिच्किचाउने स्वभाव र आक्रामक शैलीका कारण उनले सधैं अग्रभागमै आफूलाई प्रस्तुत गर्छिन् । भ्रमणको क्रममा पनि उनको यो स्वभाव व्यक्त भैराख्दथ्यो । कमान्डरले नियमित समीक्षा र छलफल राखिनुपर्छ भन्ने उनको दृढ मत रहन्थ्यो ।

कमला नकर्मीको बारेमा धेरै भन्न पर्दैन । उनी एक सफल इतिहासको नायक हुन् । महिलाहरूले गरेको गोरखा जेलब्रेक इतिहासमै पहिलो परिघटना थियो । उनी त्यसको कमान्डर थिइन् । हेर्दा फुच्चीफुच्ची, जिम्मेवारीले थिचिएकीझैं लाग्ने, एक भद्र र जिम्मेवार नेतृ हुन् कमला । भ्रमणमा पनि यो जिम्मेवारी उनले सहजताका साथ पूरा गरिन् ।

ठालुप्रसाद गौतम (विवेक) पूर्वी नेपालका प्रेस सेन्टर सम्बद्ध पत्रकार हुन् । भ्रमण दलमा प्रेस जगतको प्रतिनिधित्व उनले गरेका थिए । मान्छे चलाख चैं अति नै हुन् । उनलाई प्रचार तथा फोटोग्राफीको जिम्मा दिइएको थियो । उनीसँग मेरो पहिलो अन्तर्क्रिया यहीँ क्रममा हुन पुगेको हो । उनलाई दिइएको जिम्मेवारी पूरा गर्ने काममा कमला नहर्कीको भूमिका महत्वपूर्ण रह्‍यो । कमलाजीले राम्रो खालको क्यामरा पनि आफैंले बोकेर लिनुभएको थियो ।

दुर्गाप्रसाद चापागाई परे पूर्वी नेपालको राजनीतिक केन्द्र तेह्रथुम आठराईका । उनी मेरा विद्यार्थी राजनीतिले चिनाएका मान्छे । केन्द्रीय समितिमा करिब तीन वर्षसँगै काम गऱ्यौं । यो यात्रामा मेरा अलिक बेसी नै मिल्ने साथी उनी नै परेछन् । उमेर समूहको हिसाबले पनि होला पश्चिम अछामका लोक बोहोरा पनि टिममा बढी नै जमे । कुनै बेला उनी र म नेता कार्यकर्ताको रूपमा, साथी सहयोद्धाको रूपमा पश्चिम नेपालमा सँगै काम गरेका थियौं । विशाल शर्मा मेरा सबभन्दा नजिकका छिमेकी । रूकुम चौरजहारी लहरेसिमलमा जन्मेका उनी हामीभन्दा केही वर्ष पाका हुन् । उनले र मैले एउटै विद्यालयबाट विद्यालय शिक्षा पूरा गरेका हौं । उनको पुस्ताले नै हामीलाई राजनीतिमा समाहित गरेको हो । अग्रज तर साथीको रूपमा रहेको हाम्रो सम्बन्धले

भ्रमणको अन्तरंगको पाटो सहज बन्यो । जीवनमा रक्सी नसुँघेका र त्यो सुँघ्नु पनि हुँदैन भन्ने आदर्श बोकेका उनलाई माओ थाई चियर्स गर्न दबाब सिर्जना भएपछि के हालत भयो होला भन्नै परेन । सायद उनी यसमा बच्न सफल भए क्यारे ।

सुनील पौडेल र युवराज भण्डारी पार्टीको विदेश विभागको तर्फबाट भ्रमण टोलीमा सदस्य थिए । सुनील सरको अन्तर्राष्ट्रिय सम्बन्धको पक्षले भ्रमणलाई मद्दत गर्नेछ भन्नेमा टोली नेताले अलि बढी नै अपेक्षा गर्नुभएको थियो सायद । भण्डारीजी भारतमा रहेको प्रवासको पार्टी शाखामा रही काम गर्दथे । हाम्रो टोलीमा महिलाको संख्या चार जनाको थियो । जसमा एक जना मकवानपुरकी प्रमिला लामा पुलामी थिइन् । तीन नम्बर प्रदेशको लामा समुदायको प्रतिनिधित्व पनि उनले गरेकी थिइन् । जे होस् हाम्रो टिम पूरै समावेशी थियो । नेपाली समाजको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, लैंगिक, क्षेत्रीय आधार आदिबाट पनि यो टिम समावेशी थियो । उमेरको हिसाबले पनि करिब करिब थ्री इन वन । साथीहरूको भनाइ थियो, वैज्ञानिक पार्टीको वस्तुवादी र वैज्ञानिक निर्णय न पऱ्यो ।

## २६. छेन्दुको बिहानी र काठमाडौंको अपरान्ह

मे १८, २०१७ अर्थात् २०७३ जेठ ५ गते बुधबार बिहानै घडीको घण्टीले उठायो । ठिक ५ बजे लिफ्टको साहारामा भुइँतलामा पुगियो । पहिलो भइएछ, क्रमशः अरू साथीहरू झरे । चियानास्ता लिएर गाडी चढ्यौं र विमानस्थलमा प्रवेश गऱ्यौं । छेन्दुमा काठमाडौं आउने अरू नेपाली यात्रुहरू पनि भेटिए । छेन्दु विमानस्थल पश्चिम चीनको राष्ट्रिय

अन्तर्राष्ट्रिय उडानको ठुलै ट्रान्जिट रहेछ । हामीकहाँ अन्तर्राष्ट्रिय एयरपोर्टमा बोइङका आठवटा स्टेसनमात्र छन्, छेन्दुमा ५०० भन्दा बढी रहेछन् ।

हामी छेन्दुबाट उड्यौं । करिब तीन घण्टाको हवाई यात्रा पछि सगरमाथाको काखमा आइपुग्यौं । सगरमाथाको फेदीबाट नेपाल प्रवेश गर्दा आफ्नै घर टाढाबाट देखेजस्तै भयो । हिउँको यात्रा पार गरेपछि हरियाली शुरू भयो । काठमाडौंको आकाशमा हवाई ट्राफिकको कारण एक फन्को मारेपछि अवतरणको अनुमति पाइयो र दशदिने चीन भ्रमण सकेर हाम्रो टोली सफलतापूर्वक काठमाडौं विमानस्थलमा अवतरण भयो ।

चिनियाँ विशेषतासहितको समाजवाद निर्माणमा अघि बढेको एक विशाल छिमेकी देश चीनको औपचारिक भ्रमण सकेर, थुप्रै अनुभव बटुलेर, महत्त्वपूर्ण सन्देश बोकेर नेपाल फर्कियौं । चिनियाँहरूको नेपालप्रतिको सद्भाव साँच्चै लोभलाग्दो छ । उनीहरूले छिमेकी नीतिमा केही बदलावको सङ्केत देखाउन वा राजनीतिक रूपले केही सक्रियता बढाउन खोजेका हुन् कि भन्ने महसुस हामीले यो भ्रमणका क्रममा गरेका छौं । भ्रमणमा अवसर प्रदान गर्ने पार्टी केन्द्रीय समिति विदेश विभाग, भ्रमणको नेतृत्व प्रदान गर्ने पार्टी स्थायी समिति सदस्य चक्रपाणि खनाल बलदेव र न्यानो सहकार्यका लागि सबै कमरेडहरूप्रति हार्दिक आभार तथा धन्यवाद दिन चाहन्छु । चीन भ्रमण पार्टी जीवन र स्वयम् मेरो व्यक्तिगत जीवनका लागि पनि एक उपयोगी शिक्षा सावित हुनेमा म विश्वस्त छु । ✪

## २७. भाषा, अनुवादक र अभिव्यक्ति

हाम्रो टोलीमा कोही पनि चिनियाँ जान्ने थिएनौं । टुटेफुटेको अङ्ग्रेजीले कुराकानीमा केही सजिलो भए तापनि धेरैजसो चिनियाँहरूले पहिलो भाषा नै प्रयोग गर्थे । सरला नेपालमा नेपाली भाषा पढेकी र अनुवादकको भूमिकामा रहेकोले हामीलाई भ्रमण अवधिमा विचार आदान-प्रदान सहज भएको थियो । सरलाको नेपाली पनि हाम्रो अङ्ग्रेजीजस्तै थियो । जब उनी नेपाली बोल्दथिन्, कहीं न कहीं जिब्रो चिप्लिरहेको हुन्थ्यो । हामीले चिनियाँ शब्दको उच्चारण आफ्नो पाराले गरेझैं नेपाली भाषाको उच्चारण पनि त्यस्तै हुँदोरहेछ । हाम्रो टोलीमा लामो नाम भएका हकि कुल्ला मुसलमान थिए । सरलाले उनलाई मुतलमान भनेर बोलाउँदा साथीहरू हाँस्थे । मेरो नाम भने माला थियो । मल्ललाई उनी माला भन्थिन् । भाषिक ज्ञानको अभावमा भन्न खोजेको कुरा जस्ताको तस्तै पुऱ्याउन गाह्रो हुँदोरहेछ । उच्चस्तरीय बैठकमा पनि त्यो अनुभूति भयो । आफ्नो निकट छिमेकी र विश्वमा सबभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा भएकोले चिनियाँ भाषा नेपालमा सिक्दा फाइदा हुने नै देखियो ।

★★★

# स्मृतिमा भारत भ्रमण

## १. पूर्वसन्दर्भ

राष्ट्रिय र क्षेत्रीय शक्तिहरूबीचको राजनीतिक ध्रुवीकरण बढ्दै गएको, दलहरूबीच आशङ्का, अविश्वासको अवस्था रहेको तथा राष्ट्रिय एकता नै जोखिममा रहेको परिस्थितिमा २०७३ साउन २० गते नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेपालको ३९ औं प्रधानमन्त्रीमा निर्वाचित हुनुभयो । संविधानको स्वीकार्यतालाई फराकिलो बनाएर प्रभावकारी कार्यान्वयन गर्ने, शान्ति प्रक्रियालाई पूर्णता दिने, भू-कम्पबाट क्षतिग्रस्त संरचनाहरूको पुनःनिर्माण र नवनिर्माण गर्ने, सुशासन र प्रभावकारी जनसेवामार्फत आर्थिक समृद्धि हासिल गर्ने जोखिमपूर्ण अवसर सरकारलाई प्राप्त भयो । प्रधानमन्त्रीको शपथग्रहणको भोलिपल्ट कमरेड वर्षमान पुन 'अनन्त' ले मलाई लाजिम्पाट बोलाएर प्रधानमन्त्री तथा अध्यक्ष कमरेड प्रचण्डको सचिवालय टिममा बसेर सहयोग गर्न भनेपछि मैले ठूलै जिम्मेवारी थपिएको अनुभव गरेँ । 'तपाईंले विद्यार्थी आन्दोलनको सफल नेतृत्व गरिसक्नुभयो । हामीले अहिले यो देश बनाउने जोखिमपूर्ण जिम्मेवारि बोकेका छौं । यो कार्यकाल पार्टी र स्वयम् मेरो लागि पनि चुनौतीपूर्ण अवसर हो । हामी सफल हुँदा सिङ्गो देश, पार्टी र आन्दोलन सफल हुन्छ । तपाईं पनि मेरो सचिवालयको टिममा बस्नुहोस् र सहयोग गर्नुस् ।' प्रधानमन्त्रीका यी अभिव्यक्ति मेरा लागि उत्प्रेरक थिए ।

यो राष्ट्रको चुनौतीपूर्ण अभिभारालाई स्वीकार गर्दै सङ्घर्षको नयाँ मोर्चा सम्हाल्ने पार्टी र नेतृत्वको सङ्कल्प थियो। उक्त अभियानमा एउटा सारथि बन्ने अवसर प्राप्त भएकोमा गर्वको महसुस भयो। चुनौतीलाई अवसरमा बदल्ने निर्णय गरें र साउन २१ गतेदेखि नै प्रधानमन्त्रीको स्वकीय सचिवको भूमिकामा रही सिंहदरबारको जिम्मेवारी सम्हालें।

वामपन्थी दलहरूबीचको साझेदारी र सहकार्यमार्फत् देशलाई एकताबद्ध गर्ने, संविधान संशोधन र कार्यान्वयन गर्ने, शान्ति प्रक्रियालाई टुङ्गो लगाउने, पुनःनिर्माणको कामलाई गति दिने राष्ट्रिय कार्यसूची र सत्ता साझेदार वामपन्थी दलहरूबीच आलोपालो नेतृत्व लिने राजनीतिक समझदारीको कार्यान्वयन गर्ने प्रश्नमा असफल र असहमत सरकारलाई नयाँ सत्ता समीकरणमार्फत् विस्थापित गरी अघि बढ्ने चुनौतीलाई पार्टी र अध्यक्ष प्रचण्डले स्वीकार गरेको सन्दर्भ एउटा उल्लेखनीय कुरा थियो।

अध्यक्षले मुलुकको जिम्मेवारी सम्हालेको तत्कालीन अवस्थामा नेपालको छिमेक सम्बन्ध निकै असन्तुलित अवस्थामा पुगेको थियो। मधेशकेन्द्रित दलहरूको आन्दोलन र भारतको नाकाबन्दीको कारण नेपाली जनताको दैनिकी निकै कष्टकर बनिसकेको थियो। प्रधानमन्त्री प्रचण्डले सरकार गठनको केही दिनमै दुई उप-प्रधानमन्त्रीहरू उत्तरमा कृष्णबहादुर महरा र दक्षिणमा विमलेन्द्र निधिलाई पठाएर दुई देशबीचको सन्तुलित छिमेक सम्बन्ध निर्माणको सन्देश दिएको सन्दर्भ राष्ट्रकै लागि महत्त्वपूर्ण बन्यो।✪

नेपालमा प्रचण्ड सरकार गठनलगत्तै भारतका प्रधानमन्त्रीद्वारा प्रधानमन्त्री प्रचण्डलाई भारतको राजकीय भ्रमणको लागि

निम्तो आयो । सामान्यतः यो नेपालका लागि कुनै नयाँ विषय नभई सामान्य प्रचलनजस्तै थियो । नयाँ सरकार गठनसँगै दुई देशबीचको दूरी कम हुँदैगएको थियो । आपसी असमझदारीहरूलाई राजनीतिक र कूटनीतिक तवरले समाधान गर्न शुरू भइसकेको थियो । त्यसैबीच परराष्ट्रमन्त्री डा. प्रकाशशरण महत दिल्ली पुगेर प्रधानमन्त्रीको भारत भ्रमणको तयारी पूरा गरे । प्रधानमन्त्रीको राजकीय भ्रमण टोलीमा सहभागी हुने महत्त्वपूर्ण अवसर मलाई पनि प्राप्त भयो ।

भारत भ्रमणको आवश्यक तयारीको क्रममा प्रधानमन्त्रीबाट थुप्रै बैठकहरूको आयोजना गरियो । विपक्षीहरूले यो भ्रमण भारतलाई रिझाउन गरिएको र भ्रमणको क्रममा ठूलै राष्ट्रघात हुन सक्नेलगायतका नानाभाँती आरोप लगाइरहेका थिए । भ्रमणको मुख्य उद्देश्य दुई देशबीचमा उत्पन्न तनावलाई सामान्यीकरण गर्नु, आपसी असमझदारीलाई समझदारी र सद्भावमा बदल्नु थियो न कि कुनै राष्ट्रिय महत्वका सन्धि–सम्झौता गर्नु ।

यद्यपि, प्रधानमन्त्री प्रचण्डबाट पूर्वप्रधानमन्त्रीहरू, विपक्षी दलका नेताहरू, पूर्वपरराष्ट्रमन्त्री, पूर्वपरराष्ट्र सचिवहरू तथा पूर्वराजदूतहरू, सत्ता साझेदार, मधेशी दल तथा आफ्नै पार्टीका नेताहरू, सांसदहरू, सुरक्षा अङ्ग तथा प्रशासनयन्त्रका उच्चपदस्थ अधिकारीहरू, देशभक्तिपूर्ण आन्दोलनका अभियन्ताहरू, लगानीकर्ता, उद्योगी तथा व्यवसायीहरू, पत्रकार आदिबीचमा भारत भ्रमणको बारेमा बैठक, छलफल तथा परामर्शका कामहरू सम्पन्न भए । २०७३ भाद्र २९ गतेसम्म भ्रमणको आवश्यक तयारी पूरा

गरियो । उक्त राजकीय भ्रमणको समयावधि भदौ ३० गतेदेखि असोज २ गतेसम्म निर्धारण गरिएको थियो ।✪

हामी भदौ ३० गते बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलतर्फ प्रस्थान गर्‍यौं । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षबाट सभामुख ओनसरी घर्ती, उप-प्रधानमन्त्रीहरू, मन्त्रीगण, मुख्य स्वकीय सचिव जोखबहादुर महरा, मुख्य सचिवलगायत सबै हाम्रो बिदाइमा आएका क्षणहरू सम्भिmरहेको छु । प्रधानमन्त्रीको साथमा पत्नी सीता दाहाल, परराष्ट्रमन्त्री प्रकाशशरण महत, भौतिक पूर्वाधार तथा यातायात मन्त्री रमेश लेखक, माओवादी संसदीय दलका प्रमुख सचेतक टेकबहादु बस्नेत, संसद्मा प्रतिनिधित्व गर्ने विभिन्न दलसँग सम्बद्ध सांसदहरू, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार चक्रपाणि खनाल 'बलदेव', परराष्ट्र सल्लाहकार डा. ऋषिराज अधिकारी, प्रेस सल्लाहकार गोविन्द आचार्य, स्वकीय सचिवहरू क्रमशः म र साकार दाहाल 'प्रकाश', फोटोग्राफर दिनेश श्रेष्ठ, परराष्ट्रसचिव शङ्कर बैरागीलगायतका नेपाल सरकारका सचिवहरू, शिष्टाचार महापाललगायत परराष्ट्र मन्त्रालयका कर्मचारीहरू, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकृतहरू, पत्रकारहरू, लगानी बोर्डका पदाधिकारी, उद्योग वाणिज्य महासङ्घीयलगायतका निजी क्षेत्रसँग सम्बद्ध उद्योग व्यवसायीहरूको सहभागिता थियो ।

विमानमा यात्रारत रहँदा मसँग प्रधानमन्त्रीका प्रेस सल्लाहकार सँगै थिए । प्रधानमन्त्रीको भारत भ्रमणका विषयलाई लिएर काठमाडौंमा यसका पक्ष र विपक्षमा चलिरहेको बहस, टिप्पणी र आलोचनाका विषयमा छलफल गर्दै गयौं । भर्खरै प्रतिपक्ष सम्बद्ध देखिने मिडियाहरू यो भ्रमण राष्ट्रिय

हितका विरूद्ध हुने भन्दै प्रचारबाजी गरिरहेका थिए । हामी चाहन्थ्यौं कि यो भ्रमणमा भएका सबै गतिविधि जनताको बीचमा जस्ताको तस्तै लैजान सकौं । भ्रमणबाट दुई देशबीचका सम्बन्धलाई थप हार्दिक बनाउन सकौं । संविधान कार्यान्वयन र नेपालको आर्थिक समृद्धिको यात्रामा छिमेकीको सद्भाव प्राप्त गर्ने वातावरण बनाउन सकौं ।

विमान उडिरहेको थियो । प्रधानमन्त्री प्रचण्डले आफ्नो सीटबाट उठेर भ्रमण दलका सबै सदस्यहरूसँग परिचय र अभिवादन गर्दा विमानभित्र देखिएको दृश्य रोमाञ्चक थियो । प्रधानमन्त्रीले पूर्ण आत्मविश्वासका साथ भ्रमण टोलीका सदस्यहरूलाई छिमेक सम्बन्धमा नयाँ सद्भावको विकास हुनेमा आश्वस्त पार्न खोजेको देखिन्थ्यो ।✪

## २. प्रधानमन्त्री अतिविशिष्ट पाहुनाका रूपमा राष्ट्रपति भवनमा

नयाँ दिल्लीमा प्रधानमन्त्री प्रचण्डलाई भारतका विदेशमन्त्री सुषमा स्वराजबाट इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरियो । दल्ली एयरपोर्टबाट प्रधानमन्त्रीको कारगेटसँगै बाहिरियौं । कारगेट सिधै राष्ट्रपति भवनतर्फ प्रस्थान गऱ्यो । प्रधानमन्त्री प्रचण्डलाई भारतको अतिविशिष्ट पाहुनाका रूपमा राष्ट्रपति भवनमा राखिएको थियो भने भ्रमण टोलीका अन्य सदस्यहरूलाई होटेल ताज प्यालेसमा व्यवस्था थियो । पहिलो कार्यक्रमको लागि नयाँ दिल्लीस्थित नेपाली दूतावासमा प्रस्थान गऱ्यौं । जहाँ भारतका लागि नेपालका कार्यवाहक राजदूतले प्रधानमन्त्री प्रचण्डलाई स्वागत तथा सम्मान गरे । ✪

## ३. प्रवासी नेपालीहरूका बीचमा

भारत भ्रमणका क्रममा प्रधानमन्त्री प्रचण्डको पहिलो कार्यक्रम प्रवासी नेपालीहरूसँग रह्यो । दूतावास परिसरमा आयोजित उक्त कार्यक्रममा प्रवासी नेपालीहरूका विभिन्न सङ्घ-संस्थाका प्रतिनिधिहरूबाट भारतमा रहेका नेपालीहरूका विभिन्न समस्याहरू र नेपाल-भारत सम्बन्धका दुई पक्षीय सवालहरू सम्बोधन हुने अपेक्षासहितका लिखितम् र वकितम् सुझाव पेश भए । प्रधानमन्त्रीले प्रवासी नेपालीहरूका सुझाव र गुनासाहरूलाई आफूले गम्भीरतापूर्वक लिएको भन्दै त्यसलाई ध्यान दिने कुरा बताइरहँदा उनीहरू आशावादी देखिन्थे । प्रधानमन्त्रीबाट कार्यक्रममा आफ्नो भारत भ्रमण दुई देशको सम्बन्ध सुमधूर बनाउन सद्भाव भ्रमणका रूपमा रहेको भन्दै यस भ्रमणले नेपाल र भारतबीचको सम्बन्ध थप सुमधूर र गतिशील बनाउने विश्वास व्यक्त गरियो । संविधान कार्यान्वयन र देश निर्माणको महाअभियानमा हातेमालो गर्न प्रवासी नेपालीहरूलाई गरेको अपील मेरो सम्झनामा गहिरोसँग बसेको छ ।

उक्त कार्यक्रममा भारत भ्रमणको विषयमा जानकार नेपाली समुदायको बाक्लो उपस्थिति थियो । नयाँदिल्लीबाट मात्र नभै भारतका विभिन्न सहरबाट नेपाली समुदायका विभिन्न तप्काको उपस्थिति देखिन्थ्यो । जसमध्ये मजदूर र विद्यार्थीहरूको उपस्थिति अलिक बेसी थियो ।

मुम्बइबाट बझाङका युवा विद्यार्थी कृष्णसिंह दिल्ली आइपुगेका रहेछन् । उनीसहित पश्चिम नेपालतिरका थुप्रै विद्यार्थी र मजदुर साथीहरू त्यहाँ थिए । हामी बीचको भेटमा उनीहरू औधी खुसी देखिन्थे । उनी मसँग सामाजिक सञ्जालमा

पहिलेदेखि जोडिएका थिए । विद्यार्थी अध्यक्ष हुँदा उनले धेरै पटक विद्यार्थी कार्यक्रममा भारत बोलाउने प्रयास गरेका हुन् तर त्यो सम्भव भएको थिएन । उनीलगायत दिल्ली, बैङ्लोर र महाराष्ट्रमा अध्ययन गरिरहेका अरू थुप्रै विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्ने मौका मिल्यो । नेपाली विद्यार्थीहरूको आकर्षणको एउटा विषय चार्टर्ड एकाउन्टेन्ट रहेछ । तर पछिल्लो समय नेपाल सरकारले भारतमा उक्त विषय पढेका विद्यार्थीको समकक्षता र योग्यतामाथि प्रश्न खडा गरेपछि नेपाली विद्यार्थीहरू आक्रोशित बनेका रहेछन् । उनीहरूले मलाई यस विषयमा प्रधानमन्त्रीको ध्यानाकर्षण गरिदिन आग्रह गरे ।✪

## ४. भारतीय नेताहरूसँग भेटवार्ता

प्रधानमन्त्री प्रचण्डको नेपाली राजदूतावासमा भारतीय नेताहरू, विहारका मुख्यमन्त्री नितिश कुमार, भाकपा मार्क्सवादीका महासचिव सिताराम येंचुरी, नेताहरू शरद यादव, केसी त्यागी, डिपी त्रिपाठीलगायतसँग भेटवार्ता भयो । उनीहरू सँगको भेटका अवसरमा दुई देशबीचको आपसी सम्बन्ध र हितका विषयमा छलफल भयो । सोही दिन साँझ प्रधानमन्त्रीको सम्मानमा नेपाली दूतावासद्वारा आयोजित रात्रिभोजको स्मृति अद्यापि ताजा छ । उक्त रात्रिभोजमा अपरान्ह दूतावासको भेटघाटमा सहभागी प्रायःजसो नेताहरूको उपस्थिति थियो । उक्त दिन दिनभर हाम्रो टोली प्रधानमन्त्रीका सबै कार्यक्रममा सहभागी भयौं । भारतीय नेताहरूसँगको भेटघाटकै बीचमा दूरदर्शन, एनडिटिभी लगायतका टेलिभिजनहरूले प्रधानमन्त्री प्रचण्डको प्रत्यक्ष प्रसारण गरे ।✪

## ५. प्रधानमन्त्रीलाई भारत सरकारको राजकीय सम्मान (गार्ड अफ अनर)

प्रधानमन्त्री सचिवालयका सदस्यहरू, सांसदहरू र नेपाल सरकारका सचिवहरू बिहान सात बजे नै राष्ट्रपति भवनमा उपस्थित भयौं । पूर्वनिर्धारित कार्यक्रमअनुसार नेपालका प्रधानमन्त्रीलाई भारत सरकारले राजकीय सम्मान दिँदैथियो । राष्ट्रपति भवन अतिविशिष्ट अतिथिको स्वागतार्थ भव्य रूपमा सजाइएको थियो । हामी निर्धारित स्थानमा गएर आसनग्रहण गऱ्यौं । केही समयपश्चात् समारोहस्थलमा भारत सरकारका मन्त्री र उच्च पदस्थ व्यक्तित्वहरूको प्रवेश भयो । लगत्तै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कारगेट प्रस्थान गऱ्यो । तत्पश्चात् विशेष कारगेटमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आगमन भयो । गाडी, घोडाको लावालस्कर फौजको बीचमा रहेको कारगेट राष्ट्रपति भवनको प्राङ्गणमा प्रस्थान गरेपश्चात् भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका प्रधानमन्त्रीलाई स्वागत गरेपश्चात् भारत सरकारको तर्फबाट भारतीय सेनाको विशेष फोर्सले नेपालका सम्माननीय प्रधानमन्त्रीको सम्मानार्थ गार्ड अफ अनर प्रदान गऱ्यो । ✪

## ६. प्रधानमन्त्री प्रचण्ड राजघाटमा

राजघाटमा महात्मा गान्धीको समाधिस्थल रहेको छ । विश्वका हरेक देशका राष्ट्रप्रमुख वा सरकार प्रमुखले भारतको औपचारिक भ्रमण गर्दा राजघाट पुगेर मात्र आफ्नो औपचारिक भेटघाटको शुरूवात गर्दारहेछन् । भारत सरकारले यसलाई हरेक भ्रमणको प्रस्थान बनाउँदोरहेछ । भारतीय

जनताको गान्धीप्रतिको सम्मानप्रतिको ऐक्यबद्धता र सम्मान पनि होला राजघाट यात्रा । राष्ट्रपति कार्यालयको सम्मान समारोहको लगत्तै प्रधानमन्त्री प्रचण्ड राजघाट पुगेर महात्मा गान्धीको समाधिस्थलमा श्रद्धाञ्जली अर्पण गरी त्यहाँ राखिएको श्रद्धाञ्जली पुस्तिकामा शब्द-श्रद्धासहितको हस्ताक्षर गरेसँगसँगै हामी पनि राजघाट पुग्यौं र गान्धी समाधिमा श्रद्धाञ्जली अर्पण गऱ्यौं । राजघाट जाँदा र आउँदा सडकको दृश्य हेर्नलायक थियो । उच्च सुरक्षा व्यवस्थासहित भ्रमणको व्यवस्थापन गरिएको थियो । पूरै सडक खाली गराइएको थियो । सडकका चोक र पेटीमा सुरक्षाकर्मी मात्र तैनाथ थिए । दिल्लीका फराकिला सडक पोलहरूमा नेपाल र भारतका राष्ट्रिय झन्डा फहराइएका थिए । उक्त राजकीय भ्रमणका चारैदिन सवारीका क्रममा यिनै दृश्यहरू देखापरे ।✪

## ७. विदेशमन्त्री स्वराजसँग भेटवार्ता

राजघाटबाट राष्ट्रपति कार्यालयमा आइपुगेपश्चात् प्रधानमन्त्रीको औपचारिक भेटघाटको शृङ्खला शुरू भयो । पहिलो भेटको लागि विदेशमन्त्री सुषमा स्वराज, भारतीय विदेश सचिव, नेपालस्थित भारतीय राजदूतसहितको प्रतिनिधि मण्डल राष्ट्रपति कार्यालयको बैठककक्षमा आइपुग्यो । नेपालका प्रधानमन्त्री, मन्त्रीहरू, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार, परराष्ट्र सल्लाहकार, नेपाल सरकारका परराष्ट्र सचिव, भारतस्थित नेपाली दूतावासका कार्यवाहक राजदूत तथा प्रधानमन्त्रीका स्वकीय सचिवद्वय म र प्रकाश दाहाल भेटघाटमा सरिक भयौं । विदेशमन्त्री सूस्मा स्वराजले नेपालको संविधान निर्माण र तत्पश्चात् उत्पन्न परिस्थिति, मधेश आन्दोलनको राजनीतिक व्यवस्थापन गर्न नेपाल

सफल हुनेमा भारत सरकार विश्वस्त रहेको बताइन् । उक्त भेटमा संविधान निर्माणको सन्दर्भमा नेपाली जनताको निर्णयलाई भारतले सम्मान गरेको पनि बताइन् । यो भ्रमणको क्रममा औपचारिक रूपमै भारतले नेपालको संविधान निर्माणको प्रक्रिया ऐतिहासिक रहेको र यो प्रक्रियालाई भारत सरकारको तर्फबाट स्वागत गर्दछौं भनोस् भन्ने चाहना नेपाली पक्षको थियो । भारतीय पक्षले भने यो नेपालको आन्तरिक मामिला भएकोले यसबारे बोल्न आवश्यक नहुने भन्दै तर्कियो । यसबाट बुझ्न सकिन्थ्यो कि भारत सरकार नेपालको संविधान निर्माण प्रक्रियामा रहेका आफ्ना रिर्जभेसनलाई अझ पनि एकहदसम्म सुरक्षित नै राखिरहेको छ । सरकारको नयाँ नेतृत्वको भूमिकाबारे भारतले 'पर्ख र हेर' को नीति अपनाउने सङ्केतका रूपमा पनि यसलाई लिन सकिन्थ्यो । ✪

## ८. हैदरावाद हाउसमा समकक्षीबीच भेटवार्ता

नेपालका प्रधानमन्त्री प्रचण्ड आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणामा दिवाभोज तथा द्विपक्षीय भेटवार्ताको लागि प्रधानमन्त्री कार्यालय हैदरावाद हाउस प्रस्थान गरेपछि क्रमशः डेलिगेसन स्तरमा उच्चस्तरीय वार्ता, दुईजना प्रधानमन्त्री बीचको वान टू वान वार्ता, दुईपक्षीय समझदारीपत्रमा हस्ताक्षर गर्नुका साथै दुई देशका प्रधानमन्त्रीका बीचमा भएका उच्चस्तरीय समझदारीलाई सार्वजनिक गर्न संयुक्त पत्रकार सम्मेलनको आयोजना गरियो ।

## पञ्चशीलको आधारमा दुई देशबीचको सम्बन्ध

दुई देशका प्रधानमन्त्रीबाट संयुक्त पत्रकार सम्मेलनमार्फत् दुई देशबीचको आपसी सम्बन्धबारे चर्चा गर्दै नेपाल र भारतको शान्ति, स्थिरता र समृद्धि नै दुबै देशको साझा उद्देश्य भएको कुरा व्यक्त भयो । पत्रकार सम्मेलनको शुरूमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दुई देशबीचमा ऐतिहासिक सम्बन्ध रहेको चर्चा गर्दै नजिकको छिमेकी भएको कारण भारतले नेपालको समृद्धिका हरेक पाइलामा सहयात्री बन्ने अवसर पाएको कुरा बताए । प्रधानमन्त्री प्रचण्डले नेपालमा शान्ति र स्थायित्व स्थापना गर्न ठूलो भूमिका खेलेको बताउँदै प्रचण्डकै नेतृत्वमा सबै समुदायको चाहनालाई सम्बोधन गर्दै नेपालको संविधान कार्यान्वयन हुनेमा आफू विश्वस्त रहेको कुरा पनि व्यक्त गरे । उनले थपे 'मैले प्रधानमन्त्री प्रचण्डजीलाई भनेको छु, भारत नेपालको विकासको सहयात्री बन्न सदैव तयार रहेको छ । नेपालको सरकार र जनताको प्राथमिकताको आधारमा हामी सदैव सहयोग गर्न तयार छौं ।' उनले यसो भनिरहँदा नेपाली पक्ष दुई देशबीचको सम्बन्ध विकासमा नयाँपन आउनेमा आश्वस्त हुन खोजेको देखिन्थ्यो ।

संयुक्त पत्रकार सम्मेलनमा नेपालका प्रधानमन्त्री प्रचण्डद्वारा गतवर्ष नेपालले ऐतिहासिक रूपमा संविधान निर्माण गरेको बताउँदै त्यसप्रति शङ्का नगर्न भन्दै दुई देशबीचको आपसी सहकार्यबाट नै व्यापार र विकासका क्षेत्रमा महत्त्वपूर्ण प्रगति हुने विश्वास व्यक्त गरियो । उक्त अवसरमा नेपालको विकासका निम्ति भारतले विभिन्न आयोजनामार्फत् गरेको सहयोगको स्मरण पनि गरिएको थियो । प्रधानमन्त्रीका रूपमा आफूले दोश्रोपटक भारत भ्रमण गरेको बताउँदै

प्रधानमन्त्री प्रचण्डबाट भारतको तर्फबाट गरिएको स्वागत तथा सम्मानका लागि धन्यवाद व्यक्त गरियो । नेपालले सधैं पञ्चशीलको सिद्धान्तका आधारमा नै दुई देशबीचको सम्बन्धलाई अगाडि बढाउने नीति लिएको बताउँदै कुनै समस्या आएमा नेपाल सधैं खुला ढङ्गले छलफलमा बस्न चाहेको कुरा स्पष्टताका साथ प्रस्तुत गरिएको थियो । व्यापार र विद्युत् प्रसारण लाइनको योजना अगाडि बढाउनु आफ्नो मुख्य एजेन्डा रहेको बताउँदै प्रधानमन्त्रीले पञ्चेश्वर जलविद्युत् आयोजना अगाडि बढेमा दुबै देशलाई फाइदा पुग्ने, नेपाल–भारत सीमामा हुने अपराध नियन्त्रण गर्न संयुक्त सुरक्षा संयन्त्र राख्ने, विद्युत् प्रसारण लाइन विस्तारको कामलाई अगाडि बढाउने, नेपालको सिमानासम्म रेल्वे लाइन विस्तार गर्नेलगायतका विषयमा भएका सम्झौता महत्त्वपूर्ण भएको बताइरहँदा भारतीयहरू यी कुरा ध्यानपूर्वक सुनिरहेका थिए । हैदरावाद हाउसबाट प्रधानमन्त्री प्रचण्ड राष्ट्रपति भवन फर्केपछि राष्ट्रपति भवनमा भारतीय वित्तमन्त्री अरूण जेटली, ऊर्जा राज्यमन्त्री पियुश गोयल, उपराष्ट्रपतिसँग भेटी दुईपक्षीय हितका विषयमा छलफल भए ।

## पञ्चशीलका सिद्धान्त

*दोस्रो विश्वयुद्धपछि विश्व दुई ध्रुवमा विभाजीत भयो । एउटा समूह अमेरिकी पुँजीवादी ध्रुव अर्को सोभियत रूससमर्थक साम्यवादी ध्रुव बनेको थियो । यी दुई ध्रुवबीच शीतयुद्ध चर्कियो । अर्कोतिर भर्खरै स्वतन्त्र भएका तथा साना राष्ट्रहरू यी दुबै ध्रुवमा सामेल नभई एउटा छुट्टै अन्तर्राष्ट्रिय मञ्चहरूको खोजी गरिरहेका थिए । यसैक्रममा सन् १९५५ मा इन्डोनेसियाको डाङडुङमा अफ्रो–एसियाली राष्ट्रहरूको सम्मेलन भयो । जसमा पच्चीस राष्ट्रहरूले भाग लिएका थिए ।*

*त्यसबेलाका विश्व नेताहरूमा पं जवाहरलाल नेहरू (भारत), जोसेफ ब्रज टिटो (युगोस्लाभिया), सुकार्नो (इन्डोनेसिया), अव्दुल गमाल नासीर (इजिप्ट) र क्वामे एनक्रुमा (घाना) जस्ता व्यक्तित्व संलग्न थिए । असंलग्न आन्दोलनका संस्थापक यी नेताहरूलाई बिग फाइभका नामले समेत चिनिन्छ । यसै सन्दर्भमा पञ्चशीलका सिद्धान्त प्रतिपादन गरिएका थिए :*

*१. एक देशले अर्को देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने ।*
*२. समानता र पारस्परिक हितमा काम गर्ने ।*
*३. एक राज्यले अर्को राज्यको क्षेत्रीय, अखण्डता, सार्वभौमिकता र स्वतन्त्रताको कदर गर्ने ।*
*४. शान्तिपूर्ण सह-अस्तित्वलाई स्वीकार गर्ने ।*
*५. एक देशले अर्को देशलाई आक्रमण नगर्ने ।* ✪

## ९. भारतीय राष्ट्रपतिसँग शिष्टाचार भेट

प्रधानमन्त्री प्रचण्डबाट भारत भ्रमणका क्रममा प्रधानमन्त्री मोदीसँग भेट गरेकै दिन साँझ राष्ट्रपति भवनमा भारतीय राष्ट्रपति प्रणव मुखर्जीसँग शिष्टाचार भेट भयो । भेटका अवसरमा दुई देशबीचका आपसी हितका विषयमा कुराकानी भएको थियो ।

## १०. विद्युत् परियोजनाको अवलोकन

प्रधानमन्त्री प्रचण्डबाट भ्रमणको तेस्रो दिन बिहान हिमाञ्चल प्रदेशको नाथ्पा झाक्री जलविद्युत् परियोजनाको अवलोकन गरियो । उक्त परियोजनामा थुप्रै नेपाली कामदारहरू रहेछन । नाथ्पा झाक्री हाइड्रो इलेक्ट्रिक प्रोजेक्ट हिमाञ्चल प्रदेश,

किन्नौर जिल्लाको नाथ्पामा रहेको छ । यो सतलज नदीको जलविद्युत् परियोजना हो । यो प्रोजेक्टको भूमिगत पावर स्टेसन छ भने पावर स्टेसनमा पानीलाई डाइभर्ट गर्न २७.४ किलोमिटरको सुरूङमार्ग निर्माण गरिएको छ । यस प्रोजेक्टको अप्रेसनल जिम्मेवारी सतलज जलविद्युत् निगम लिमिटेडसँग रहेको छ । यो प्रोजेक्ट निर्माणको शिक्षा नेपालको विद्युत् विकासका लागि अति उपयोगी हुनसक्छ । नेपालको जलविद्युतको रोलमोडल चिलिमे जलविद्युत परियोजना पनि यस्तै प्रकृतिको रहेको छ ।

हामीले सोही दिन प्रधानमन्त्रीको भारत भ्रमणबारे नेपालमा के–कस्तो प्रभाव छ भन्ने कुरा बुझ्ने प्रयास ग¥यौं । भारतीय मिडियाहरूले यो भ्रमणलाई अत्यन्तै सकारात्मक रूपमा सम्प्रेषण गरिरहेका थिए, तर नेपालमा जसरी हुन्छ यस भ्रमणलाई असफल भन्ने भ्रम दिन र नेतृत्वलाई खुइल्याउन एउटा सिङ्गो शक्ति लागेको थियो । दुई देशबीचमा भएको आपसी समझदारीलाई लिएर नेपालका केही मिडियाहरूले अनर्गल प्रचार गरिरहेको कुरा हाम्रो जानकारीमा आयो । समझदारीको बुँदा नं. ११ लाई लिएर जुन प्रचार गरियो यो त अघिल्लो वर्ष काठमाडौंमा परराष्ट्रमन्त्री महेन्द्र पाण्डे र भारतीय विदेशमन्त्री सुषमा स्वराजबीच भएको २६ जुलाई २०१४ को समझदारीको बुँदा नं. ६ मै उल्लेख भएको भाषा रहेछ ।

अर्को कुरा, नेपालमा सञ्चालित आयोजनाहरूको संयुक्त अनुगमनको कुरालाई पनि गलत अर्थ लगाउन खोजिएको रहेछ । यो बिषयमा पुराना डकुमेन्ट खोजेर सेप्टेम्बर १८, २०१६ का दिन सामाजिक सञ्जालमा राखी खण्डन गर्ने काम ग¥यौं । उक्त कुरा समझदारीपत्रमा उल्लेख गर्नुको

कारण अरू केही नभएर छिमेक सम्बन्धमा सद्भाव पैदा गर्ने तथा नेपाल-भारतबीच हस्ताक्षर भई सञ्चालनमा आएका माथिल्लो कर्णाली, हुलाकी सडक, रेलसेवा विस्तारलगायतका आयोजनाको काममा भएको ढिलाइलाई गति दिने कुरा मात्र थियो । अझ द्विपक्षीय छलफलमा नेपाल पक्षले माथिल्लो कर्णालीको सम्झौता रद्द गर्ने प्रस्तावसमेत गरेको थियो तर भारतीय पक्षले यसलाई अगाडि बढाउन तयार रहेको र बरू कामको अनुगमन गर्न संयुक्त अनुगमन टोली बनाउन आफू तयार रहेको बताएको थियो ।

राजकीय भ्रमणकै क्रममा नेपाल-भारत सम्बन्धका विषयमा आयोजित विशेष पत्रकार सम्मेलनलाई होटेल ताजमा प्रधानमन्त्रीबाट सम्बोधन भयो भने ताजमै आयोजित नेपाल र भारतका उद्योगी व्यवसायी बीचमा आयोजित कार्यक्रममा नेपालका प्रधानमन्त्रीको विशेष उपस्थिति र सम्बोधन भयो । सोही दिन दिउँसो होटेल ताजबाट एभिन्युज टेलिभिजनका मित्र डिल्ली पोखेलको टिमले दिल्ली लाइभ एक्सप्रेस सञ्चालन गऱ्यो । प्रधानमन्त्रीका प्रमुख सल्लाहकार चक्रपाणि खनालबाट एभिन्युज दिल्ली एक्सप्रेसमा प्रत्यक्ष अन्तर्वार्ता दिने काम गरियो ।

व्यवस्थापनको पक्षमा दूतावासका कर्मचारीको कमजोरीका कारण भ्रमणमा रहेका वरिष्ठ पत्रकारहरू कृष्णज्वाला देवकोटा, अरूण बराललगायत साथीहरूले कष्ट बेहोर्नुपऱ्यो । पत्रकारमित्र खिला भण्डारी त आक्रमक मुडमै थिए । अघिल्लो दिनदेखि कोठामा बसिरहेका प्रधानमन्त्रीको भ्रमण दलका सदस्यलाई दूतावासका मान्छेको लागि राति ११ बजे कोठा छोड्न भनेपछि कसलाई रिस उठ्दैन हो ! जब यो कुरा मलाई थाहा भयो । मैले दूतावासको एकजना

कर्मचारीलाई बोलाएर सुतेका मान्छेलाई दुःख नदेऊ भनें। यस्तो मानसिकता बोकेका कर्मचारीले कसरी वैदेशिक सम्बन्ध सञ्चालन गर्लान् भन्ने प्रश्न मेरो मनमा गम्भीर रूपले खडा भयो।

सोही दिन प्रधानमन्त्रीबाट भारतीय प्रधानमन्त्रीका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र गृहमन्त्री राजनाथ सिंहसँग राष्ट्रपति भवनमै भेटवार्ता भयो। भेटका अवसरमा गृहमन्त्री राजनाथ सिंहले नेपालमा शान्ति स्थापनाका लागि नेतृत्वदायी भूमिका खेलेकोमा प्रधानमन्त्री प्रचण्डको प्रशंसा गर्दै शान्ति, स्थिरता र विकासका लागि नेपालले चालेका कदमप्रति आफूहरूको सधैं साथ रहने बताए। हिन्दूवादी पार्टीले सिङ्गो भारतमा एकछत्र राज गरिरहेको वर्तमान अवस्थामा भारतीय चासो धर्मनिरपेक्ष राष्ट्रका विरूद्ध हुन्छ कि भन्ने हाम्रो संशयचाहिँ उनीहरूबाट अभिव्यक्त भएन। बरू भारतीय पक्ष हामीलाई फकाउने उद्देश्यसहित प्रस्तुत भएको जस्तो हामीलाई अनुभूति भयो।✪

## ११. नेपालमै कच्चापदार्थ प्रशोधन गर्ने चाहना

पतञ्जली योगपीठमा नरेन्द्र मोदी बेलामौकामा गइरहन्छन्। आस्था र योगको केन्द्रको भ्रमणको रूपमा रहन्छ मोदीको भ्रमण। तर हाम्रो प्रधानमन्त्रीचाहिँ फुड एन्ड हर्वल पार्कको भ्रमणबाट नेपालका लागि केही सिक्ने योजनासहित हरिद्वार पुग्नु थप नयाँ कुरा थियो। हरिद्वारमा नेपालको कच्चापदार्थसमेत जम्मा गरी प्रशोधन गर्ने ठूलो प्रशोधन केन्द्र रहेको छ। नेपालको कच्चापदार्थ नेपालमै प्रशोधन गर्न सके त्यसको व्यावसायिक मुनाफा र रोजगारीको सिर्जना नेपाल आफैंले गर्नसक्ने प्रधानमन्त्रीको धारणा थियो।

भारत भ्रमणको अन्तिम दिन बिहानै विशेष हेलिकोप्टरमार्फत् प्रधानमन्त्री प्रचण्डबाट हरिद्वारस्थित योगगुरू रामदेवको पतञ्जली योगपीठमा पुगी त्यहाँको फुड एन्ड हर्वल पार्कको अवलोकन गरेपश्चात् नेपालमा पनि फुड एन्ड हर्वल पार्कको सम्भावना भएको तर नेपालको कच्चापदार्थ भारत र तेस्रो मुलुकमा निर्यात भइरहेकोले नेपालमै प्रशोधन गर्न आफू इच्छुक भएको बताइएको थियो । प्रधानमन्त्री हरिद्वारबाट दिल्ली फर्किसकेपछि नेपाल प्रस्थानको लागि इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलतर्फ लाग्यौं ।✪

## १२. एउटा छिमेकीसँगको सद्भाव विकासले अर्को छिमेकीलाई असर गर्दैन

प्रधानमन्त्री नेपाल फर्किएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा प्रेस सम्मेलन भयो र आफ्नो सफल र उपलब्धिपूर्ण भारत भ्रमणको जानकारी तथा नेपालमा उठेका प्रश्नहरूको जवाफ दिंदै प्रधानमन्त्रीबाट भ्रमण उपलब्धिमूलक रहेको धारणा व्यक्त भयो । प्रधानमन्त्रीको भारत भ्रमणलाई राष्ट्रहितविरूद्धको भ्रमण सावित गर्न कम्मर कसेर लागेका तत्वहरूलाई भ्रमणका विरूद्ध राजनीति गर्ने हतियार प्राप्त हुन सकेन । भ्रमणले नेपाल-भारत सम्बन्धमा नयाँ विश्वासको आधार तयार भयो । केही समाचारमाध्यमको प्रतिनिधिमूलक विचारमाथि प्रकाश पार्दै प्रधानमन्त्रीबाट 'हामी पञ्चशीलका आधारमा छिमेक नीति सञ्चालनमा प्रतिबद्ध छौं । एउटा छिमेकीसँगको सम्बन्ध सुधार गर्नुको अर्थ अर्को छिमेकसँगको सम्बन्धमा दूरी राख्ने कुरा होइन र त्यो कुरा हामीलाई मान्य पनि हुँदैन । भारत र चीन दुबै हाम्रा नजिकका मित्र हुन् र यी दुई देशबीचको हाम्रो सम्बन्ध समानतामा आधारित

हुन्छ । एउटा छिमेकीसँगको सद्भाव विकासले अर्को छिमेकीलाई असर गर्दैन ।' भन्ने धारणा व्यक्त भयो ।✪

## १३. राजकीय भ्रमण र प्रचण्ड प्रभाव

समग्रमा भारत भ्रमण अपेक्षित रूपमा सफल भयो । संविधान निर्माण नेपालको आन्तरिक मामिला भएको भन्दै यस विषयमा भारत खासै खुल्न चाहेन । नेपालले संवादको माध्यमद्वारा आन्तरिक समस्या हल गर्न सक्षम हुनेछ भन्ने विश्वास व्यक्त गर्दै दुई देशबीचको आगामी सम्बन्धलाई सद्भावपूर्ण बनाउने कुरामा भारत सकारात्मक देखियो । नेपालका प्रधानमन्त्री प्रचण्डलाई गरिएको भव्य स्वागत मूलतः दुई देशबीचको आपसी सम्मान र सद्भावको अभिव्यक्ति नै थियो, तर भ्रमणको निम्तोदेखि व्यक्त सम्मानभित्रको कूटनीति भने नेपालको बदलिएको राजनीतिक परिवेशमा आफ्नो भूमिकाको खोजी गर्नु हो भन्ने कुरा सहज बुद्धिको कुरा भइहाल्यो, तर हामी नेपाल-भारत सम्बन्धलाई नेपालको हितमा प्रयोग गर्न चाहन्थ्यौं र त्यसैअनुसार नै नेतृत्वले भूमिका पूरा गऱ्यो ।

तराई मधेशको मुद्दालाई राजनीतिक रूपमा सम्बोधन गर्ने नेतृत्वको इच्छाशक्ति होस् या भारत र नेपालबीचका संयुक्त परियोजना कार्यान्वयनमा हुने तदारूकताका प्रश्नमा होस् । भू-कम्प प्रभावितको लागि भारतले गर्ने भनेको सहयोग प्रतिबद्धता कार्यान्वयन गराउन तयार गर्नेदेखि नेपाल-भारतका उद्यमीहरूलाई लगानी गन्तव्य बन्दैगरेको नेपालमा लगानीका लागि स्वागत गर्ने मामिलामा प्रधानमन्त्रीको प्रस्तुति कतै पनि कमजोर रहेन । प्रधानमन्त्री प्रचण्डले विवादित मुद्दामा हात हालुन् र भारतपरस्तको दाग लगाउन

सकियोस् भन्ने कुनै पनि चाहनाहरू यो भ्रमणले पूरा हुन दिएन । भारतीय मिडिया र भारतीय नेताहरूका बीचमा रहेको प्रचण्डक्रेज यो भ्रमणमा राम्रोसँग देख्न पाइयो । विहारका मुख्यमन्त्री नितिश कुमार हुन् या कम्युनिस्ट नेता सिताराम येंचुरी, नेता शरद यादव हुन् या डिपी त्रिपाठी, सत्तापक्ष देखि प्रतिपक्षसम्म, मन्त्री, प्रधानमन्त्रीदेखि राष्ट्रपतिसम्मको भेटघाटको सम्बन्ध र सौहार्दता दुबैतर्फका नेतृत्व तहको उच्च समभ्रूदारीको अभिव्यक्ति थियो ।✪

## १४. नेहरू डक्ट्रिन र नेपाल–भारत सम्बन्ध

नेपाल भारतबीचको सम्बन्ध प्राचीन कालदेखि नै रहँदैआएको छ । इसापूर्व चौथो-तेस्रो शताब्दीताका लिखित कौटिल्यको अर्थशास्त्र, प्रयागस्थित समुद्र गुप्तको ऐतिहासिक शिलास्तम्भ, इशापूर्व २५० तिर सम्राट् अशोकद्वारा वर्तमान लुम्बिनीमा स्थापित अशोकस्तम्भका साथै महाभारत, रामायणजस्ता धार्मिक ग्रन्थहरूमा समेत नेपाल-भारतसम्बन्धको चर्चा गरिएबाट नेपाल भारतको प्राचीन सम्बन्धलाई बुझ्न सकिन्छ ।

आधुनिक नेपालको निर्माण प्रक्रियासँगै भारतमा शासन गरिरहेको ब्रिटिस कम्पनी सरकारसँग समय-समयमा व्यापारिक सन्धि-सम्झौता हुनेगरेका थिए । साम्राज्य विस्तारमा लागेको ब्रिटिस साम्राज्यले नेपालमाथि पटक-पटक गरेको हमला र नेपालीहरूको वीरताको गाथा हामीले पढ्दैआएका छौं । पछि आएर जङ्गबहादुरलगायतका राणाशासकहरूले कम्पनी सरकारलाई रिझाउने, सहयोग गर्ने नीति अपनाएका थिए । सन् १८५७ मा भारतमा भएको सैनिक विद्रोह दबाउन नेपाली सेना प्रयोग भएको थियो । प्रथम तथा

द्वितीय विश्वयुद्धमा पनि नेपालको समर्थन बेलायतलाई नै थियो ।

सन् १९४७ मा अंग्रेजहरूले भारत छोडेपश्चात् भारतले स्वतन्त्रता प्राप्त गऱ्यो । त्यसको तीनवर्षपछि नेपालमा प्रजातन्त्र स्थापना भयो । सन् १९४७ जुन १३ मा नेपाल र भारतका बीच दौत्यसम्बन्ध स्थापना भएपछि दुई देशबीचको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा थुप्रै सहयोगहरू आदान-प्रदान भएका छन् । नेपाल भारतबीचको यस सम्बन्धलाई रोटी र बेटीको पुरानो सम्बन्ध पनि भन्ने गरिन्छ, तर जनस्तरमा भएको यो सामाजिक र सांस्कृतिक सम्बन्ध शासकीय र राजनीतिक स्तरमा भने त्यति साह्रो सुमधूर बन्न सकेन ।

बिट्रिसहरू नेपाललाई आफ्नो संरक्षित राज्य ठान्दथे । भारतबाट बिट्रिस साम्राज्य त गयो तर उनीहरूको साम्राज्यवादी मानसिकता भारतीय नेताहरूको मनस्थितिमा भने अझ गहिरो गरी गढेको देखियो । पुष्पलालका अनुसार नेहरू आफैंले लेखेको 'भारतको खोज' नामक लेखमा नेपाललाई भारतको एक स्वतन्त्र राज्य भनियो । उनले संसद्मा बोल्दा समेत भारतको सीमाना हिमालय पर्वत शृङ्खलासम्म फैलिएको भनेर आफ्नो वैदेशिक नीतिलाई सार्वजनिक गरे । सन् १९५१ मा गोविन्द नारायणलाई भारतीय दूतावासका अतिरिक्त राजदरबारमा समेत नियुक्त गरियो । वि.सं. २००७ पछि दिल्लीले उनलाई राजाको सेक्रेटरीको रूपमा साथ लगाएरै पठाएको थियो । त्यसपछि नेपालका लागि भारतीय राजदूत सि पी सिंह नेपालमा झन् बलिया भए । उनी नेपालको क्याबिनेटमा उपस्थित मात्र हुँदैनथे कि कसलाई

मन्त्री बनाउने, कसलाई हटाउने, कसलाई कर्मचारी नियुक्ति गर्नेसम्मको योजना दिल्लीमा बनाएर कार्यान्वयन गराउँथे । पुष्पलालका अनुसार, त्यतिबेला काठमाडौंमा खुलेआम नेपालको सच्चा शासक भारतीय राजदूत हुन् भनिन्थ्यो रे ।

पूर्वप्रधानमन्त्री प्रचण्डका अनुसार सन् १९५० को नेपाल-भारत असमान सन्धि पनि नेहरू डक्ट्रिन अर्थात् नेहरूको नीतिअनुसार नै भएको थियो । नेपालका तत्कालीन शासकहरू उसको दबाब अगाडि टिक्न सकेनन् । भारतमा लामो समयसम्म नेहरूकै उतराधिकारीहरूले शासन गरे र उनको त्यही नीतिलाई लागू गर्ने अभियानमा भारतीय शासकहरू रहेका छन् । सन् १९५० को सन्धिमा नेपालको तर्फबाट अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर र भारतको तर्फबाट उनै राजदूत (चन्द्रेश्वरप्रसाद नारायण) सि पी सिंहले हस्ताक्षर गरेका थिए । नेपालविरूद्धको उक्त असमान सन्धि राणाशासन टिकाउन भारतसँग गरिएको दलाली थियो । राजदुत सिंहले फुटाउ र राज गरको नीति अख्तियार गरे । यता राणाविरोधी आन्दोलनमा पनि उनले आफ्नो भूमिका बढाइरहेका थिए भने राजा त्रिभुवनलाई दूतावासको शरण हुँदै दिल्ली पुऱ्याउने सल्लाहकार पनि उनै थिए । राजदूत सिंहले नै काँग्रेसभित्र कलहको बीउ रोपेर बीपीलाई वाइपास गरी मातृकालाई प्रधानमन्त्री बनाउन सफल भए । उनको योजनामा काँग्रेसमा घरझगडा भयो र मातृका कांग्रेस छोडेर मूलधारको राजनीतिबाटै अलग भए । यसरी भारतले नेपालको मामिलामा सूक्ष्म व्यवस्थापन शुरू गरेको विज्ञहरू बताउँछन् । प्रचण्डले भने जस्तै आजका दिनसम्म पनि भारतीय शासकवर्ग सन् १९५० को असमान सन्धि, सीमा समस्यालगायतका विषयमा नेपाली पक्षको कुरालाई

गम्भीरतापूर्वक लिएर समाधान गर्न तयार देखिएको छैन । बरू वि.सं. २००७ सालवरिपरीझैं कसलाई प्रधानमन्त्री र मन्त्री बनाउने, कसलाई सचिव र आइजी बनाउनेलगायतका संवेदनशील क्षेत्रमा नेपालको सूक्ष्म व्यवस्थापनमा लागिरहेको छ । संविधानसभाबाट ऐतिहासिक उत्सवको रूपमा संविधान जारी गर्दैगर्दा भारतले प्रदर्शन गरेको व्यवहार र थोपरेको नाकाबन्दी २१ औं शताब्दीमा स्वतन्त्रताको आवाज बोक्ने कुनै पनि नेपाली जनताले भुल्ने छैनन् ।

नेपालले लामो समयदेखिको पूरातन, अस्थिर र अन्यायपूर्ण शासन-व्यवस्थालाई क्रान्ति र बल प्रयोगमार्फत् बदलेको छ । संविधान कार्यान्वयनको क्रममा नेपाली जनताले वामगठबन्धनलाई अत्याधिक बहुमत दिएका छन् र देश राजनीतिक स्थिरता र राष्ट्रिय स्वाभिमानको नयाँ युगमा प्रवेश गर्दैछ । यस ऐतिहासिक सन्दर्भमा विगतका दिनमा नेपाल-भारतबीच भएका असमान सन्धि-सम्झौता, ५० औं स्थानमा भारतले गरेको सीमाअतिक्रमण तथा नेपाल र भारतबीचमा रहेका नदीउपभोग, नेपाली भूमिमा रहेका भारतीय सेना फिर्ती, भुटानी शरणार्थी समस्या, सीमाक्षेत्रमा निर्माण गरिने विभिन्न आयोजना र खुला सीमानाका कारण हुने अवैध गतिविधिहरू नियन्त्रण गर्न सीमानालाई व्यवस्थित गर्नेजस्ता समस्याहरूलाई दुई देशका जनताको हितलाई केन्द्रमा राखी कूटनीतिक माध्यमबाट यर्थाथ धरातलमा रही समाधान गर्नुपर्ने देखिन्छ । नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) को संयुक्त घोषणापत्रमा उल्लेख गरिएका स्वतन्त्र र सन्तुलित अन्तर्राष्ट्रिय सम्बन्धका तल उल्लेखित पाँचवटा बुँदागत अवधारणालाई कार्यान्वयन गर्ने

तत्परता र आँट नेपाल सरकारको नयाँ नेतृत्वले गर्नुपर्दछ । यसबाट मात्र हाम्रो स्वतन्त्र अस्तित्व, स्वाभिमान र समृद्धि सम्भव हुनेछ ।

१. विश्वशान्ति, मानवता, सद्भाव र मैत्रीपूर्ण सम्बन्धलाई विस्तार गर्दै नेपालको विकास र नेपाली जनताको समृद्धिमा योगदान पुऱ्याउने गरी अन्तर्राष्ट्रिय सम्बन्ध र परराष्ट्र नीतिलाई व्यवस्थित गरिनेछ ।

२. राष्ट्रिय हित, स्वाधीनता र सार्वभौमसत्ताको रक्षा गर्दै छिमेकी एवं सबै मित्रराष्ट्रहरूसँग संयुक्त राष्ट्रसङ्घीयको बडापत्र, पञ्चशील र असंलग्नताका सिद्धान्तअनुरूप सुमधूर सम्बन्ध कायम गरिनेछ ।

३. स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्दै आन्तरिक मामिलामा बाह्य हस्तक्षेपलाई अस्वीकार गरिनेछ । हीनताबोध र आत्मसमर्पणवादी मान्यतालाई अस्वीकार गरिनेछ ।

४. भारतसँग गरिएको सन् १९५० को सन्धिलगायत सबै असमान सन्धि र सम्झौताको पुनरावलोकन गरी राष्ट्रिय हित र आवश्यकताअनुरूप प्रतिस्थापन गरिनेछ । सीमा समस्याको समाधान र सीमा नाकाहरूको व्यवस्थापनका लागि कूटनीतिक पहल गरिनेछ ।

५. गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र आर्जनलाई राष्ट्रनिर्माणमा लगाउने नीति लिइनेछ । प्रवासी नेपाली नागरिकहरूको श्रमसम्बन्धी हकलगायत अन्य हकको सुरक्षाको लागि प्रभावकारी पहल गरिनेछ ।✪

## १५. भूमिगत जीवन : भारतको यात्रा

वि.सं. २०५६ पौषको कुरा हो । अखिल (क्रान्तिकारी) ले सङ्गठनको राष्ट्रिय भेला भूमिगत रूपमा भारतको गोरखपुरमा बोलायो । प्रतिक्रियावादी सरकारले देशभित्र स्वतन्त्र रूपले भेला हुने लगायतका राजनीतिक स्वतन्त्रताका सबै अधिकारहरूमा प्रतिबन्ध लगाइसकेको थियो । कयौं विद्यार्थी तथा निहत्था जनता किलो सेरा अपरेसन र जङ्गल सर्च अपरेसन नामका आततायी हिंसाको शिकार भइसकेका थिए । देशभित्र भेला हुने अवस्था नभएपछि राष्ट्रिय सम्मेलनको समय नाघेको अवस्थामा राष्ट्रिय भेला गरेर केही नीतिगत र सङ्गठनात्मक पुर्नगठन गर्नुपर्ने अवस्था थियो । सङ्गठनले उक्त काम पूरा गर्न राष्ट्रिय भेला बोलाएको रहेछ ।

त्यतिबेला म विद्यार्थी सङ्गठनको सल्यान जिल्ला समितिको उपाध्यक्ष थिएँ । रोल्पा, रूकुम, जाजरकोट र सल्यानका प्रतिनिधिहरू भूमिगत रूपमा दाङको सम्पर्कमा पुग्यौं । दाङका साथीहरूले रातारात हिंडाएर देउखुरी पुऱ्याएका थिए । त्यसपछिमात्र गाडी चढ्यौ । हामीलाई सुनौली नाका भएर भारत प्रवेश गराइयो । तत्कालीन विद्यार्थी नेता रामप्रसाद बन्जाडे र महिला नेतृ यमा बञ्जाडेले साथीहरूलाई लिएर बोर्डर क्रस गराउने कुरा भयो । हामी बोर्डर पार गरेपछि एउटा बस स्टेसनमा पुग्यौं । जहाँबाट गोरखपुर पुग्नु थियो ।

हामीलाई न भाषा आउँथ्यो न त भूगोल नै थाहा थियो । तराईको भूगोल नदेखेका र त्यसको मेसो नपाएका हामी तराई झरेपछि पूरै अर्काको खुट्टाको सहारामा पुगिसकेका

थियौं । त्यसमा पनि भारतको भूमिमा पुगिसकेपछि त लाटोजस्तै भयौं मात्र आफ्नो समूहमा रमाउनुपर्ने अवस्था आइलागेको थियो । हामी बसपार्कमा के पुगेका थियौं । गिद्धको झम्टाइमा परेका कुखुराजस्ता चिल्लीबिल्लीमा पऱ्यौं । कालाकाला भुसतिघ्रेहरूको हुल आएर हामीलाई च्यापच्याप समात्न थाले । कोही साथी दिल्लीको बसमा जबर्जस्ती कोचिए, कोही लखनउकोमा । यता राज्यको आतङ्कलाई छल्दै भारत पुगेका हामी एकातिर नेपालका प्रहरीको सुराकीको डर त अर्कोतिर सडकमा छाडा छोडेका दलालहरूको आतङ्कको चपेटा ।

साथीहरू गाडीबाट फुत्किएर भाग्न सफल भए । म भने पहिले नै साइड लागिसकेको थिएँ । सल्यानका टीकाराम वलीले हिन्दी भाषामै आमा गाली गरेकोले उनलाई छुटाउनचाहिँ बन्जाडे नै पुग्नुपऱ्यो । रामदीप आचार्यलाई एकजना भुसतिघ्रेले खाजा खाएर पैसा तिर्न लगाएर मात्र छोडेछ । हाम्रो किशोर मानसिकतामा भारतीय विस्तारवादको नकारात्मक छाप दिल्लीको शासकीय व्यवहारबाट भन्दा पहिले सुनौली बसपार्कका दलालहरूको नाङ्गो आतङ्कबाट पर्नगयो ।

गोरखपुरको तीनदिने बसाइका आफ्नै अनुभूति छन् । उक्त राष्ट्रिय भेला एउटा धर्मशालामा आयोजना गरिएको थियो । अखिल भारत नेपाली एकता मञ्चमा आबद्ध कमरेडहरूले उक्त धर्मशालामा वैवाहिक कार्यक्रमका लागि भनेर बुकिङ गरेका रहेछन् । हामीलाई हलमा प्रवेश गरेदेखि नै भित्र-बाहिर गर्न कडाइँ गरिएको थियो अर्थात् गर्न दिइएको थिएन । दोस्रो दिन कार्यक्रम चलिरेहेको बेला उक्त धर्मशाला सञ्चालक आएको खबर लिएर एकजना साथी प्रवेश गरे ।

त्यहाँ नेतृत्व तहका साथीहरूको दौडधुप देखियो र एकैछिनमा कार्यक्रमको ब्यानर निकालेर शुभविवाह लेखिएको ब्यानर राखियो । यो कुरा हामीलाई पछि मात्र थाहा भयो । भेलाले कृष्णध्वज खडका नेतृत्वको केन्द्रीय समितिमा केही नयाँ अनुहारलाई थप गर्‍यो ।

कार्यक्रम सकिएपछि तेस्रो दिन सुदूरपश्चिमका नेता लेखराज भट्टले हामीलाई कुशिनगर जिल्ला लिएर गए । कुशिनगर बौद्धधर्मालम्वीहरूको लागि महत्त्वपूर्ण भूमि हो । नेपालीहरूको लागि पनि महत्त्वपूर्ण हुने भैहाल्यो । गौतम बुद्धका तीन महत्त्वपूर्ण स्थानमध्ये बुद्ध नेपालको कपिलवस्तु जिल्लाको लुम्बिनीमा जन्मे । भारत विहारको बोधगयामा बुद्धत्व प्राप्त गरे भने उत्तरप्रदेशको कुशिनगरमा समाधिस्थ भए । बुद्धको समाधिस्थलमा पुगी बुद्धप्रति श्रद्धासुमन अर्पण गरेर फर्कियौं । यो मेरो भारत यात्राको पहिलो भोगाइ हो ।

वि.सं. २०५८ साल जेठ १७ गतेको कुरा हो । जतिबेला सेती–महाकालीमा हामी विद्यार्थी सङ्गठनको विस्तार अभियानमा लागेका थियौं । सेममा माओवादी प्रभाव पातलो थियो । कैलाली अध्यक्ष शिवराज ज्ञवाली (हाल शहीद), कञ्चनपुर अध्यक्ष शरद अवस्थी (हाल शहीद) र बझाङका जनक बुढा (बुढाजी त्यतिबेला शिद्धनाथ बहुमुखी क्याम्पस कञ्चनपुरका विद्यार्थी थिए) र म सहित चार जना डडेल्धुरामा सङ्गठनको भेला सकेर दार्चुला जान हिँडेका थियौं । म सेमको विद्यार्थी अभियानको संयोजक थिएँ । केन्द्रमा देउवा सरकार थियो । वामदेव गौतमको माले दल एमालेबाट अलग्गिएर राष्ट्रवादी झन्डा बोकेर भारतबाट सीमा मिचिएका भू–भागको भ्रमणमा निस्किएको थियो । यो अभियानको नेतृत्व विद्यार्थी नेताहरूले नै गरेका थिए । हामी चारजना

डडेल्धुराबाट भारतको बाटो भएर दार्चुला जाँदैथियौं । नेपालबाट जाँदा बीच बाटोमा सम्पर्कको अभाव र राज्यपक्षको असुरक्षाको कारण भारतको बाटो प्रयोग गर्ने निष्कर्षमा पुगेका थियौं । फेरि हाम्रो सम्पर्क दार्चुलाबाट पिथौरागढ पढ्न जाने विद्यार्थीसँग भएकोले पनि यो बाटो जाँदैथियौं । हाम्रो टोली डडेल्धुरा शीर्ष गाविसको छेला भन्ने गाँउमा पुग्दा पञ्चेश्वर बाँधस्थलमा पुग्न हिँडेको नेकपा मालेको अभियान टोलीसँग भेट भयो । सहाना प्रधान स्वास्थ्यको कारण डडेल्धुरा मुकाममै रहेको थाहा भयो । हामीसँग सीमाविद् बुद्धिनारायण श्रेष्ठसँग पहिलो पटक सोही स्थानमा भेट भएको हो । उनीहरू बाँधस्थल महाकाली किनार नेपालको छालतर्फ लागे भने हामीहरू फिरीको माध्यमबाट महाकाली नदी तरेर भारतको भूमितर्फ लाग्यौं । बाँधस्थलको पाल्लोतिरमा एसएसविको चेकपोस्ट रहेछ । त्यहीँ केरकारमा परिहाल्यौं । उनीहरूले हामीलाई सोही समूहको भनेर शङ्का गरेछन् । हामीले आफू छेलाका बासिन्दा भएको र विवाहको सामान लिन खटिमा बजार जाने भनेर बल्लतल्ल उम्किन सफल भयौं । एसएसविले सीमा अभियानमा गएका मान्छेलाई माओवादी नै भन्ने बुझेका रहेछन् । बरू हामीले यिनीहरू वामदेव गौतमको माले पार्टीका मान्छे हुन् भनेर चिनाइदियौं । हिन्दी र पश्चिमेली दुबै भाषामा राम्रो दख्खल नभएकोले साथीहरूले मलाई नबोल्न सुझाएका थिए । मैले त्यसै गरें ।

खटीमा बजारबाट पिथौरागढको गाडी चढ्यौं । पिथौरागढ पुग्दा राति भएको थियो । पहाडको टुप्पोमा रहेको त्यो सुन्दर बजारको धमिलो स्मृति बाँकी छ । त्यहाँ दार्चुलाका मोहनजीसँग भेट भयो र उनकै डेरामा बसियो । अहिले

मोहन जी हामीसँग हुनुहुन्न । उहाँ महान् जनयुद्धका क्रममा शहीद भइसक्नुभएको छ । उहाँले हामीलाई धार्चुला हुँदै दार्चुला पुऱ्याउनुभयो । महाकालीको पारिको बजार भारतको धार्चुला र वारिको भाग नेपालको दार्चुला भएको कुरा मैले दार्चुला पुगेपछि मात्र थाहा पाएँ । जेठ १८ गतेको एकबास दार्चुला बजारमा बस्यौं । बिहान झिसमिसेमै कसैले नदेख्ने गरी गाउँतिर प्रवेश गरिसक्नुपर्ने भएकोले एकजना गाउँलेलाई गाइडको रूपमा लिएर दार्चुला मुकामबाट गाउँतिर लाग्यौं । सदरमुकामको माथि चढ्दैगर्दा मेरा आँखाले देखेका दुई दृश्य अहिले पनि ताजा छ । पारिको पाखामा पूर्णिमाको जून, र नौलाख तारा चम्किरहेको भान हुन्थ्यो भने वल्लो पाखामा बादलले ढाकेको औंसीको रात । काठमाडौंको सामन्ती सत्ताको आँखामा नपरेको यो दार्चुला र भारतको जगमगाउँदो पूँजीवादी बैंसले मैमत्त त्यो धार्चुलाको बीचमा कसरी बाँच्दैछन् होला हाम्रा दाजुभाइ ? मेरो यो भारतको उतराञ्चल क्षेत्र भ्रमणपछिको दोस्रो अनुभूति थियो । दार्चुला सुन्डमुन्ड जेठ १९ गते पुगियो सोही दिन नेपालको परम्परागत राजतन्त्रको अन्त्य दरबार हत्याकाण्डमार्फत भएको थियो । दार्चुलाको खार गाविसको सुन्डमुन्डमा एकाबिहानै उठ्दा रेडियोको शोकधुन र केही समयपछि रेडियोले भनेको समाचारले उक्त खबर प्राप्त गरेको स्मरण पनि ताजै रहेको छ ।

ज्ञानेन्द्रले सत्ता हातमा लिएपछि माओवादी एमाले वार्ता तीव्र बन्दैगएको थियो । त्यतिबेला एमालेको महासचिव माधवकुमार नेपाल हुनुहुन्थ्यो । म विद्यार्थीको सेती–महाकाली क्षेत्रको पहिलो प्रकाशन जनसङ्ग्राम निकाल्ने तयारीमा लखनउ पुगेको थिएँ । सम्पर्क व्यक्तिको कोठामा बसेपछि

थाहा भयो सोही कोठामा प्रचण्ड र नेपालबीच केही दिन अघिमात्र भेटवार्ता भएको रहेछ । पार्टी प्रकाशन विभागका कुमार शाहको सहयोगमा मैले लखनउमा बसेर उक्त प्रकाशन निकालें । अछामका शरदसिँह भण्डारी र ब्युरो कार्यालयका सचिव तथा शिक्षक नेता गुणराज लोहनीको सहयोगमा पाण्डुलिपि नेपालबाटै तयार गरेर लगेको थिएँ । मेरो स्वास्थ्यको कमजोरी मेरा दाँत बनेका थिए । ब्यूरो इन्चार्ज प्रभाकरको सहयोग र दाँतको उपचार गर्न पनि भ्याएँ । ती दाँतबाट अहिलेसम्म काम चलिरहेकै छ । यो अवधिमा करिब एक महिना लखनउमा रहेर पार्टीका प्रकाशन र सप्लाईका काममा क्रियाशील रहेँ । मैले पहिलोपल्ट लखनऊमा रेलस्टेसन र रेल कुदेको देखेको हुँ । शहरिया जीवनको अनुभूति लखनउमै गरें । मान्छे र श्रमको सम्बन्धलाई नजिकबाट बुझ्ने मौका पाएँ । अझ भन्दा मान्छे पूँजीवादमा कसरी बाँच्छन् भन्ने अनुभूति गर्न पाएँ । उत्तरप्रदेशको राजधानी शहरको बसाइ मेरो भारतको तेस्रो भ्रमण थियो ।

वि.सं. २०६० माघको कुरा थियो । पुरानो सत्तासँगको अन्तिम लडाइँ आमने-सामने अवस्थामा थियो । देशव्यापी रूपमा जनपरिचालन र जनप्रतिरोधका अभियान चलिरहेका थिए । अखिल (क्रान्तिकारी) केन्द्रीय सचिवालयको बैठक बस्ने खबर प्राप्त भयो । म सेती महाकाली क्षेत्रको संयोजक थिएँ । देशभित्र बैठक बस्न मुस्किल थियो । बैठक दिल्लीमा बस्ने खबर प्राप्त भयो । कञ्चनपुरबाट म बैठकका लागि पश्चिमको बाटो हुँदै लखनउ पुगें र लखनउको सम्पर्कमा भएका कमरेडहरूले मलाई दिल्लीमा पार्टी सम्पर्कमा पुऱ्याइदिनुभयो । दिल्लीबाट अर्को सम्पर्कमा जान बसपार्क पुगियो । झिसमिसे बिहानमा हरियाणा जाने गाडी सोध्दैगर्दा

केही मान्छेको व्यवहारले अर्कोपटक गोरखपुर यात्राको अनुभूति दिलायो ।

बिहानको सूर्योदयसँगै हरियाणामा पश्चिमतिरका एक नेपाली मित्रको सानो झुपडीमा पुग्यौं । उनकै एउटा कोठामा रहेछ हाम्रो बैठक । अध्यक्ष प्रचण्ड सहभागी हुने उक्त बैठक सुरक्षाको कारण पुर्णभुमिगत शैलीमा आयोजना गरिएको थियो । एकै क्षणपछि गोरो, अनुहारमा चस्मा, चिटिक्क परेको शरीर, २८ बर्ष वरिपरिको जवानजस्तै देखिने, क्याप लगाएको, जिन्स पाइन्टमा स्पोर्टस् सुज, फिल्मी कलाकारजस्तै देखिने प्रभावशाली व्यक्तित्व हाम्रो अगाडि आइपुग्नुभयो । उहाँ हुनुहुन्थ्यो, अध्यक्ष प्रचण्ड । यो मेरो उहाँसँगको पहिलो भेट थियो । तस्विरमा देखिएको प्रचण्ड र आफ्नो सामुन्ने देखापरेको प्रचण्डका बीचमा मैले तुलना गर्ने प्रयास गरें । यी मान्छे भौतिक रूपमा अझै तीन दशक क्रान्तिको रथ हाँक्न सक्छन् । मसँग नयाँ आत्माविश्वास पैदा भयो । अध्यक्षको विचार प्रवाहसम्म जाँदा लाग्थ्यो कि अब त मृत्यु जति नजिक आए पनि सजिलै पचाउन सकिन्छ । हामीले फिल्डको रिर्पोट गऱ्यौं । गाउँघरमा व्यापक जनपरिचालनको माहोल नै सृजना भएको थियो । अध्यक्षको भनाई थियो, अब त्यो माहोल शहरमा आउँछ । मैले त रवीन्द्र अधिकारी र गगन थापाहरूलाई आफ्नै कार्यकर्ता देख्न थालिसकें । प्रचण्डको यो सपना ढिलै भए पनि आज पूरा हुदैछ । लामो यात्रापछि एजेन्डाको हिसाबले गगन र रवीन्द्रहरू त्यतिबेलै प्रचण्डका कार्यकर्ता थिए भने पार्टीकै रूपमा रवीन्द्रहरू अहिले कार्यकर्ता बन्न पुग्दैछन् ।

रामदीप आचार्य र म हरियाणाबाट दिल्ली सँगै फर्कियौं । गाडीबाट दिल्ली झरेपछि सम्पर्कमा जान अटोमा चढ्यौं ।

अटोचालक कालो न कालो, ठूलो न ठूलो ज्यानको मान्छे थिए । उनले अम्बेडकरको सालिकको दक्षिणतिर पुगेर एक साँघुरो गल्लीको बाटो लिएर गए । सुनसान रातमा अँध्यारो गल्लीमा पस्दा मलाई डर लाग्यो । मैले भने मेरा बडेभैया यहाँका थानेदार है । मलाई लाग्यो कि थानेदारका भैया भनेपछि यसले हामीलाई कतै नफसाउँला ।

हाम्रो एकदिन दिल्लीमा बित्यो । केही अध्ययन सामग्रीको जोहो गर्ने योजनामा बजार पुगीयो । साथीहरूको सहयोगमा दिल्लीको पिपुल्स पब्लिसिङ हाउसमा किताब किन्न गयौं । त्यहाँ केही मार्क्सवादी पुस्तकहरू भेला पार्‍यौं । हाम्रो बोलीचाली र हाउभाउ हेर्दा नेपाली हुन् भनेर चिन्न गाह्रो थिएन । तर हामीलाई पुस्तक पसलको मालिकले माओवादी हुन् भनेर अनुमान गरेको लाग्यो । किनकि उनले भन्दैथिए, "हामीले भारतमा राजतन्त्र फालेको सयौं वर्ष भइसक्यो तपाईंहरूले किन नेपालमा राजा पालेर राखेको, त्यो सेतो हात्तीलाई छिटो साइड लाउनुस्" । हामी लखनउ फर्कियौं । नेपाल आउन म पश्चिम पीलिभितको बाटो लागें भने रामदीप आचार्य बहराइचतिर । यो मेरो चौथो भारत भ्रमण थियो ।

हामी कोलम्बो यात्रामा जाँदैथियौं । मसँग श्रीलङ्का जाने सरहरू भन्दैथिए यात्रा झन्झटिलो हुने भयो । टिकट दिल्ली, मुम्बई हुँदै कोलम्बोको लागिरहेछ, जाँदा पनि आउँदा पनि उही रूट । मलाई भने यही नै मजा लागिरहेको थियो । किनकि दिल्ली विमानस्थल र मुम्बई दुबै मेरा लागि नयाँ गन्तव्य थिए । सन् २०१३ असारको कोलम्बो यात्रामा यही रूट प्रयोग गरियो । यो मेरो भारतको आकाश

र विमानस्थलमा पुगेको पहिलो तर भारत पुगेको पाँचौं अवसर थियो ।

सानो हुँदा हिजो आजजस्तो श्रमबजारको खोजीमा अरब देशहरूमा धाउने चलन थिएन । रोजगारीको अवसर नहुँदा र खान लाउनको समस्या हुँदा गाउँका अधिकांश पुरूष वर्षेबाली लगाएर कालापार जाने गर्दथे । मैले चाहिँ कालापारे हुने अवसर पाइनँ । जनयुद्धको यात्री भएपछि मात्रै तत्कालीन परिस्थितिको कारण भूमिगत राजनीतिक गतिविधिमा सहभागी हुँदा भारतमा पाइला टेक्ने अवसर जुरेको थियो ।✪

## राष्ट्रिय एकता, छिमेक सम्बन्ध र नेतृत्वको भूमिका

नयाँ संविधानलाई मधेश विरोधी संविधान भन्दै जलाउने र संशोधन नभएसम्म यसलाई कुनै हालतमा पनि स्वीकार नगर्ने नीति लिएर बसेको मधेशी मोर्चा प्रधानमन्त्रीको निर्वाचनका क्रममा संसद् भवनमा प्रवेश गऱ्यो र निर्वाचनमा आफूलाई पक्षमा उभ्यायो । संविधान संशोधन नभएसम्म आन्दोलन जारी राख्ने उदघोष गरेको मोर्चा तथा अरू असन्तुष्ट पक्ष प्रधानमन्त्रीको दश महिने कार्यकालभर संवादको टेबुलमा व्यस्त रहे । संविधान संशोधन नभई संविधानतः कुनै पनि प्रक्रिया अघि बढ्नुहुँदैन भन्ने बटमलाइन बनाएका आन्दोलनरत शक्ति संविधान कार्यान्वयनको प्रक्रियामा भएको स्थानीय तह, प्रदेश र सङ्घीय प्रतिनिधिसभाको निर्वाचनमा आफूलाई सहभागी गरी आफ्नो मुद्दालाई जनमत बटुल्ने हतियार बनाउन तयार भए । सरकारले घोषणा गरेको स्थानीय तहको निर्वाचन रोक्न विभिन्न शक्तिकेन्द्र काठमाडौंमा सक्रिय थिए । बालुवाटारको गेटबाट

करणसिंहहरू फर्किएको घटना धेरै नेपालीहरू थाहा पाइसकेको तथ्य हो । यो संविधान कार्यान्वयनको माध्यमबाट देशलाई राजनीतिक स्थिरतातर्फ लैजान प्रचण्ड नेतृत्वको सफलता थियो । एक वर्ष पहिले चीन भ्रमण रहँदा हाम्रो पार्टी नेतृत्वको श्रेष्ठताबारे चिनियाँ चासो र प्रधानमन्त्री प्रचण्डको श्रेष्ठताको मेल यही थियो ।

चिनियाँहरू जातीय सदभावका लागि जातिहरूको सम्मेलनको आयोजना गर्दछन् र एक अर्काका संवेदनशीलताबारे छलफल गर्दछन् । एक–अर्काका भाषिक, धार्मिक, कला, साहित्य र संस्कृतिका पृथक्तालाई सम्मान गर्दै सबै पृथकतालाई चिनियाँ सपनामा उन्ने गर्दछन् । तर हामी एकले अर्काको संवेदनशीलतालाई अपमान गर्दछौं । जातीय भडकाव सृजना गर्दछौं । उच्चजातीय अहङ्कार देशका सबै अल्पसङ्ख्यक जाति, भाषा र संस्कृतिका नागरिकमाथि लाद्ने प्रयत्न गर्दछौं । हाम्रो यही कर्मले पैदा गरेको उत्पीडित जाति, क्षेत्र, वर्ग र लैङ्गिक समुदायको आवेग र बदलाको मनोविज्ञान विखण्डनको मानसिकतासहित भडकन थाल्दछ । नेपाल केहीवर्ष यता यही अवस्थाबाट गुज्रेका थियो । राष्ट्रिय एकताको पक्षमा आफूलाई उभ्याउन सक्ने प्रचण्डको विशेषताले देशमा पुनः एकपटक राष्ट्रिय एकता सम्भव भयो । सबै दलहरू, जाती तथा समुदायका नागरिकहरू संविधान कार्यान्वयनको दिशामा अग्रसर भएका छन् ।

यदि मुलुकमा राजनीतिक अस्थिरता मात्र नहुने हो भने विकासको बाटो खुल्दैजाँदोरहेछ भन्ने कुरा तथ्यहरूले पुष्टि गरिसकेका छन । प्रचण्ड सरकारको दश महिने कार्यकालमा राजनीतिक असहमतिको कारण कुनै दिन बन्द र हडताल भएको खबर सुन्नुपरेन । सबै पक्षलाई संवादमा व्यस्त गर्न

सफल भएको परिणाम मान्नुपर्छ आर्थिक बर्षको अन्ततिर देशको आर्थिक वृद्धिदर ७.२ प्रतिशत हुन पुग्यो । जो नेपालको इतिहासकै पहिलो रेकर्ड बन्न गयो । पूर्वाधार निमार्णको क्षेत्रमा सरकारको अग्रसरता र लगानी प्रोत्साहनको नीतिले यो सम्भव बन्न पुग्यो । राष्ट्रिय गौरवका आयोजनाहरूलाई प्रधानमन्त्रीको प्रत्यक्ष अनुगमनमा गरिएको कार्यान्वयन, हुलाकीमार्गको काममा भएका गत्यरोधको अन्त्य, पूर्व–पश्चिम रेलमार्गको सम्भाव्यता अध्ययन, उज्यालो नेपाल अभियानअर्न्तगत लोडसेडिङ अन्त्य तथा विद्युत् उत्पादन र वितरणमा भएको व्यवस्थापकीय चुस्तता, भू–कम्प प्रभावित क्षेत्रमा पुनर्निर्माणमा तीव्रता, भ्रष्टाचारजन्य गतिविधिमा भएको न्यूनीकरण र बजेट कार्यान्वयनमा रहेको तीव्रताले आर्थिक वृद्धिदरमा त्यो परिणाम सम्भव भयो ।

अन्तर्राष्ट्रिय सम्बन्धको कोणबाट यो अवधि ज्यादै नै महत्त्वपूर्ण रह्यो । भारतसँगको जटिल बनेको सम्बन्ध सरल र सहज बन्न पुग्यो । जुन कुरा अरूबाट सम्भव थिएन । छिमेक सम्बन्धमा उत्तर र दक्षिण कार्ड बोक्ने पुरानो परम्परालाई तोड्दै समसामीप्यतामा आधारित छिमेक नीतिले यो कार्यकालमा बढी नै चर्चा पायो । प्रचण्ड सरकारले एक चीन नीतिमा नेपालको स्थानलाई स्थायी स्थितिको रूपमा आफ्नो उपस्थिति मात्र जनाएन कि बेल्ट एण्ड रोड इनिसियटिभमा वि.सं. २०७४ बैशाख २९ गते हस्ताक्षर गरेर चीनको दक्षिण एसिया जोड्ने ढोका नेपाललाई बनाउन तयार भयो । यही समयमा त्रिदेशीय साझेदारीको मुद्दा चर्चाको चुलीमा रह्यो । गोवामा आयोजित ब्रिक्स सम्मेलनमा पर्यवेक्षकको रूपमा र विमस्टेक राष्ट्रहरूको सम्मेलनमा नेपाल सहभागी मात्र भएन प्रधानमन्त्री प्रचण्डको चिनियाँ

राष्ट्राध्यक्ष सि जीन पीङ र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबीच १६ अक्टुबर २०१६ मा भएको त्रिपक्षीय भेट र राखेको त्रिदेशीय साझेदारीको प्रस्तावले राजनीतिक बजारमा नयाँ तरङ्ग ल्यायो ।

यसको बारेमा चीन सरकारका प्रवक्ताले बेइजिङमा पत्रकार सम्मेलन नै गरेर तीन नेताको छलफलमा त्रिदेशीय साझेदारीको कुरा भएको प्रस्ट गरेबाट चीन सरकारको यो मुद्दामा गहिरो चासो छ भन्ने कुरा स्पष्ट हुन गएको छ । भारतको राजकीय भ्रमणबाट दुई देशबीचको सदभाव विकासमा महत्त्वपूर्ण भूमिका खेलेका प्रधानमन्त्रीले बावाओ फोरमको विशिष्ट अतिथि बनेर चीन जाँदा राष्ट्राध्यक्ष सी जीन पीङसँग सन् २०१६ मार्च २७ तारेखमा बेइजिङमा भेट गरी वान बेल्ट वान रोडको हस्ताक्षरको लागि उच्चस्तरीय समझदारी गरेको कुरा स्मरणीय छ ।

नेपालका प्रधानमन्त्री चीनमा रहेको बेला चिनियाँ प्रधानमन्त्री देश बाहिर भएकोले हस्ताक्षर हुन सकेको थिएन । उक्त भ्रमणमा राष्ट्रपति सीलाई चिनियाँ रेल केरूङ-काठमाडौं हुँदै लुम्बिनी पुऱ्याउने आफ्नो सपना र योजनाको पुनःस्मरण गराइरहँदा म काठमाडौंमा रेल गुडेको कल्पना गरिरहेको थिएँ । नेपालका आन्तरिक माग र चाहनाहरू, अन्तर्सञ्जाल, स्वतन्त्र व्यापार, सञ्चार, कृषि, ऊर्जा, पर्यटन, पुनर्निर्माण, संस्कृतिक आदान-प्रदानका क्षेत्रमा सहयोग र समर्थन, संयुक्त राष्ट्रसङ्घ तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा एकसाथ उभिने, जलवायु परिवर्तनका समस्याहरूमा समन्वय गरी काम गर्ने तथा नेपाल चीनबीचको असल मैत्रीसम्बन्ध र पार्टी सम्बन्धमा पनि उच्चस्तरीय समझदारी र सदभावको विकास गरी बेइजिङबाट फर्केको कुरा इतिहासमा स्मरणीय

हुनेछ । आफ्नो छोटै कार्यकाल भए तापनि राष्ट्रपति सीलाई नेपालमा न्यानो स्वागतका लागि निमन्त्रणा गरेर आएकाले यस भ्रमणबाट नेपाल लाभान्वित हुने कुरामा हामी आशावादी थियौं ।

शुरूका दिनमा प्रचण्ड नेतृत्वको सरकारलाई भारतपरस्त र चीन विरोधीको रूपमा चित्रण गर्ने भरमग्दुर प्रयत्न भयो । तर सत्य छोपेर छोपिएन र आज मुलुक समानतामा आधारित सन्तुलित छिमेक नीतिलाई अवलम्बन गर्दै वामपन्थीहरूको नेतृत्वमा अघि बढिसकेको छ । यो हाम्रो विचार, राजनीति र नेतृत्वको सफलता हो । सदीयौंदेखिको सामन्ती उत्पीडन र साम्राज्यवादी आक्रमणबाट देशलाई मुक्त गर्ने युगान्तकारी जनयुद्धको सफल नेतृत्व, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल निमार्णका लागि जनयुद्ध र जनआन्दोलनको समायोजन गर्ने इच्छाशक्ति र साहसिक कार्यान्वयन, संविधानसभाबाट संविधान निमार्णको क्रममा लिएको अडान र प्राप्त सफलता तथा संविधान कार्यान्वयनको लागि राष्ट्रिय शक्ति र अन्तर्राष्ट्रिय समुदायलाई समेत विश्वासमा लिएर निर्वाचन सम्पन्न गराउन खेलेको भूमिका समेतलाई हेर्दा आफ्नो पार्टीको घेराभन्दा माथि उठेर प्रचण्डले युगीन परिवर्तनको नेतृत्व गर्ने, परिवर्तनलाई संस्थागत गर्ने र परिवर्तन पछिको राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको बाटोमा मुलुकलाई डोऱ्याउन खेलेको भूमिकाबाट अध्यक्ष प्रचण्ड नेपालको एक कुशल राजनीतिक नेताको भूमिकामा उभिएको कुरा स्पष्टै छ ।✪

## एसियाली पूर्वाधार विकास बैंकको सञ्चालक समितिमा नेपाल

सन् २०१३ को अक्टुबरमा चीनका राष्ट्रपति सी जिन पीङ दक्षिणपूर्वी एसियाको भ्रमणमा थिए । त्यतिबेला उनले एसियाली मुलुकहरूको पूर्वाधार विकासको लागि छुट्टै पूर्वाधार विकास बैंकको आवश्यकता भएको अवधारणा सार्वजनिक गरे । सन् २०१६ जनवरी १६ मा बेइजिङमा उक्त बैंकको भव्य उद्घाटन भयो र नेपाल पनि त्यसको सञ्चालक समितिको सदस्य बन्यो ।

यस बैंकको अंशियार सदस्यमा एसियाली र गैरएसियाली मुलुकहरू पनि आबद्ध छन् । सबैभन्दा ठूलो अंशियार लगानीकर्ता भने चीन नै रहेको छ । कुल १ खर्ब डलर पूँजी भएको उक्त बैंकमा नेपालको लगानी कुल गार्हस्थ उत्पादनको आधारमा ०.०८ प्रतिशत अर्थात करिब एक अर्ब ६५ करोड रूपैयाँ रहेको छ । त्यो पनि चीनले नै ऋण तथा अनुदान सहयोगको रूपमा कटाइदिने भनेको कुरा बुझ्नमा आएको छ । ५७ मुलुक आबद्ध यस बैंकको १२ वटा देश मात्र भएको सञ्चालक समितिमा पर्नु वा पारिनु नेपालका लागि राम्रो अवसर पनि हो । पूर्वाधार विकासको प्रारम्भिक चरणमा रहेको नेपालले यसबाट फाइदा लिनसके ठूला पूर्वाधार विकासको आधार बन्न सक्छ ।✪

## नयाँ रेशममार्ग अर्थात् वान बेल्ट वान रोड परियोजनामा नेपाल

अन्तर्राष्ट्रिय शान्ति र आर्थिक साझेदारीमार्फत विश्वव्यापीकरण, विश्व भातृत्व र एकताको महत्त्वाकाङ्क्षी योजना ओवर अर्थात् ओविओआर अथवा बेल्ट एन्ड रोड इनिसियटिभ अर्थात् वान बेल्ट वान रोड परियोजना अर्थात् एक पेटी एक बाटो जे भने पनि नयाँ रेशम मार्गमा आबद्ध मुलुकको आर्थिक विकासका साथै सांस्कृतिक सम्बन्ध पनि मजबुत हुने विश्वासका साथ प्रशान्त महासागरदेखि बाल्टिक समुन्द्रसम्म, प्राचीन रेशममार्ग मातहत आर्थिक पेटी निर्माण गर्ने कुरा चीनका राष्ट्रपति सी जीन पीङले बताउँदै आएका हुन् । यो परियोजनाबाट चीनले पुरानो व्यापारिक मार्ग सिल्क रोडलाई पुनर्जीवित तुल्याएर आधुनिक व्यापारिक सञ्जालको निमार्ण गर्न चाहन्छ । केही वर्ष अघिदेखि शुरू भएको यो योजनामा सयभन्दा बढी मुलुकहरूले समर्थन गरिसकेका छन् भने नेपाललगायत ४१ मुलुकले यो परियोजनामा हस्ताक्षर समेत गरिसकेका छन । नेपालले यो योजनामा हस्ताक्षर गर्नु नेपालको विकासको ढोका खुल्नु हो पनि भनिन्छ । ओविओआरमा नेपालको सहभागितालाई रोक्ने प्रत्यक्ष परोक्ष दबाबका बीच प्रचण्ड सरकारले उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा र परराष्ट्रमन्त्री प्रकाशशरण महतको उपस्थितिमा काठमाडौंमा नेपालका परराष्ट्र सचिव र चिनियाँ राजदूतबीच २०७४ बैशाख २९ शुक्रबार अर्थात् सन २०१७ मे १२ मा हस्ताक्षर गर्‍यो । यो नेपाल र नेपाली जनताको ऐतिहासिक दिन हो ।

वान वेल्ट वान रोड परियोजनाले नेपाल विश्वको ठूलो हिस्सासँग सडक सञ्जालमा जोडिने मात्र छैन, नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता र आर्थिक समृद्धिको मार्ग पनि खुलेको छ ।  यो परियोजनाको सदस्य भएपश्चात् नेपाल र चीनबीच सम्बन्धको नयाँ अध्याय शुरूवात भएको छ । नेपाल दक्षिण एसियाको प्रवेशद्वार बन्ने छ भने विश्वका थुप्रै मुलुकसँग सडक, रेलमार्ग र जलमार्गको सञ्जालमा जोडिने छ । चीनले यसै योजनाअर्न्तगत सिगात्सेको रेल केरूङ हुँदै काठमाडौंसम्म जोड्ने प्रस्ताव गरेको छ । सन् २००८ मै पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्रीको रूपमा पहिलोपटक चीन जाँदा चिनियाँ रेल काठमाडौं हुँदै लुम्बिनीसम्म पुऱ्याउनुपर्ने कुरा चिनियाँ पक्षसँग राखिसकिएको हो । यस परियोजनामा आबद्ध हुनु नेपालको लागि सुखद अवसर हो । यसले सडकका साथै पेट्रोलियम पाइपलाइन, विद्युत् प्रसारण लाइन, कृषि, ठूला पूर्वाधार निमार्ण, उच्चस्तरीय प्रविधिहस्तान्तरण, पर्यटन प्रवर्द्धन, व्यवसायिक वस्तु ओसार-पसार, कला, दर्शन, भाषा, साहित्य, सभ्यता तथा सांस्कृतिक आदान-प्रदान लगायतका विभिन्न क्षेत्रमा चीनको साथ प्राप्त हुनेछ । एक-अर्कालाई जोड्ने छ । यो बृहत्तर परियोजना कार्यान्वयनको आर्थिक मेरूदण्ड एसियाली पूर्वाधार विकास बैंक नै हुनेछ । चीनले मात्र यो योजना कार्यान्वयनको लागि १ खर्ब, २४ अर्ब डलर लगानी गर्ने प्रतिबद्धता जनाएको छ । ✪

## राजनीतिक स्थायित्व र सन्तुलित छिमेक सम्बन्ध

विगत तीनचार वर्षयताका छिमेक यात्राका मेरा अनुभूति र नेपालको छिमेक सम्बन्धका पछिल्ला परिघटनालाई फर्केर हेर्दा नेपालको राजनीतिक परिवर्तन र स्थायित्वसँग छिमेक सम्बन्धमा पनि समानतामा आधारित सन्तुलित र परिपक्व वातावरण बन्दैगएको छ । विशाल दुई ठूला छिमेकी चीन र भारतको भौगोलिक घेराभित्र रहेको नेपाल र नेपालले विगतमा अवलम्वन गर्दै आएको छिमेक नीतिको सैद्धान्तिक र व्यवहारिक पक्षको समीक्षासहित नेपालले समानतामा आधारित समसामिप्य सन्तुलित छिमेक नीतिको प्रश्नलाई अघि सारेको छ । यो सम्बन्धको मुख्य आधारचाहिँ पञ्चशील नै हो भन्नेमा कुनै द्धुविधा छैन ।

युगीन परिवर्तनको ऐतिहासिक प्रक्रिया पार गरेको नेपालमा पनि बर्सेनी परिवर्तन भइरहने सरकार र सरकारको विदेश सम्बन्ध सञ्चालनमा रहेका त्रुटिका कारण परिवर्तनको ऐतिहासिक प्रक्रिया पछि पनि विवादमुक्त बन्न सकेनौं । एकातिर सत्ताको यथास्थितीवादी चरित्र र परम्परागत सोचले छिमेक कार्डको प्रयोगको हल्लाका पछि कुदी नै राख्यौं भने अर्कोतिर दक्षिणी छिमेकीको दक्षिण एसिया डक्ट्रिनको भयले पनि सताउन छोडेन । छिमेकको सूक्ष्मव्यवस्थापनमा आफ्नो सुरक्षा छाता बलियो भएको ठान्ने मात्र होइन सिङ्गो दक्षिण एसियामा आफ्नो सुरक्षा छाता बलियो बनाउने अभियानमा लागेको भारत र विश्वको दोस्रो ठूलो अर्थतन्त्र र २१ औं शताब्दीको चिनियाँ सपना बोकेर अबको विश्वको केन्द्र एसियालाई बनाउने रणनीतिमा अघि बढेको चीनबीचमा समानतामा आधारित सन्तुलित

सम्बन्धमार्फत् स्थिर र समृद्ध नेपाल बनाउने राष्ट्रिय अभियानले यस बीचमा प्राथमिकता पाउनु हाम्रो लागि खुसीको कुरा हो । राजनीतिक सत्ताका गतिविधिप्रति औंला ठड्याउने सचेत नागरिकको खबरदारीले पनि छिमेक सम्बन्ध सञ्चालनमा महत्त्वपूर्ण मार्गनिर्देशनको काम गर्दैआएको छ ।

राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय सम्बन्ध एक–अर्काका परिपूरक भएकाले आन्तरिक राष्ट्रिय एकता हासिल गरेर मात्र छिमेक सम्बन्धलाई सन्तुलनमा ल्याउन सकिन्छ भन्ने मान्यतालाई अघि सार्दै संविधान निर्माणपछिको नेपालमा माओवादी केन्द्रले अघि सारेको विचारले आज मुलुकमा स्थान पाएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टीले भ्रमणका क्रममा हाम्रो बीचमा प्रस्तुत गरेका विचारबाट बुझ्न सकिन्थ्यो कि, चीन नेपालमा राजनीतिक स्थायित्व र कम्युनिस्ट पार्टीहरूबीच एकता चाहन्छ । हामी एउटा अनिवार्य तथा बाध्यकारी घुम्ती पूरा गरेर सोही स्थानमा आइपुगेका छौं । सायद त्यो घुम्तीमा नपुगेको भए नेपालको आजको राजनीतिक सफलता सम्भव हुनेथिएन । यस घुम्तीको नेतृत्व प्रचण्डले नै नगरेको भए झनै यो सफलता सम्भव थिएन भन्ने कुरा दिनको घामजत्तिकै छर्लङ्ग भइसकेको छ । आरोपहरू खण्डित भएका छन् र हाम्रो विभाजनमा खुसी हुनेहरू पनि आश्चर्यचकित बनेका छन् । यो एक ऐतिहासिक राजनीतिक पहलकदमी हो ।

उत्तर र दक्षिणका छिमेकीसँग नयाँ आधारबाट सम्बन्धहरू अघि बढून् भन्ने हाम्रो चाहना हो । हामी छिमेकको समृद्धिबाट लाभान्वित हुन चाहन्छौं । हामी नेपालको राजनीति तथा विकास र समृद्धिको आफ्नै मौलिक मोडल तयार गर्ने

चाहन्छौं र त्यसमा छिमेकीको साथ चाहिन्छ । २०७२ जेठ १ मा चीन र भारतका नेतृत्वबीच बेइजिङमा भएको लिपुलेक सम्झौता नेपाल र नेपालीका लागि छिमेकीहरूको अन्यायपूर्ण, हेपाहा र दुभार्ग्यपूर्ण कदम थियो । त्रिदेशीय सीमाबिन्दूको नजिक नेपालको भूमि अतिक्रमण गरेर दुई ठूला छिमेकीले जुन सम्झौता गरे, यसले नेपाललाई एकपटक नराम्ररी झस्काएको छ । सगरमाथामा विवाद हुँदा विपी कोइरालाले बोकेर चीन पुऱ्याएको नक्सा अध्यक्ष माओले आफैंले अध्ययन गरेर, आफ्नो प्रधानमन्त्री चाओ एन लाईलाई नेपाल पठाएर सगरमाथा नेपालको हो भनेर घोषणा गरेका थिए । सन् १९५५ मा नेपाल र चीनबीचमा कूटनीतिक सम्बन्ध स्थापना भएपश्चात् दुवै देशका राजधानीमा सन् १९६० मा राजदूतावासको स्थापना भए । नेपाल र चीनबीच सीमासम्बन्धी प्रोटोकलमा हस्ताक्षर सन् १९७९ मा भएको थियो भने सीमासम्झौता सन् १९६१ मा भएको हो । तत्पश्चात् नेपाल मामिलामा विवादित कदम नचालेको चीन लिपुलकमा किन नेपालका विरूद्ध खडा भयो भन्ने प्रश्न प्रधानमन्त्री प्रचण्डले बेइजिङमा उठाउँदा यसको सत्यतथ्य छानविन गरी नेपाललाई अन्यायमा पर्न नदिने प्रतिबद्धता चिनियाँ राष्ट्राध्यक्षले जनाएको तथ्य पनि यहाँ स्मरणयोग्य नै छ । कम्युनिस्ट सरकारका अबका प्राथमिकतामा छिमेकीहरू सहयोग र सहकार्यका लागि तयार भएमा समृद्ध नेपालले उनीहरूको सुरक्षा चासोलाई पनि सम्बोधन गर्नेछ भन्नेमा हामी भने विश्वस्त नै छौं । ✪

## अन्तर्राष्ट्रिय तथा क्षेत्रीय राजनीतिका चुनौती र नेपाली सपना

चिनियाँ राष्ट्रपति सी जीन पीङ नेतृत्वमा आएपश्चात् उनकै भनाईमा समाजवादी चीननिर्माणको कामले द्रुतगति लिएको छ । चीन दोस्रो ठूलो आर्थिक महाशक्ति मात्र बनेको छैन, विचारधाराका क्षेत्रमा मार्क्सवाद-लेनिनवाद-माओ विचारधारा र देङ स्याओ पीङ सिद्धान्तमा विकास गर्दै सी जीन पीङ विचारको नयाँ संश्लेषण गर्न पुगेको छ । माओपछिको सबैभन्दा शक्तिशाली नेता बनेका सी र चिनियाँ कम्युनिस्ट पार्टीले १९ औं पार्टी महाधिवेशनबाट विचारको क्षेत्रमा उनीहरूले गरेको विकास आजको विश्वसन्दर्भमा नयाँ अध्ययन र बहसको विषय बनेको छ । एक्काइसौं शताब्दीमा चिनियाँ विशेषतासहितको समाजवादको नयाँ मोडेलमार्फत अघि बढेको चीनले सन् १९४९ को नयाँ जनवादी क्रान्तिको शतवार्षिकीसम्म जाँदा आफूलाई समृद्ध समाजवादी मुलुक बनाउने घोषणा गरिसकेको छ ।

चिनियाँ सपनाले नयाँ विश्व र एसियाली शताब्दीको उद्घोष गरेको छ । ओबीओआर चिनियाँ सपनालाई विश्वव्यापी बनाउने एउटा महत्त्वपूर्ण माध्यम ठानिएको छ । राजनीतिक परिवर्तनका लागि चिनियाँहरूको स्पष्ट भनाइ शान्तिपूर्ण प्रतिस्पर्धाको माध्यमबाट समाजवाद निर्माण गर्ने रहेको छ । हाम्रोजस्तो विषम भौगोलिक स्थिति र विकृत पूँजीवादी आर्थिक आधार भएको मुलुकमा परिवर्तनको रेखा कोर्नु स्वयम्मा चुनौतीपूर्ण प्रश्न हो । वामपन्थी कम्युनिस्टहरूको नेतृत्वमा उपरीसंरचना अर्थात् राजनीतिक सत्ता लिएर आर्थिक आधार बदल्ने हस्तक्षेपकारी भूमिकामा उभिएर

मात्रै यो गर्न सम्भव छ । जनमतले यसलाई सम्भव पनि बनाएको छ तर पार्टी भित्र र बाहिरका दलाल तथा नोकरशाही पूँजीवादपन्थका विरूद्ध आवश्यक शक्तिसञ्चय गर्ने वैचारिक बहस थाल्न क्रान्तिकारीहरूले ढिला गर्नुहुँदैन ।

दक्षिणमा उदीयमान भारत चातुर्दिक् नेता नरेन्द्र मोदीको नेतृत्वमा अगाडि बढिरहेको छ । दशकौंपछि नरेन्द्र मोदीले सिङ्गो भारतलाई प्रतिपक्षविहीनजस्तै बनाइदिएका छन् । नरेन्द्र मोदीको विश्वव्यापी प्रभाव लोभलाग्दो छ । भारतवर्षमा मोदीको दबदबासँगै अमेरिकामा डोनाल्ड ट्रम्पको उदयले साम्राज्यवादी विश्वव्यवस्थामा अनुदार हिस्सालाई स्वागत गरिएको छ । कर्पोरेट जगत्को राजनीतिमा प्रत्यक्ष सहभागिताले विश्वको नयाँ ध्रुवीकरणलाई नजिक ल्याइदिएको छ । एकातिर चिनियाँहरूले भनेको समाजवादी बाटो र अर्कोतिर वयस्क पूँजीवादको जबर्जस्त प्रभावलाई नेपालले कसरी सन्तुलनमा राख्न सक्ला ? यो हाम्रा लागि चानचुने चुनौतीको विषय रहेन ।

यावत् चुनौतीका बीच मुलुकलाई परिपक्व, गतिशील र निर्भीक नेतृत्व चाहिएको छ । जसले चुनौतीपूर्ण अवसरका बीच देशलाई गन्तव्यमा पुऱ्याउन सकोस् । जसले अन्तर्राष्ट्रिय र क्षेत्रीय राजनीतिका चुनौतीका बीच समाजवादी गन्तव्यको नेपाली सपनाको नेतृत्व गर्न सकोस् । जनताले निर्वाचनमार्फत् वामपन्थी गठबन्धन र कम्युनिस्ट पार्टीको एकतालाई अनुमोदन गरिसकेका छन् । सम्पूर्ण देशभक्त, वामपन्थी, प्रगतिशील र सच्चा लोकतान्त्रिक गणतन्त्रका पक्षधर शक्तिहरू कम्युनिस्ट पार्टीको नेतृत्वमा गोलबन्द भएका छन् । नेपालको वामपन्थी जनमत तथा कम्युनिस्ट आन्दोलनले आफ्नो नेतृत्व प्रचण्ड र ओलीमा केन्द्रित गरिसकेको छ । जनमत र नेतृत्वको

सुन्दर समायोजनसहित त्याग र समर्पणको भावना, विशाल हृदय र समुन्नत चेतना तथा बहुआयामिक र गतिशील सोचको खोजी आजको नेपालले गरेको छ । मुलुकको बृहत्तर एकताले मात्र आजका अन्तर्राष्ट्रिय र क्षेत्रीय चुनौतीहरूको सामना गर्न सक्दछौँ । देश निर्माणको वास्तविक सङ्कल्प र प्रतिबद्धताले मात्र छिमेकीहरूको प्रगति र समृद्धिबाट लाभ लिन सकिन्छ । क्षेत्रीय शक्तिहरूसँग सहअस्तित्व र सन्तुलनमा आधारित राजनीतिक र कूटनीतिक सम्बन्धको सञ्चालन गर्न सकेमा एक्काइसौं शताब्दी नेपालीका लागि प्रगति र समृद्धिका निमित्त वरदान सावित हुनेछ ।

★★★

# स्मृतिमा बङ्गलादेशको भ्रमण

## १. पूर्वसन्दर्भ

बङ्गलादेश दक्षिण एसियाली देशहरूमध्ये कान्छो देश हो तर भाषा र संस्कृतिको दृष्टिले यसको आफ्नो पुरानो र समृद्ध इतिहास छ । दोस्रो विश्वयुद्धपछि फेरिएको विश्वको शक्तिसन्तुलन र बिट्रिस साम्राज्यको पतनपछि सन् १९४७ मा भारतवर्ष स्वतन्त्र भयो । भारतीय स्वतन्त्रता सङ्ग्राममा होमिएका सबै जाति, क्षेत्र र संस्कृतिका मानिसहरूले आफ्ना जातीय, क्षेत्रीय, भाषिक, संस्कृति र धार्मिक आस्थाका आधारमा अलग राज्यको लागि सङ्घर्ष शुरू गरे । फलस्वरूप भारतको स्वतन्त्रतासँगै पाकिस्तान एक अलग स्वतन्त्र राज्य बन्न पुग्यो । यो लडाइँ ज्यादै क्रूर थियो । यस बीचमा भएका जातीय हिंसाबाट लाखौंलाख मानिसहरूले ज्यान गुमाए भने हजारौं मानिसहरू परिवारविहीन भएका थिए । हिन्दुस्तानबाट अलग भएको पाकिस्तानसँग पूर्वी पाकिस्तान र पश्चिमी पाकिस्तानको रूपमा दुई अलग-अलग भूगोल थिए । इस्लामावादले पूर्वीपाकिस्तान अर्थात आजको ·बङ्गलादेशमाथि जल र वायुमार्गबाट शासन गर्दथ्यो । मुस्लिम बाहुल्य पाकिस्तानसँग बङ्गाली भाषिक स्वन्तत्रताको नारामा शुरू भएको लामो रक्तपातपूर्ण सङ्घर्षले सन् २०७१ मा गएर सार्थकता प्राप्त गऱ्यो र लाखौं बङ्गाली भाषीहरूको बलिदानको जगमा स्वतन्त्र

बङ्गलादेशको जन्म सम्भव गराईदियो । यस सङ्घर्षमा अवामी लिगका संस्थापक तथा बङ्गलादेश स्वतन्त्रताका नेता शेख रहमानको नेतृत्वदायी भूमिका देखियो । हुन त भाषिक आन्दोलनमा सबै भन्दा बढी सङ्घर्ष र वलिदान कम्युनिस्टहरूले गरे तर वुर्जुवा वर्गले यसलाई स्वीकार गरेन भन्ने धारणा समाजवादी कम्युनिस्ट पार्टी अफ बङ्गलादेशका महासचिव खालीगुजमानको रहेको छ । उनी आफै पनि बङ्गलादेश स्वतन्त्रता सङ्ग्रामको एक योद्धा हुन् । हाल बङ्गलादेशको जनसङ्ख्या १६ करोडभन्दा माथि छ । बङ्गालदेशको राष्ट्रिय भाषा बङ्गाली हो भने बङ्गलादेशमा ९८ प्रतिशत बङ्गाली जातिको बसोबास रहँदैआएको छ । बङ्गलादेशलाई आठवटा प्रान्त (प्रशासनिक इकाई) र ६४ वटा जिल्लामा विभाजन गरिएको छ ।✪

## २. कम्युनिस्ट पार्टी, बन्धुत्व र बङ्गलादेश

समाजवादी पार्टी अफ बङ्गलादेशसँगको हाम्रो सम्बन्ध पुरानो हो । त्यो सम्बन्ध पार्टी नेतृत्वको माध्यमबाट जोडिएको तर पछि विद्यार्थी सङ्गठनमार्फत् निरन्तरता दिइएको भन्दा फरक पर्दैन । सन् २००६ सेप्टेम्बर १८-२३ मा काठमाडौंमा सम्पन्न अखिल (क्रान्तिकारी) को १७ औं राष्ट्रिय सम्मेलनमा समाजतान्त्रिक छात्र संघ बङ्गलादेशका प्रतिनिधि अतिथिका रूपमा सहभागी भए । सन् २०१० मा सोही सङ्गठनले आयोजना गरेको एक शैक्षिक कार्यक्रममा भाग लिन अखिल (क्रान्तिकारी) का तत्कालीन अध्यक्ष लेखनाथ न्यौपाने बङ्गलादेश गएका र उनी बङ्गलादेश रहँदा ढाकाको अलावा चट्टगाउँसम्म पुगेको कुरा पनि उल्लेखनीय छ । सन् २०१४ मा समाजवादी पार्टी अफ

बङ्गलादेशको महाधिवेशनमा प्रमुख अतिथिको रूपमा अध्यक्ष प्रचण्डलाई बोलाइएको रहेछ । शहरभरी अध्यक्ष प्रचण्डको पोष्टर र ब्यानर राखिएछ । निर्वाचनको कारण अध्यक्ष जान नभ्याएपछि कृष्णबहादुर महरा सहभागी बन्नुपरेको स्थिति रहेछ । सन् २०१५ मा हामीलाई विद्यार्थी सङ्गठनले शैक्षिक गोष्ठीमा भाग लिन बोलाएको थियो । मेरो कार्यव्यस्तताले गर्दा सङ्गठनको तर्फबाट गोपाल न्यौपाने उक्त कार्यक्रममा सहभागी भए ।

सन् २०१६ मार्च २१ र २२ मा तद्नुसार वि.सं. २०७२ चैत्र आठ र नौ गते ढाकामा हुन गइरहेको समाजतान्त्रिक छात्र संघको चौथो सम्मेलनमा भाग लिन सङ्गठनको अध्यक्ष म आफैं र कोषाध्यक्ष गोपाल न्यौपाने बङ्गलादेश गयौं । त्यस लगत्तै नेपालमा भएको अन्तर्राष्ट्रिय किसान सम्मेलनमा सामेल हुन समाजवादी पार्टी अफ बङ्गलादेशका नेता बजरूल रसिद फिरोज काठमाडौं आएका रहेछन् । हामीसँग सम्पर्क भयो र हामीले त्रिवि कीर्तिपुरको अन्तर्राष्ट्रिय सम्बन्ध विभाग र नगरकोट भ्रमण गराउने, पार्टी र विद्यार्थीको मुख्यालयमा भेटघाट तथा जुन ७, २०१६ मा अध्यक्ष प्रचण्डसँग भेट गराउने काम गऱ्यौं । उपर्युक्त समयमा महासचिव खालिगुजमानलाई नेपाल भ्रमणको वातावरण बनाउने कुरा पनि यसै भेटमा भयो । नेपालमा सरकार परिवर्तनको अवस्थापछि अध्यक्ष प्रचण्ड नेपालको ३९ औं प्रधानमन्त्री बनेपश्चात् बङ्गाली कमरेडहरू नेपाल भ्रमण गर्ने र प्रचण्डसँग भेटघाट र छलफल गर्ने उद्देश्यका साथ निरन्तर सम्पर्कमा रहेको कुराले पनि यी दुई देशका बीचको कम्युनिस्ट पार्टीको एकात्मक भावलाई देखाएको छ । वि.सं. २०७३ पौष पहिलो सातामा समाजवादी पार्टी

अफ बङ्गलादेशका महासचिव खालिगुजमन र नेता फिरोज अर्को एक साथीसहित नेपाल आउँदा मैले भेटवार्ताको वातावरण मिलाएँ । वि.सं. २०७३ पौष सात गते बिहान प्रधानमन्त्री निवास बालुवाटारमा भेटवार्ता भयो । उक्त भेटमा दुईपार्टीबीचको भाइचारा सम्बन्ध, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, साम्राज्यवादी विश्वव्यापीकरण तथा दक्षिण एसियामा भारतीय विस्तारवाद तथा सबै देशका घरेलु प्रतिक्रियावादका विरूद्ध समाजवादी शिबिरको पुनर्जागरण र पुनर्गठनका गहन विषयमा कुराकानी भएको थियो ।

समाजवादी पार्टी अफ बङ्गलादेशले महान् अक्टुबर समाजवादी क्रान्तिको शतवार्षिकीको अवसर पारी ढाकामा अन्तर्राष्ट्रिय सेमिनारको आयोजना गरेको थियो । पार्टीका विदेश विभाग सचिव युवराज चौलागाईं र म कार्यक्रममा सहभागी भयौं । वि.सं. २०७४ कार्तिक ३१ देखि मङ्सीर ४ गतेसम्मको ४ दिने बङ्गलादेश बसाईमा दक्षिण एसियाका भारत, श्रीलङ्का र बङ्गलादेशका कमरेडहरूसँग २१ औं शताब्दीमा समाजवादी आन्दोलनका भविष्यका बारेमा विमर्श गरियो । यी निरन्तरका शृङ्खलाबाट समाजवादी पार्टी अफ बङ्गलादेशसँगको हाम्रो भाइचाराले निकट भावनात्मक सम्बन्ध पनि निर्माण गरेको छ ।

बङ्गलादेशका कम्युनिस्टहरू नेपालको जनयुद्धमार्फत् समाज रूपान्तरणका लागि भएको उच्च बलिदानलाई सम्मान गर्दछन् । उनीहरू प्रचण्डको नेतृत्वप्रति विश्वास गर्दछन् । समाजवादी पार्टी अफ बङ्गलादेशले हाम्रो पार्टीसँगको आफ्नो सम्बन्धलाई कमजोर हुन दिएको छैन । बरू बङ्गलादेशका अन्य कम्युनिस्ट तथा वामपन्थी समूहहरू

पनि हाम्रो पार्टीको निकट सहयात्रामा आइपुगेका छन् । नेपालमा वामपन्थी पार्टीहरूको बीचमा शुरू भएको एकताप्रक्रिया र गठबन्धनले उनीहरूलाई पनि एउटै मोर्चामा सामेल हुन प्रेरित गरेको उनीहरू नै बताउँछन् ।

नेपालका कम्युनिस्टहरूले बङ्गलादेशका कम्युनिस्टहरूको जीवनशैली, सङ्गठन र सङ्घर्षप्रतिको लगावबाट थुप्रै शिक्षाहरू लिन सक्छौं । वामपन्थीको बाहुल्य भएको नेपालमा र कम्युनिस्ट पार्टीको नेतृत्वमा देश स्थिरता र समृद्धितिर जाने निकट सम्भावनाबीच हाम्रा अगाडि दक्षिण एसियाको कम्युनिस्ट आन्दोलनलाई प्रेरणा प्रदान गर्न र नेतृत्व गर्न सम्भव छ । त्यसको पहिलो शर्त भने पार्टीलाई सर्वहाराकरण गर्नु तथा पार्टीका नेता कार्यकर्तालाई समाजवादी शिक्षाले दीक्षित गर्नु अनिवार्य हुनेछ ।✪

## ३. विद्यार्थी सम्मेलनले जुराएको पहिलो बङ्गलादेश भ्रमण

राजधानी ढाकामा हुन गइरहेको समाजतान्त्रिक छात्र सङ्घको चौथो सम्मेलनमा आतिथ्यताको लागि हाम्रो सङ्गठनलाई निम्तो प्राप्त भयो । एकातिर हामीसँग देशमा गएको विनाशकारी भू-कम्प र त्यसले गरेको जनधनको क्षतिको पीडा थियो भने अर्कोतिर पीडाकै बीचमा राजनीतिक दलहरूबाट मूलतः हाम्रो पार्टी नेतृत्वले लिएको पहलकदमीका बाबजुद देशले नयाँ संविधान प्राप्त गरेको ऐतिहासिक सफलता पनि हामीसँगै थियो । हामी युवा विद्यार्थीहरू जनताको बीचमा रहेर उद्धार, राहत र पुनर्स्थापनाको काममा क्रियाशील थियौं । देशभित्रका यी घटनाक्रमको सन्देश अन्तर्राष्ट्रिय विद्यार्थी आन्दोलन र समुदायका सामु

पेस गर्ने तथा अन्तर्राष्ट्रिय र क्षेत्रीयस्तरमा विद्यार्थी आन्दोलनलाई साम्राज्यवाद विरोधी फोरमको रूपमा सङ्गठित गर्ने अवसरका रूपमा उक्त सम्मेलनको मञ्च प्रयोग गर्न सकिने निष्कर्षका साथ हामी चैत्र ७, २०७२ का दिन विमान बङ्गलादेशबाट ढाकातर्फ प्रस्थान गऱ्यौं ।

यो मेरो पहिलो बङ्गलादेश यात्रा थियो । यात्रारत रहँदा बङ्गलादेशको भू-राजनीति, आर्थिक सामाजिक अवस्था, शासन प्रणाली र विद्यार्थी आन्दोलनको बारेमा गोपाल न्यौपाने र केही पत्रपत्रिकाहरूका माध्यमबाट जानकारी लिने काम गरें । हामी बङ्गलादेशको आकाशमा पुगेपछि मौसम प्रतिकूल थियो । काठमाडौँको गर्मी मौसम बङ्गलादेशमा भने वर्षा सोचेभन्दा उल्टो लागिरहेको थियो । बङ्गलादेश एयरपोर्टमा उत्रेपछि यहाँको भू-बनोट, मौसम, आर्थिक विकासको अवस्था र मानिसहरूको स्थितिको सामान्य चित्र तयार भयो । हामीलाई गाइड गर्ने मित्रले ढाका सिटी हुँदै समाजवादी पार्टी अफ बङ्गलादेशको पार्टी कार्यालयमा पुऱ्याए । त्यहाँ महासचिव खालिगुजमन, नेताहरू फिरोज, रतन र विद्यार्थी अध्यक्ष जनार्दनदत्त नान्टु, महासचिव इम्रान हविव रोमनसँग भेट भयो । कार्यक्रममा सहभागी बन्न श्रीलङ्काबाट सोसलिष्ट स्टुडेन्ट युनियनका राष्ट्रिय कमिटी सदस्य जीवाना गमाजे (Mr. Jeewana Gamage), फिलिपिन्सबाट लिग अफ फिलिपिनो स्टुडेन्ट्सका अध्यक्ष चेरीस बानोज (Mrs.Cherisse Banoz), एल साल्भाडोरबाट पिपुल्स ब्लक अफ नेसनल लिबरेसन फ्रन्टका सान्ड्रा कास्ट्रिलो (Mrs. Sandra Castillo), र भारतबाट एल इन्डिया स्टुडेन्टस् एसोसियसनका अध्यक्ष सुचिता दे (Mrs. Sucheta De) सहभागी भएका थिए ।

सम्मेलनको उद्घाटन वि.सं. २०७२ चैत्र ८ गते (मार्च ८, २०१६) का दिन ढाका विश्वविद्यालयको प्राङ्गणमा भयो । पार्टीका संस्थापक नेता र विज्ञान आन्दोलनका वरिष्ठ वैज्ञानिकको हातबाट सङ्गठनको झन्डोत्तोलन गरी सम्मेलनको उद्घाटन गरियो । बङ्गलादेश कला र संस्कृतिको धनी देश मानिन्छ । भाषिक मुक्ति आन्दोलनका क्रममा थुप्रै बङ्गालीहरूले प्राणको आहूति दिए र स्वतन्त्र बङ्गलादेशको स्थापना गरे । सन् १९७१ मा पाकिस्तानबाट बङ्गलादेश स्वतन्त्र भयो । प्रगतिशील बङ्गाली कला र संस्कृति पनि ज्यादै समृद्ध छ बङ्गलादेशमा । त्यसको परिचय समाजवादी अभियन्ताका रूपमा आएका कलाकार तथा संस्कृतिकर्मीले विद्यार्थी सम्मेलनमा दिए । पार्टी संस्कृतिको एउटा राम्रो पक्ष बङ्गलादेशमा देखियो । उद्घाटन सत्रमा होस् या त आलोचनासभामा होस् निर्धारित वक्ता मात्र मञ्चासन गर्ने र अरू सबै जनताको बीचमा रहने परम्परा रहेछ । उद्घाटन समारोहमा विद्यार्थी इन्चार्ज र हामी विभिन्न देशबाट आएका अन्तर्राष्ट्रिय प्रतिनिधिहरूलाई मात्र मञ्चमा बोलाइएको थियो । उद्घाटन सत्रपश्चात् ढाका विश्वविद्यालयबाट इन्कलाब जिन्दावादको नारामा निस्केको जुलुस ढाका सहरको मूल सडकमा निस्क्यो । हामी जुलुसको अग्रभागमा थियौँ । चर्को घाम, चर्कै नाराबाजी, असिनपसिन हुँदै साम्राज्यवादी, पुँजीवादी सत्ता र शैक्षिक व्यापारीकरणका विरूद्ध ऐक्यबद्धतासहित हामी अन्तर्राष्ट्रिय विद्यार्थी आन्दोलनको मोर्चामा सामेल थियौँ ।

उनीहरूकोमा सम्मेलनलाई उत्सव, अन्तर्क्रिया र सङ्घर्षको मोर्चाको रूपमा सम्पन्न गर्ने संस्कार नै रहेछ । हामीलाई उद्घाटनपछि बन्दसत्र सञ्चालन हुन्छ होला भन्ठानेको

त्यसो भएन । कारण नीति कार्यक्रम र नेतृत्व निर्माणको काम राष्ट्रिय परिषद्को पूर्ण बैठकबाट एक महिनाअघि नै टुङ्गो लागिसकेको रहेछ । आलोचना सभामा नेतृत्व घोषणा गरिसकेपछि मात्र हामीलाई यो कुरा थाहा भयो । इब्राहिम हविव रोमनलाई हामीले बधाई दियौं । खादा लगाइदियौं तर उनीहरूकोमा अबिरजात्रा र मालाको संस्कार रहेनछ । यो कुनै विजय उत्सव हैन बरू यो त मात्र जिम्मेवारीको हस्तान्तरण हो । नयाँ कर्तव्यबोधको थालनी हो यसमा अबिर खादाको स्थान कहाँ हुन्छ र पो भन्दछन् त साथीहरू । हामी विभिन्न मुलुकबाट आएका साथीहरूले बङ्गलादेशको खुलामञ्चमा आयोजित सभामा आफ्ना विचार र शुभकामना सन्देश दियौं ।

आलोचनासभामा श्रीलङ्काका जिवाना गमाजेले "झुठा मेडिकल कलेज बन्द गर" भन्ने नारा लेखिएको ब्यानर बोकेर आएका थिए । नेपालबाट जस्तै श्रीलङ्काबाट पनि बर्सेनि थुप्रै विद्यार्थीहरू चिकित्साशास्त्र अध्ययन गर्न बङ्गलादेश आउँदा रहेछन् । बङ्गलादेशका निजी मेडिकल कलेजले दिने गुणस्तरहीन शिक्षा र चर्को शुल्कको मारमा श्रीलङ्काली विद्यार्थी परेको भन्दै उनले त्यसता मेडिकल कलेजको अनुमति सरकारले रद्द गरोस् भन्ने आवाज आलोचनासभामा उठाए ।

फिलिपिनो विद्यार्थी नेतृ बानोजले अमेरिकी साम्राज्यवाद मात्र नभै चिनियाँ सामाजिक साम्राज्यवाद पनि आफ्नो देश र जनताको शत्रु रहेको धारणा राख्दै फिलिपिन्सको फाँसीवादी प्रतिक्रियावादी सरकारले आफ्नो पार्टी तथा विद्यार्थी सङ्गठनलाई पूर्णतः प्रतिबन्धित गरेको र आफूहरू भूमिगत जीवन बिताइरहेको बताइन् ।

अल इन्डिया स्टुडेन्ट्स एसोसिएसनका अध्यक्ष सुचिता दे ले आफ्नो अधिकांश मन्तव्य मोदी सरकारको आलोचनामा खर्च गरिन् । उनले जेएनयू घटनामा भारत सरकारको रबैयालाई उदाहरणको रूपमा प्रस्तुत गर्दै विश्वविद्यालय र बौद्धिक समुदाय सरकारी फाँसीवादी रबैयाको निसानामा परेको जिकिर गरिन् । उनी पश्चिम बङ्गालको बासिन्दा भएकाले बङ्गाली भाषा नै मातृभाषा रहेछ । उनले बङ्गाली भाषामा मन्तव्य राख्दा अरूभन्दा बढी नै ताली बजिरहेको थियो ।

कार्यक्रममा नेपाल सबैभन्दा आकर्षणको केन्द्रमा थियो । जनयुद्धबाट आएको एउटा सशक्त कम्युनिस्ट पार्टी तथा वामपन्थी पार्टीहरूको सरकार रहनु आजको विश्वसन्दर्भमा कम्युनिस्ट पार्टीका लागि विरलै प्राप्त अवसर थियो भने नेपालमा केही समयपहिले गएको विनाशकारी भूकम्प र पुनर्निर्माणको अवस्थाबारे जान्न सहभागीहरू उत्सुक देखिन्थे ।

हामीले नेपालमा केही समययता भएका शृङ्खलाबद्ध घटनाक्रमका बारे विषय प्रस्तुत गऱ्यौं । नेपालले इतिहासमै पहिलो पटक सार्वभौम जनताका प्रतिनिधिहरूका माध्यमबाट संविधानसभा मार्फत ऐतिहासिक संविधान जारी गरेको, संविधान घोषणापश्चात् भारतीय नाकाबन्दी सामना गरेको तथा ०७२ वैशाख १२ को विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पपश्चात् जनधनको ठूलो क्षति बेहोर्नुपरेको तथ्य पेस गरे । अहिले नेपाल संविधान कार्यान्वयन र भूकम्पपछिको पुनर्निर्माणको चरणमा रहेकाले छिमेकीहरूको सदभाव र सहयोग आवश्यक रहेको कुरा पनि प्रस्तुत गरियो । साथै शिक्षामा भएको निजीकरण, व्यापारीकरण र माफियाकरण विश्वव्यापी समस्या भएकाले यसका विरूद्ध एसियाली देश

तथा विश्वभरका वामपन्थी तथा प्रगतिशील विद्यार्थी सङ्घ सङ्गठनहरूले राजनीतिक रूपले साम्राज्यवादका विरूद्ध र शैक्षिक रूपले निजीकरण, व्यापारीकरण र माफियाकरणविरूद्ध मोर्चा निमार्ण गर्नुपर्ने धारणा राखेँ ।

आलोचनासभापश्चात् सबै अन्तर्राष्ट्रिय प्रतिनिधिहरू र आयोजक साथीहरूले हाम्रा विचारबाट आफूहरू प्रभावित भएको बताए ।

सार्वजनिक मञ्चमा उभिएर पहिलो पटक अङ्ग्रेजी माध्यमको मन्तव्य राख्नुपूर्व केही सकस भैरहेको थियो तर त्यसले मेरो आत्मविश्वास जागृत गर्ने मौका प्रदान गऱ्यो ।

पार्टी महासचिवले बङ्गलादेशको समाजवादी क्रान्तिको कार्यदिशा र विद्यार्थी आन्दोलनको भूमिका तथा साम्राज्यवादविरूद्धका अन्तर्राष्ट्रिय मोर्चा निर्माणको आवश्यकताबारे गहन मन्तव्य राख भने नयाँ निर्वाचित/सार्वजनिक गरिएका अध्यक्षले हामी र सहभागीलाई धन्यवाद तथा आफ्ना प्रतिबद्धता पेस गरे । राति अबेरसम्म विभिन्न प्रगतिशील समाजतान्त्रिक र राष्ट्रवादी कलाकारहरूले गीतसङ्गीत तथा नृत्य प्रस्तुत गरे । यसरी बङ्गाली समाजवादी सांस्कृतिक आन्दोलनलाई नजिकबाट नियाल्ने मौका मिल्यो ।

सम्मेलन सम्पन्न भइसकेपछि पार्टी नेतृत्वसँग अन्तर्क्रिया गरियो । बङ्गलादेशको स्वतन्त्रता आन्दोलन अर्थात् जातीय/राष्ट्रिय मुक्ति आन्दोलनमा कम्युनिस्ट र गैरकम्युनिस्टहरूको संयुक्त पहलकदमी थियो तर जनसङ्गठन, जनजागरण र बलिदानको नेतृत्व गर्नेमा

कम्युनिस्टहरू अगाडि थिए । जब आन्दोलनको स्वामित्व ग्रहण गर्ने बेला आयो बुर्जुवाहरू अगाडि आए । राज्यसत्ता र वर्गको सम्बन्ध यहीँनेर हुँदोरहेछ । आजको बङ्गलादेशमा हामी कम्युनिस्टहरू विभाजित भएर रह्यौं । जनताले बुर्जुवा प्रणालीभित्रका दुई बुर्जुवा पार्टीहरू शेख हसिना नेतृत्वको अवामी लिग र बेगम खालिदा जिया नेतृत्वको बङ्गलादेश नेसनल पार्टीको विकल्प खोजिरहेका छन् तर हामीले विकल्प दिन सकेका छैनौं । हामी अब विकल्पका लागि सबै वामपन्थीहरू एक ठाउँमा आउँदैछौं । शेख रहमान जसलाई फादर अफ बङ्गलादेश भनिन्छ । शेख हसिनाका बाबु हुन् । उनी पहिलो बङ्गलादेशी राष्ट्रप्रमुख पनि हुन् ।

बङ्गलादेशमा प्रो इन्डियन र प्रो पाकिस्तानी हावा चलिरहन्छ । सेनाप्रमुखले ठूलो रक्तपातमार्फत् शेख रहमानलाई सत्ताच्युत मात्र गरेनन् उनीलगायत परिवारका सत्र जनालाई समाप्त पारिदिए । बेलायत पढ्न गएकी शेख हसिना उक्त रक्तपातबाट बचिन् र आजको बङ्गलादेशको नेतृत्व लिइरहेकी छिन् । रक्तपातबाट सत्तामा उक्लिएका सेनाप्रमुखले बङ्गलादेश नेसनल पार्टीको गठन गरे । उनकी श्रीमती खालिदा जिया अहिले पनि सो पार्टीको अध्यक्ष छिन् । बेगमको सत्तालाई पनि सेनाकै सहयोगमा अपदस्थ गरियो । आज अवामी लिग बङ्गलादेशको शक्तिशाली गठबन्धनको अगुवा हो । उसले गत निर्वाचनमा सत्ताको दुरूपयोग गरी प्रतिस्पर्धीलाई मनोनयन गर्न नदिएरै एकलौटी निर्वाचन हात पाऱ्यो । अहिले बङ्गलादेशमा अवामी लिगको सरकारलाई करिब दुईतिहाई सांसदहरूको साथ छ । बुर्जुवा लोकतन्त्रको भद्दा अभ्यासबाट वाक्कदिक्क भएका, पूँजीवादको चर्को श्रम शोषणबाट प्रताडित भएका र साम्राज्यवादीहरूका

स्वदेशी र विदेशी एजेन्टद्वारा लुटिएका बङ्गाली जनतालाई वामपन्थी कम्युनिस्टहरूले विकल्प दिनसके समाजवादी क्रान्तिको मशाल बाल्न सम्भव छ ।

केही समयपहिले नयाँ दिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालयमा सशक्त विद्यार्थी आन्दोलन भयो । भारतीय जनता पार्टीको धार्मिक अतिवादी आक्रमणका विरूद्ध एउटा आन्दोलन खडा भयो । सोही आन्दोलनलाई केन्द्रमा राखेर ढाका विश्वविद्यालयमा जे एन यू अलमुनाईको पहलमा सुचिता दे लाई मुख्यवक्ता बनाएर एउटा अन्तर्क्रियाको आयोजना गरियो । उक्त कार्यक्रमको आयोजक ढाका विश्वविद्यालय सामाजिक विज्ञान अध्ययन विभाग थियो । नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालय हो । त्रिभुवन विश्वविद्यालयमा विश्वका थुप्रै विश्वविद्यालयबाट उत्पादित जनशक्ति खपत भएको पक्कै पनि छ तर हामीकहाँ यस्तो खाले संस्कार र संस्कृति छैन । यदि हामीकहाँ पनि यस्तो संस्कृति हुँदो हो त संस्थागत र सामूहिक बौद्धिककर्म गर्नलाई मलजल हुन्थ्यो होला । देशको सभ्यताको चित्र हेर्न विश्वविद्यालय गए हुन्छ, गाउँको सभ्यता हेर्न शौचालयको अवस्था हेर्नुपर्छ भनिन्छ । जे होस हाम्रा विश्वविद्यालयले देशका अनुहार प्रतिबिम्बित गरेकै छन् । तेस्रो दिन शिक्षामा भएको निजीकरण, व्यापारीकरण र माफियाकरणका विरूद्ध सात बुँदे ढाका घोषणपत्र जारी गर्‍यौं । शैक्षिक अन्तरक्रियामा पूरै सहभागी हुन नसके तापनि लिखित धारणा पेश गरेर नेपाल फर्क्यौं ।✪

## ४. महान् अक्टोबर समाजवादी क्रान्तिको शतवार्षिकी बङ्गलादेशमा

महान् अक्टोबर समाजवादी क्रान्तिको सत्वार्षिकीको अवसरमा समाजवादी पार्टी अफ बङ्गलादेशले राजधानी ढाकामा नोभेम्वर १८ र १९, २०१७ मा अन्तर्राष्ट्रिय सेमिनारको आयोजना गरेको रहेछ । उक्त कार्यक्रमको निमन्त्रणा हाम्रो पार्टीलाई पनि प्राप्त भयो । विद्यार्थी आन्दोलनले चिनाएको पात्र भएको नाताले आयोजकले मेरै माध्यमबाट पार्टीलाई पत्र पठाएका थिए । मैले उक्त निमन्त्रणापत्र विदेश विभागका सचिव युवराज चौलागाईंलाई बुझाएँ । पार्टीले निर्वाचनको तयारी गरिरहेको र पार्टी नेताहरू उम्मेदवारीको दौडमा रहेकोले तत्काले जबाफ दिन सकिएको थिएन । ढाकाबाट नेता फिरोजको निरन्तर ताकेता आइरहेको थियो । मैले युवराजजीलाई कार्यक्रममा कोही न कोही जाँदा नै राम्रो हुने सुझाव पेश गरे । उनले विदेश विभाग इन्चार्जसँग सल्लाह गरेर खबर गर्ने जिम्मा लिए । दुबैको निर्वाचनमा उम्मेदवारिको दौड समाप्त भयो । वामगठबन्धनका लागि त्याग गर्ने लाइनमा हामी पनि परेछौं भन्नुपऱ्यो । हामी दुबैजना बङ्गलादेश जाने टुङ्गो लागेपछि भिसाप्रक्रियामा प्रवेश गऱ्यौं । विद्यार्थी नेता निर्गराज जैसीलाई बङ्गलादेश दूतावासको कामको जिम्मा लगाएर युवराजजी रामेछाप र मैले काठमाडौं ६ मा झक्कुप्रसाद सुवेदीको चुनाव प्रचार प्रसारमा केही समय खर्चिएँ ।

१६ नोभेम्बर २०१७ अर्थात् कार्तिक ३० को बिहान दूतावास पुगेर पासपोर्ट लियौं । दिउँसो १२:३० बजे त्रिभुवन विमानस्थल पुगेका हामीलाई प्रवेशआज्ञास्थलमा पुग्दा करिब

एक बज्न आँटेको थियो । विमानस्थल अध्यागमनमा मेरा मित्र कृष्ण पौडेलको सम्पर्कले दाङका युगराज रजौरे सरको सहयोग प्राप्त भयो । लामो लाइनबाट बचाएर विमानमा पुग्ने गाडीसम्म पुऱ्याउने काम उनै रजौरेले गरे ।

साढे एकबजे विमानमा बसिसकेका थियौं तर विमान आधा घण्टा रनवेमा पालो कुरेर बस्यो । दुई बजे उडेको विमान बङ्गलादेशको जहाज ३:१७ मा ढाकास्थित हजरत शाहजान अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लियो । काठमाडौंमा हुँदा बङ्गलादेशमा चिसो बढ्यो होलाजस्तो लागेको थियो तर सोचेजस्तो रहेनछ । ढाका झर्दा पानी राम्रै परिरहेको थियो । मलाई अघिल्लो पटकको बङ्गलादेश भ्रमणको सम्झना आइरहेको थियो । अघिल्लो पटक पनि यसै गरी ढाका झर्दा वर्षा भइरहेको थियो । तापक्रम २९ डिग्री रहेछ । स्विटर र ज्याकेट लाएका हामीलाई ढाकाको तापक्रमले खुचिङ भनिसकेको थियो । यद्यपी वर्षा अझै दुई दिन लम्बिने जानकारी प्राप्त भएपछि राहत महसुस भयो ।

बङ्गलादेश एयरपोर्टमा बाहिर जाने मान्छेको भीड र सुरक्षाकर्मीको चर्को स्वर सुन्दा लाग्थ्यो यी मान्छे पनि हाम्रै त्रिभुवन विमानस्थलमा निस्केका युवाजस्तै हुन् । युवराजजीले थपे, 'यिनको अवस्था पनि हाम्रै देशको जस्तो हो । बर्सेनी लाखौं बङ्गाली युवाहरू रोजीरोटीको लागि विदेसिएको तथ्याङ्क पढ्न पाइन्छ ।'

जब हामी भित्र लगेज लिन गयौं त्यतिबेला विदेशबाट गुन्टा बोकेर आएको ठूलो भीड भेटियो । बङ्गलादेशका युवाहरूको अवस्थाको यो खास प्रमाण थियो । एयरपोर्टको

दुई नम्बर गेटमा पुग्दा कमरेड फिरोज आइपुगेका रहेछन् । गला मिलायौं र मोटर चढ्यौं । बाटोमा बङ्गलादेश र नेपालका पछिल्ला घटनाक्रम मूलतः नेपालको प्रदेशसभा र सङ्घीय प्रतिनिधिसभाको चुनावबारे बङ्गाली चासो तथा म्यानमार सरकारको कथित लोकतन्त्रको सिकार बनेर बङ्गलादेशका शरणार्थी शिविरमा रहेका रोहेङ्ग्या मुसलमानको अवस्थाबारे हाम्रो चासो आदान-प्रदान गऱ्यौं ।

पार्टी कार्यालय तोपखाना रोडमा महासचिव खालिगुजमान कुरेर बसिरहेका थिए । पुग्नेबित्तिकै खाजाको स्वागतमा परियो । महासचिवको कोठामा बसेर राजनीतिक अवस्थाको आदान-प्रदान गरियो । नेपालमा निर्वाचनका सन्दर्भमा बनेको वामपन्थी गठबन्धन र पार्टी एकता संयोजन समितिको सन्देशले बङ्गलादेशका वामपन्थी पार्टीहरूलाई पनि प्रभावित गरेकै रहेछ । उनीहरूले पनि आफूहरू वामपार्टीहरूको गठबन्धन निर्माणमा लागेको कुरा बताए । अघिल्लो वर्ष विद्यार्थी सम्मेलनमा ढाकामा रहँदा नेपालमा ओली नेतृत्वको वामसरकार थियो । त्यतिबेला बङ्गलादेशका वामपन्थी दलहरू पनि गठबन्धनको प्रयत्नमा छौं भनेका थिए । प्रगति छलाङमा नभए पनि निरन्तरतामा अगाडि बढेकै देखियो ।

मलाई पार्टी कार्यालय चिरपरिचित नै लागेको थियो किनकि म दोश्रोपटक यहाँ आएको थिए तर युवराजजीको लागि भने यो अलि अनौठो लागेछ । पार्टी महासचिव पार्टी कार्यालयमै बस्ने, उनका लागि एउटा शयनकक्ष र अर्को कक्षमा खाना खाने, बैठक गर्ने र पुस्तकालय पनि यसैमा थियो । यो सरलतामा देखिएको कम्युनिस्ट जीवनले नेपालका कम्युनिस्ट भन्नेलाई गिज्याइरहेको आभास हुन्थ्यो ।

बेलुकी महासचिवले खाना के खाने भनेर सोध्नुभयो । हामी त खाजामै टन्न भइसकेका थियौं । युवराजजीले भोलिको लागि ? भनेर प्रतिप्रश्न गर्दा हाँसोको फोहोरा नै छुट्यो । आवासको लागि नजिकैको होटेल सेभेन्टी वानमा कोठा लिइएको रहेछ । पार्टी नेता राजुगुजमन रतन, छात्र सङ्घका अध्यक्ष र महासचिव क्रमशः रोमन र प्रिन्ससँग भेट तथा भलाकुसारी भयो । पूर्वअध्यक्ष जनार्दनदत्त नान्टुसँगचाहिँ फोनमा ढाका पुगेको जानकारी गराएँ । हामीलाई होटेलमा छोड्न रोमन र लिपोन आइपुगे । मोबाईल फोनको व्यवस्थासहित कोठामा पुऱ्याएर फर्किए । ✪

मङ्सीर १ अर्थात् १७ नोभेम्वरका दिन बिहानको खाजा लियौं र सडकमा निस्कियौं । सडक किनारमा लडिरहेका मान्छेको अवस्थाले भन्दथ्यो, बङ्गलादेशमा पनि हाम्रो देशमा जस्तै मान्छेमान्छेबीचको सम्बन्धमा निकै गहिरो खाडल छ । आर्थिक सामाजिक क्षेत्रमा देखिएको यो विभेद बिहानै सडकपेटीमा देखिएको थियो ।

हाम्रो कोठामा छात्र सङ्घका अध्यक्ष र नेता फिरोजको उपस्थिति भयो । नेता फिरोज श्रीलङ्कन कमरेडलाई लिन एयरपोर्टतिर लागे भने हामी पार्टी कार्यालय पुग्यौं । पार्टी महासचिवसहित चारै जना सिनियर नेताहरू अविवाहित भएको जानकारी मलाई यस पटक मात्र भयो । परिवार र निजी सम्पत्ति सम्बन्धमा कम्युनिस्ट पार्टीका सदस्यहरूको दृष्टिकोण बारे उनीहरूसँग छुट्टै छलफल र बहस गर्न मन लागेको थियो तर त्यो अवसर ठ्याक्कै मिलेन । पार्टी केन्द्रीय कार्यालय नजिकै रहेको अर्को कार्यालयमा पुऱ्याइयो । उक्त भवनको दुईतला समाजवादी पार्टी अफ बङ्गलादेशको नाममा रहेछ । जसको एउटा तलामा बजरूल रसीद

फिरोज र अर्को तलामा राजुगुजमन रतनसहितका नेता कार्यकर्ता बस्दा रहेछन् । सबभन्दा पहिले नेता रतनको कोठामा गयौं । नेता रतन पार्टीको मजदुर मोर्चाको महासचिव पनि रहेछन् । त्यहाँ ट्याक्सी मजदुर युनियनका कमरेडहरूसँग भेट भयो । ट्याक्सी मजदुर युनियन पार्टीको बलियो र भरपर्दो सङ्गठन रहेछ ।

युनियनका सभापति साहजानसहितको टोलीसँग छलफल गरियो । पार्टीको प्रमुख प्रकाशन भेनगार्ड पब्लिकेसनका प्रमुखसँग भेटवार्ता भयो । उनी पब्लिकेसनको कार्यालयमै बस्दा रहेछन् । उनी पनि पार्टीको पूर्णकालीन र अविवाहित कार्यकर्ता रहेछन् । करिब ५० वर्षको उमेरका पनि उनी पार्टीमै समर्पित भएको बुझियो । नेता फिरोज बस्ने फल्याटमा झर्दा चारौन साँस्कृतिक समूहका कलाकार कमरेडहरू भेटिए । चारौनको अर्थ चारैतिर अर्थात् देशव्यापी भन्ने हुँदोरहेछ । उनीहरूले देशका प्रायः जिल्लामा उक्त समूहको जिल्ला स्तरीय टोली बनाएका रहेछन् । बङ्गला संस्कृति निकै धनी संस्कृति हो भन्ने सुनेका हामीलाई उनीहरूको प्रस्तुतिले पुष्टि गरेको आभास दिन्थ्यो । कमरेडहरू हार्मोनियम लिएर गाउन थाले । दुईवटा क्रान्तिकारी गीत अक्टुबर क्रान्ति र लेनिनमा समर्पित थिए । केही संस्कृत भाषाका शब्दहरू सहजै बुझ्न सकिन्थे । कम्युनिस्ट अन्तर्राष्ट्रिय गीतलाई सामूहिक रूपमा गायौं । कम्युनिस्ट अन्तर्राष्ट्रिय गीतका भाषिक शब्दावली फरक भए तापनि संसारभरका कम्युनिस्टहरूले एउटै सङ्गीतमा गीत गाँउछन् । बिहानको कार्यालयको भेटघाट सकिए पश्चात ढाका विश्वविद्यालय पुग्यौं ।

ढाका विश्वविद्यालयको पुरानो क्यान्टिन शहीद मधुप्रसाद देवको क्यान्टिन हो । उनी बङ्गलादेशको स्वतन्त्रता संग्रामको बेला सन् १९७१ मा पाकिस्तानी समर्थकहरूद्वारा मारिएका थिए । दोश्रोपटक म यस क्यान्टिनको पाहुना बनेर चिया पिउन पुगैँ । बङ्गलादेशमा यो क्यान्टिनलाई **जनताको संसद्**को संज्ञा दिइनेरहेछ । हामी पनि जनताको संसद् भएर चिया बहसमा सामेल भयौं । ढाका विश्वविद्यालयको सामान्य अवलोकन सकेर पार्टी कार्यालय फर्कियौं ।

महासचिव खालीगुजमानसहित हाम्रो टोली दिवाभोजको लागि हिंड्यो । शहरकै बीच भाग तोपखाना रोडको नजिकै एउटा भवनमा पुग्यौं । खालीगुजमानजस्तै देखिने व्यक्तिले त्यहाँ स्वागत गरे । उनी खालीगुजमानका भाइ रहेछन् । तेस्रो तलामा पुग्दा खानाको व्यवस्था गरिएको थियो । फिरोज एयरपोर्टबाट श्रीलङ्काली पाहुना विमल रत्ननायकेलाई लिएर आइपुगे । उनीसँग परिचयमा पुनर्ताजगी गर्ने अवसर मिल्यो । उनले नेपालमा दोस्रो पटक युद्धविराम र शान्ति वार्ता चलिरहेका बेला वि.सं. २०६० असारमा सम्पन्न विद्यार्थी सम्मेलनमा सहभागी हुन काठमाडौं गएको कुरा बताए । मेरो अनुमान सही सावित भयो । मैले गतसाल उनीसम्बद्ध विद्यार्थी नेता जीवाना हरिशचन्द्रलाई भेटेर उनी र उनको पार्टीको बारेमा जानकारी लिएको थिएँ । थोरै समयमा नै निकटस्थ भएर छलफलमा सहभागी भयौं । महासचिव खालीगुजमानकी ८४ वर्षीया आमा र उनकी बहिनी पनि दिवाभोजमा सहभागी भए । एक बृहत् पारिवारिक वातावरणमा दिवाखाना लियौं ।

अपरान्ह भाषाआन्दोलनका शहीदहरूको स्मृतिपार्कमा पुगेका थियौं । बङ्गाली स्वतन्त्रताको लडाइँमा सहिद भएका

शहीहदहरूको सम्मानमा श्रद्धाञ्जली अपर्ण गऱ्यौं । केहीबेर पुस्तकालय पस्यौं र पार्टी कार्यालय फर्कियौं । साँझपख ढाका शहरमा बेलायती उपनिवेशकारीद्वारा सन् १९७१ मा हत्या गरिएका विद्यार्थी नेताको सालिक छेउको चिसो भुईंमा आमासँग सुतिरहको एक दूधेबालक र स्कुलको आँगनमा रमाउने उमेर पुगेको अर्को बच्चाको कारूणिक दृश्यले मेरो मानवीय संवेदनामा गहिरो चोट पुग्यो । के ती र तीजस्तै लाखौं असहाय, निश्चल र निस्वार्थ मान्छेलाई समाजवादी आन्दोलनले न्याय गर्न सक्ला ?

बिहान नौ बजे रोमन र लिपोन हामीलाई लिन होटेल आएपछि कार्यालयमा पुग्यौं । भारतबाट आएका अरू चारजना कमरेडहरूसँग परिचय गरी महासचिवको कोठामा पुगेर छलफलमा बस्यौं । महासचिव खालीगुजमानले बङ्गलादेश स्वतन्त्रता सङ्ग्रामदेखि हालसम्मको राजनीतिक अवस्था, बङ्गलादेशका शासक वर्गको चरित्र, वामपन्थी तथा कम्युनिस्ट पार्टीको वर्तमान अवस्था र भूमिकाबारे सविस्तार बताए । हाल बङ्गलादेशमा शेख हसिनाको अवामी लिग सत्तारूढ पार्टी भएको, यससँग लेवर पार्टी अफ बङ्गलादेशसहित केही अरू पार्टीहरू गठबन्धनमा सामेल भएको र अर्को बुर्जुवा गठबन्धनको नेतृत्व बङ्गलादेश नेसनल पार्टीले गरिरहेको छ । उनले बंगलादेश नेसनल पार्टी प्रमुख प्रतिपक्ष दल भए तापनि उसले देशभक्त र श्रमजीवी जनताको प्रतिनिधित्व गर्न नसक्ने भएकाले बङ्गलादेशमा वैकल्पिक शक्तिको आवश्यकता टड्कारो रहेको कुरा राखे । समाजवादी पार्टी अफ बङ्गलादेश, कम्युनिस्ट पार्टी अफ बङ्गलादेश र अन्य सात साना वामदल सम्मिलित वामगठबन्धन मिलेर वैकल्पिक वामशक्ति तयार गर्न गइरहेको सुखद खबर पनि सम्प्रेषण गरे ।

महासचिवको व्याख्यानपछि पार्टी कार्यालयको बैठक हलमा प्रवेश गऱ्यौं । उक्त हल पार्टीले हालै मात्र तीनकरोड टाकामा खरिद गरेको रहेछ । उक्त व्यवस्थित बैठककक्ष यातायात मजदुर युनियनको स्वामित्वमा रहेछ । यो कक्ष बाहेक माथिल्ला दुई तला पार्टीले केही वर्षपहिले नै दुई करोडको दरले खरिद गरेको रहेछ । समाजवादी पार्टी अफ बङ्गलादेशका नेताहरू पार्टीको सम्पत्तिमा गर्व गर्दछन् । जसको न श्रीमती छन्, न छोराछोरी, न त निजी सम्पत्ति नै, सबै निजी सम्पत्ति पार्टीलाई सुम्पेर पार्टीका चार केन्द्रीय नेता यही पार्टी कार्यालयमा रहन्छन् । ✪

## ५. बहसमा समाजवादी आन्दोलन

पार्टीहरूबीचको आन्तरिक अन्तर्क्रिया शुरू भयो । सर्वप्रथम बैठकमा विषय राख्ने पालो नेपालको आयो । नेपालको तर्फबाट पार्टी विदेश विभागका सेक्रेटरी युवराज चौलागाइँद्वारा पार्टीको विगत, वर्तमान, निर्वाचनको तयारी तथा वामगठबन्धनको निर्माण तथा यसको भविष्यबारे आफ्ना विचार प्रस्तुत गरियो । सहभागीहरूले चासोपूर्वक हाम्रा कुराहरू सुने । तत्पश्चात श्रीलङ्काको जनता भिमुक्ति पेरीमेनाको तर्फबाट विमल रत्ननाइकेद्वारा पार्टी निर्माण, संसद्मा पार्टीको उपस्थिति, सशस्त्र सङ्घर्षको नेतृत्व तथा फाँसीवादी दमन, पुनर्जागरणमार्फत् पार्टी पुनर्गठन र पुनःसंसद्मा भएको उपस्थितिसम्म आउँदा कम्युनिस्ट पार्टी निकै रक्षात्मक र संसदीय अभ्यासमा सीमित हुनपुगेको तीतो यथार्थ प्रस्तुत भयो । यद्यपि, पार्टीलाई पूरै संसदीय भासमा जान नदिन पार्टीको एउटा सेक्सन चुनावी मोर्चामा र मुख्य नेतृत्वसहित अर्को सेक्सन पार्टी सञ्चालनमा रहेको

तथा पार्टीलाई सरकारमा सामेल नगर्ने, मात्र सङ्घर्षको संसदीय मोर्चालाई उपयोग गर्न पठाएको धारणा विमलको थियो ।

तपाईंलाई श्रीलङ्काली जनताले प्रथम ठूलो पार्टी बनाइदिएको भए र पुरानो सत्ता र संरचनालाई विस्थापित गर्ने गरी नयाँ संविधानमार्फत् नयाँ राजनीतिक व्यवस्था संस्थागत गर्ने अवस्थामा तपाईंहरू भएमा के गर्नुहुन्थ्यो ? के त्यतिबेला सरकारमा जाँदैनौ वा मुख्य नेतृत्व त जानैहुँदैन भनेर बस्नुहुन्थ्यो ? भन्ने प्रश्नको उत्तरमा उनले भने, हामीले अहिले श्रीलङ्कामा त्यो अवस्थाको कल्पना पनि गरेका छैनौ । मात्र हाम्रो मत हो पूर्ण रूपले सत्ताको शक्ति आफ्नो हातमा नआई कम्युनिस्टहरूले जनताको शासन व्यवस्था स्थापना गर्न सक्दैनन् । भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी–लेनिनवादी) लिवरेसनको तर्फबाट दिवाकर भट्टाचार्यले नक्सलबारी आन्दोलन र चारू मजुमदारबाट शुरू गरे । भारतीय कम्युनिस्ट आन्दोलनमा विभाजनका शृङ्खला, रूसी तथा चिनियाँ प्रभाव आदि विभाजनको मुख्य कारण रहेको र हाल विभिन्न जनवर्गीय सङ्गठनमार्फत् जनतालाई सङ्गठित गर्ने काम गरिरहेको तथा पश्चिम बङ्गालका केही जिल्ला र पञ्चायत तहमा आफ्ना प्रतिनिधि निर्वाचित भएको कुरा प्रस्तुत गरे ।

अन्तर्क्रियामा अर्का वक्ता कम्युनिस्ट पार्टी अफ भारतकी केन्द्रीय नेता बर्नाली मुखर्जी थिइन् । उनी कम्युनिस्ट पार्टी अफ इन्डिया (मार्क्सवादी लेनिनवादी) बाट टुक्रिएको एक समूहकी सदस्य रहिछन्, जसको गतिविधि पश्चिम बङ्गालको सिङ्गुर र नन्दीग्राममा केन्द्रित रहेछ । यस पार्टीको महासचिव राजन चक्रवर्ती रहेछन् । बर्नालीको

कुरा सुन्दा थाहा भयो कि यी विचारमा अतिक्रान्तिकारी रहिछन् । उनले बुर्जुवा संसद्बाट समाजवाद असम्भव रहेको तर्क पेश गरिन् । दिउँसोको तीन बजेपछि बङ्गलादेशका सबै वामपन्थी पार्टी र शक्तिहरू सम्मिलित क्लोजडोर अन्तर्क्रियामा सामेल भयौं ।

उक्त बैठक कक्षमा केही अग्रज व्यक्तित्वहरू देखापरिरहेका थिए । आइन्सटाइन्सका जस्ता सेतै फुलेका कपाल र दारी, दृढ निश्चयी व्यक्तित्व भएका वरिष्ठ नेताहरू कम्युनिस्ट पार्टी अफ बङ्गलादेश, रेभ्युलेसनरी वर्कर्स पार्टी अफ बङ्गलादेश, युनाइटेड कम्युनिस्ट लिग अफ बङ्गलादेश, सोसियालिष्ट मुभमेन्ट अफ बङ्गलादेशलगायतका पार्टी र मोर्चासम्बद्ध नेताहरू रहेछन् । उनीहरूको पुस्ता बङ्गलादेश स्वतन्त्रता सङ्ग्राममा प्रत्यक्ष कमाण्ड सम्हालेको पुस्ता रहेछ । हामीहरूले खाना खाँदै गर्दा 'होयर दी कमरेड कम फर्म नेपाल, प्रचण्ड सम्बद्ध पार्टीका कमरेडहरू' भनिरहेका थिए । उनीहरूको मुख्य जिज्ञासा नेपालको वर्तमान राजनीतिक अवस्था र निर्वाचनमा वामधारको अवस्था के छ ? भन्ने रहेछ । हामीसँग भेट गर्ने विशेष चासो पनि रहेछ । परिचयको क्रममा मेरो पालो आयो । मैले आइ एम कम फर्म नेपाल भन्न नपाउँदै उनीहरू मतिर सोभिइसकेका थिए । मैले हाम्रो पार्टीका विदेश विभाग सेक्रेटरी नै यस कार्यक्रमका सहभागी भएको जनाउ दिएँ । उनको परिचय बाँकी नै थियो । परिचय सकिएलगत्तै उहाँहरू युवराज चौलागाईसँग संयुक्त जिज्ञासा राख्न थाले । नेपालमा के गर्दैहुनुहुन्छ ? पाँच, छ जनाले एकैपटक प्रश्न तेर्स्याए । युवराज चौलागाईंले नेपालको वर्तमान राजनीति र वामगठबन्धनको निर्वाचन अभियानबारे कुरा राख्दा थुप्रै बङ्गाली मित्रहरू उत्साहित

भएर बोल्दाबोल्दै शुभकामना दिन थालेको उक्त वातावरण बडो रमाइलो थियो । 'कम्तीमा साधारण बहुमत ल्याएर सरकार फर्मेसन गरेको हेर्न मन छ ।' उनीहरूको कथन थियो । नेपालको कुरा सुनिसकेपछि कम्युनिस्ट पार्टी अफ बङ्गलादेशका महासचिव श्रीलङ्काको लागि हिँडे । आफू हिड्न ढिला भएको तर नेपालका कमरेडहरूको कुरा सुन्नको लागि बसेको भन्दै उनले बिदा मागे । त्यसपछि श्रीलङ्का र भारतबाट प्रतिनिधित्व गर्ने कमरेडहरूले अगाडि झैं आफ्ना मत राखे । बनार्लीको कुरामा रेभ्युलेसनरी वर्कस पार्टी अफ बङ्गलादेशका सैफुल हकले हौस्याउँदैथिए । आफ्नो संक्षिप्त धारणासहित महासचिव खालीगुजमानले सहभागी सबैलाई धन्यवाद दिँदै कार्यक्रम अन्त्य भएको घोषणा गरे । उनको भनाइ थियो, 'हामी को समाजवादी र कसरी समाजवादी भन्ने विहङ्गम बहसमा प्रवेश गरेका छौं । कम्युनिस्ट आन्दोलन रक्षात्मक अवस्थामा रहेको आजको विश्वमा पूँजीवादी साम्राज्यवादका विरूद्ध जो जसरी लडेका छौं त्यसको समीक्षा र शिक्षासहित अगाडि बढ्ने उद्देश्यबाट मात्र हामीले विश्वका श्रमजीवी जनताका लागि नयाँ विकल्प दिन सक्छौं । जो जहाँ छौं, समाजवादलाई केन्द्रमा राखेर फराकिलो ढङ्गले बहसमा सामेल बनौं ।

## समाजवादका लागि कम्युनिस्ट एकता

सन् १८४८ मा महान् चिन्तक कार्ल मार्क्स र उनका निकट सहयोगी फ्रेडरिक एँगेल्सले वैज्ञानिक अनुसन्धान र विश्लेषणका आधारमा मानव सभ्यताको ऐतिहासिक विकासक्रम र यसको द्वन्द्वात्मक प्रक्रियाको अध्ययन गर्दै साम्यवादी समाजको सैद्धान्तिक आधार तयार गरे, जसलाई कम्युनिस्ट पार्टीको घोषणापत्र भनियो । कम्युनिस्ट घोषणापत्र नै समाजवादी

राज्य र वैज्ञानिक समाजवादको रूपरेखा कोर्ने प्रारम्भिक दस्तावेज थियो । पुँजीवादी विकासको मोडेलमा रहेका ज्ञानका अत्यावश्यक आधार विशेषगरी बेलायती राजनैतिक अर्थशास्त्रलाई आधार मानेर यसका सीमितता र कमजोरीलाई केलाउँदै, जर्मन शास्त्रीय दर्शनलाई अध्ययन गर्दै, फ्रान्सेली समाजवादको अध्ययन गर्दै तथा युरोपको प्रकृति विज्ञानको आगमनलाई विचार गर्दै मार्क्सले त्योभन्दा अगाडि बढेर मानव समाजको ऐतिहासिक विकासक्रमको उत्कर्ष समाजवाद र साम्यवादको सिद्धान्त आविष्कार गरे । समाजवाद र साम्यवादका लागि आवश्यक युक्ति, रणनीति, संगठनात्मक तयारी र सर्वहारा वर्गीय नेतृत्वको प्रारम्भिक रूपरेखा पनि प्रस्तुत गरे ।

कम्युनिस्ट लिग र प्रथम अन्तर्राष्ट्रिय जस्ता संगठनमार्फत विभिन्न क्रान्तिकारी गतिविधिमा पनि भाग लिएका थिए । सन् १८४८ को असफल क्रान्तिको २३ वर्षपछि पेरिसका मजदुरहरूले विद्रोहमार्फत संसारकै पहिलो मजदुर सरकार पेरिस कम्युनको स्थापना गरे जो ७२ दिन टिकेको थियो। मार्क्सले पेरिस कम्युनका क्रान्तिकारी शिक्षाहरूलाई फ्रान्सको गृहयुद्ध नामक पुस्तकमा सानदार ढंगले व्याख्या गर्नुभएको छ । यसको ४६ वर्षपछि रसियाका मजदुरहरूले अक्टुबर (नोभेम्बर) क्रान्ति सफल बनाए ।

पुँजी सञ्चयको बाटो हुँदै पुँजीवाद एकाधिकारको चरणमा पुग्ने कुरा कार्ल मार्क्सले आफ्नो पुस्तक दास क्यापिटलमा विस्तृत रूपमा उल्लेख गर्नुभएको थियो । तर, मार्क्सले साम्राज्यवादी चरणमा प्रवेश गरिसकेको पुँजीवाद देख्न सक्नुभएन । लेनिनले आफ्नो किताव 'साम्राज्यवाद : पुँजीवादको उच्चतम चरण' मा साम्राज्यवादको चरणसम्म

आइपुग्दा पुँजीमाथि एकाधिकारको अनिवार्यताले गर्दा संसार विभिन्न साम्राज्यवादी गुटमा विभक्त हुनेछ र जसले युद्धको आवश्यकता अपरिहार्य बन्नेछ भन्ने कुरा विस्तृत तर्कसहित विवेचना गर्नुभएको छ । लेनिनको विश्लेषण थियो कि जहाँ पुँजीवादको संकटले युद्धलाई अपरिहार्य बनाइरहेको हुन्छ, त्यहाँ युद्धले झन् ठुलो संकटलाई स्वागत गरिरहेको हुन्छ । जहाँ साम्राज्यवादको कडी कमजोर बन्छ त्यहाँ क्रान्तिमार्फत समाजवाद निर्माण सम्भव हुने तर्कलाई उहाँकै नेतृत्वको अक्टुबर समाजवादी क्रान्तिले पुष्टि गरेर छाड्यो ।

क्रान्तिको मोडेल विकासमा योगदान गर्दै लेनिनले भन्नुभयो– क्रान्ति भनेको कुनै धर्मशास्त्र होइन र यो बनिबनाउ सिद्धान्त जपेर पूरा हुँदैन बरू यो त ठोस परिस्थितिको ठोस विश्लेषणको आधारमा तयार गरिन्छ । क्रान्ति कुन चरणमा छ भन्ने कुराको निर्धारण सत्तामा कुन वर्ग छ र त्यसलाई कुन वर्गले विस्थापित गर्ने भन्ने कुराले निधो गर्दछ भन्ने कुरा लेनिनले स्पष्ट गर्नुभयो ।

सोभियत सरकारका विरूद्ध बेलायत, फ्रान्स, जमर्नी, अमेरिकासहित दुनियाँका प्रतिक्रियावादीहरू लागिपरे । सत्ताच्युत वर्गलाई पुनः सत्तासीन गराउन गरिएको आक्रमण, घेराबन्दी, आन्तरिक तोडफोड, श्वेत विद्रोही सेनानिर्माणदेखि श्वेत सरकार गठनसम्मका सैन्य र राजनैतिक परिस्थितिको प्रतिवाद गर्दै लेनिनले 'नयाँ आर्थिक नीति' र 'युद्ध साम्यवाद' लागू गर्नुभयो । कमरेड लेनिनले गरेको मार्क्सवादको रचनात्मक प्रयोग लेनिनको निधनपश्चात् स्टालिनको नेतृत्वमा अघि बढाइयो ।

पार्टी, सोभियत सरकार र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अन्तर्विरोधलाई बुझ्ने र सञ्चालन गर्ने सवालमा कमरेड

स्टालिनमा देखिएको केही अधिभूतवादी सोचले कम्युनिस्ट आन्दोलनमा कहीं न कहीं नकारात्मक असर देखा परे तापनि आन्दोलनमा उहाँको भूमिका, विश्वका एक तिहाइ भूगोलमा एकछत्र समाजवाद स्थापना गर्ने, सोभियत सत्तालाई विकास गर्ने तथा विचारको क्षेत्रमा मार्क्सवादलाई समृद्ध गरी लेनिनवादमा विकसित र प्रसारित गर्न महत्त्वपूर्ण रह्यो ।

सोभियत समाजवादलाई परास्त गर्न विश्वभरका साम्राज्यवादीहरू अमेरिकी साम्राज्यवादको नेतृत्वमा सैन्य गठबन्धन निर्माण गरेर अगाडि बढे । शीतयुद्धको पूर्वसन्ध्यामा भर्खर मुक्त भएका देशहरूमा साम्राज्यवादी सैनिक शासनवा अधिनायकवादी सरकार गठन गरे । कु गरेर होस् या राजनैतिक नेतृत्वको हत्या गरेर होस्, आफूले चाहेका कैयौ देशहरूमा आफूअनुकूलको राजनैतिक सत्ता स्थापना गरे । सोभियत युगको अन्तपछि यो कुरा प्रस्ट भएको छ कि उनीहरूले जम्मा गरेको विशाल सैन्य साम्रगी उनीहरूको कथित सुरक्षाका लागि नभै साम्राज्यवादको युद्धकेन्द्रित अर्थतन्त्र निर्माणका लागि थियो ।

सोभियत संघको विघठनपछि विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक चरणबाट गुज्रिरहेको छ । महान् बहसका समयमा रूसी धार र चिनियाँ धारको रूपमा विभाजित विश्व कम्युनिस्ट आन्दोलन एकत्रित हुन नपाई धराशायी भएको छ । शान्तिपूर्ण प्रतिस्पर्धाको मार्ग अवलम्बन गरेको कम्युनिस्टधारा विश्वव्यापी रूपमा संसद्वादको माध्यमबाट पुँजीवादी सत्ताकै वरिपरि चक्कर काटिरहेको छ भने माओत्सेतुङको नेतृत्वमा चिनियाँ नयाँ जनवादी क्रान्तिको सफलतापछिका नयाँ जनवादी क्रान्तिको मोडेल सशस्त्र

संघर्षको बाटोबाट अघि बढेका कम्युनिस्ट क्रान्ति कि त सम्झौता गएर टुंगिएका छन् कि त पूर्णतः समाप्त भएका छन् ।

यो परिवेशमा नेपालमा मालेमावादलाई पथप्रदर्शक सिद्धान्त मान्दै नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न नेकपा (माओवादी) को नेतृत्वमा सञ्चालित १० वर्षे जनयुद्धले क्रान्तिको मौलिक मोडेलको विकास गर्दै आएको छ । कमरेड प्रचण्डद्वारा जनयुद्ध र शान्तिपूर्ण आन्दोलनको समायोजनको मोडेलको रूपमा सैद्धान्तीकरण गरिएको उक्त विचारको कार्यान्वयन जनयुद्ध र जनआन्दोलनको सुन्दर समायोजनको रूपमा अघि बढ्यो । एकात्मक सामन्ती निरंकुश राजतन्त्रलाई संघीय लोकतान्त्रिक गणतन्त्रले विस्थापित गरी संविधानसभाबाट संविधान निर्माण तथा यसको कार्यान्वयनको चरणसम्म आइपुग्दा सिङ्गो देश करिब दुई तिहाइ वामपन्थी शक्तिको हातमा आइपुगेको छ । रूसी र चिनियाँ धारमा विभक्त नेपालका वामपन्थी कम्युनिस्टहरू पनि पार्टी एकताको नजिक आइपुगेका छन् । यसले आज विश्वव्यापी रूपमा रक्षात्मक अवस्थामा पुगेको कम्युनिस्ट आन्दोलन र समाजवादको बहस फेरि एकपटक सतहमा आएको छ र विश्वभरका कम्युनिस्ट तथा समाजवादी शक्तिहरू नेपालतर्फ फर्केर बसेका छन् । प्रश्न यो हो कि हामीले समाजवाद कसरी, कस्तो, कसका लागि निर्माण गर्छौं । बहसमा सामेल हौं । कम्युनिस्ट आन्दोलन रूपमा राष्ट्रिय भए तापनि यसको सार अन्तर्राष्ट्रिय रहँदै आएको छ । मान्छेले मान्छेमाथि गरिएका सबै खाले शोषणहरूको अन्त्य, नेपाली सन्दर्भमा दलाल तथा नोकरशाही पुँजीपति वर्गका विरूद्धको संघर्षमा सर्वहारा श्रमजीवी देशभक्त शक्तिहरूको एकता र

पर्यावरणीय कोणबाट भावी पुस्ता बस्न र बाँच्न सक्ने पृथ्वीको हस्तान्तरण, समाजवादका आधारभूत मुद्दा बन्नैपर्दछ। प्रकृति र मानव समाजका यिनै आधारभूत अन्तर्विरोधको वस्तुनिष्ठ हल गर्ने कम्युनिस्ट पार्टीको निर्माण अबका समाजवादीहरूको दायित्व हुनेछ । उक्त पार्टी विश्वका सर्वहारा श्रमजीवी जनताको नेपाली टुकडी नै हुनेछ । त्यसले साम्राज्यवादविरूद्धको विश्वमञ्चमा आफूलाई उभ्याउनेछ । बहसको यो शृङ्खलामा हामी सबै सहभागी बनौं ।

साँझको ८ बजिसकेको थियो । ढाकाबाट नारायणगञ्ज जिल्लामा साँझको खाना र भेटघाटका लागि निस्कियौं । कमरेड महासचिवको नेतृत्वमा नौजना विदेशी डेलिगेट्ससहित दश जना थियौं । आज दिउँसो रौतहट जिल्लामा स्थानीय निर्वाचनको क्रममा जनताको बीचमा गरांइएको विष्फोट र विष्फोटबाट अङ्गभङ्ग भएको बच्चाको वीभत्स तस्विरले मलाई निकै पीडा महसुस भइरहेको थियो । जुनकुनै उद्देश्यजडित घटना होस् निहत्था मानव भेलाको बीचमा बमविष्फोट गराएर कसरी यसको औचित्य पुष्टि हुन्छ । यस घटनाले म भित्रैदेखि विचलित थिएँ ।

आधा घण्टाको यात्रापछि नारायणगञ्ज पुग्यौं । महासचिवले जिएम फारूखीको कपडा दोकानमा पुऱ्याए । उनी सोसलिस्ट पार्टी अफ बङ्गलादेशको समाजतान्त्रिक छात्र फ्रन्टको पूर्व जिल्ला अध्यक्ष रहेछन् । महासचिवले सबै पाहुनाहरूलाई एकएक उपहार भिडाएरै छोडे । बूढा ज्याद्रा रहेछन्, लिन्न भन्दा अन्यथा सोच्लान् भन्ने लाग्यो र कुर्था स्वीकार गरियो । हामी फारूखीजीकै निम्तालु रहेछौं । उनले एउटा रेष्टुरेन्टमा लिएर स्वादिलो खाना तरकारी र रोटी खुवाए ।

खानापछि नारायणगञ्जको पार्टी कार्यालयको अवलोकन तथा स्थानीय कमरेडहरूसँग भेटघाट र छलफलपछि होटेल पुग्दा रातको १ बजेको थियो । 'यो त अत्याचार भएन त' भन्दै युवराजले अझै भोलिको कार्यपत्र मिलाउँदैथिए । ✪

## ६. श्रद्धाञ्जली सभामा बदलियो अन्तर्राष्ट्रिय कार्यक्रम

३ मङ्सीर अर्थात् १९ नोभेम्वर, २०१७ बिहान उठेर नेपालमा सम्पर्क गर्दा आठ बजिसकेको थियो । श्रीमती अञ्जना र भतिज लेखराज शाहले प्रकाश दाहाललाई हर्ट अट्याक भएर नर्भिक अस्पतालमा पुऱ्याएको दुखद खबर सुनाए । मलाई केके बेकारको खबर भन्या जस्तो लाग्यो र फोन राखेँ । लेखराजले तुरून्त मेसेन्जर बक्समा एभिन्युज टीभिको स्क्रिन नै खिचेर पठाइदिए । तुरून्तै मैले अनलाइन न्यूजहरू सर्च गरेँ सबै न्यूजमा त्यही समाचार छ । अब भने म कुनै भ्रममा थिइनँ । आफूलाई सम्हाल्न गाह्रो भयो, मसँग कुनै शब्द थिएन । फेसबुक खोलेर पोष्ट गरेँ 'माई डियर ब्रदर प्रकाश, आई ह्याभ नो वर्ड... ।'

तुरून्तै यो कुरा मैले युवराज कमरेडलाई भनेँ । शुरूमा उनले पनि पत्याएनन् । उनले भने, यो कसरी हुनसक्छ ? उनी पनि अन्य स्रोत खोज्न थाले । जब उनी पनि यो कुरामा सुनिश्चित भए । कोठामा सन्नाटा छायो । दुबैजनाले आफूलाई सम्हाल्न सकेनौं र एकले अर्कालाई हेरेर बस्न पनि सकेनौं । म बाथरूमतिर लागेँ, सम्हालिने प्रयास गरें । मुखमा पानी छ्यापेर बाथरूमबाट बाहिरिएँ । फेरि फेसबुक

खोलें तर हेर्नै सकिनँ । युवराजजीले फिरोजलाई फोन गरी घटनाको बारेमा सुनाए र काठमाडौं फर्किनुपर्ने बताए । त्यसको लागि टिकट खोजिदिन भन्यौं । काठमाडौंमा सम्पर्कमा भएका जति ट्राभल्सबाट टिकट खोज्न भन्यौं । उपाय कतैबाट चलेन । फिरोजले हामीलाई फोन गरेर भने आजको टिकट पाइएन, कार्यक्रम शुरू गर्नुअगाडि नै प्रकाश दाहालप्रति श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरौं । यो दुःख अध्यक्ष प्रचण्ड र नेपालका कमरेडहरूको मात्र होइन, हामी सबै स्तब्ध छौं । अझ हाम्रो पार्टी महासचिव र म त नेपाल पुगेर अध्यक्ष प्रचण्ड र प्रकाशलाई भेटेर आएको धेरै भएको छैन । संयुक्त रूपमा नै श्रद्धाञ्जली गरौं भने । नेपाल फर्कन नसक्ने भएपछि त्यो प्रस्ताव नै उचित लाग्यो । पार्टी कार्यालयमा गयौं । कसैको अनुहारतिर हेर्न सक्ने अवस्था थिएन । महासचिव खालीगुजमान गम्भीर मुद्रामा बाहिर निस्किए । उनले 'भेरी स्याड न्युज, आई एम भेरीभेरी स्याड, सरी कमरेडर्स हर्टफेल्ट कन्डोलेन्स, कमरेड प्रचण्ड एन्ड योर पार्टी । यु लेप्ट अ आवर फ्युचर लिडर' भनिरहँदा हाम्रा आँखा रसाइरहेका थिए । आयोजक समाजवादी पार्टी अफ बङ्गलादेशको तर्फबाट यो खबर सबै पाहुनाहरूलाई भइसकेको रहेछ । श्रीलङ्का र भारतबाट आएका कमरेडहरू तथा बङ्गलादेशका सबै वामपन्थी पार्टीहरूले भेटेर प्रकाश दाहालप्रति श्रद्धाञ्जली, पार्टी तथा अध्यक्ष प्रचण्ड र स्वयम् हामीप्रति गहिरो समवेदना व्यक्त गरे ।

सोभियत समाजवादी क्रान्तिको शतवार्षिकीको अवसरमा समाजवादी पार्टी अफ बङ्गलादेशको आयोजनामा दक्षिण एसियाली मुलुकका समाजवाद र साम्यवादलाई राजनीतिक

अभीष्ट बनाई अघि बढिरहेका वामपन्थी कम्युनिस्ट पार्टी तथा समूहहरूलाई यो कार्यक्रममा निमन्त्रणा गरिएको थियो । जेभीपि श्रीलङ्का र नेकपा(माओवादी केन्द्र) ठूलो सशस्त्र सङ्घर्षबाट आएका पार्टीहरू स्वभावैले छलफलको केन्द्रबिन्दुमा पर्दारहेछौं । अफ नेपालमा पछिल्लो पटक क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा भएको जनयुद्ध र जनआन्दोलनको सफलताको परिणाम नयाँ संविधान निर्माण र कार्यान्वयन भइरहेको तथा संविधान कार्यान्वयनको प्रक्रियामा सम्पन्न हुन गइरहेको सङ्घीय प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनमा वामपन्थी शक्तिहरूको एलाइन्स बनेको खबर विशेष चासोको विषय रहेछ ।

अन्तर्राष्ट्रिय गायनबाट कार्यक्रम शुरू भयो । तत्पश्चात प्रकाश दाहालप्रति श्रद्धाञ्जलीसहित एक मिनेट मौनधारण गरियो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको एउटा हिस्साले उपस्थित भएर कमरेड प्रकाश दाहालप्रति बङ्गलादेशको ढाकामा श्रद्धाञ्जली अपर्ण गर्‍यो । कार्यक्रममा आयोजक र सबै सहभागी देशका प्रतिनिधित्व गरेका कम्युनिस्ट पार्टी र समूहको तर्फबाट संयुक्त शोकमन्तव्य कार्यक्रम सञ्चालक नेता फिरोजद्वारा वाचन गरियो । स्व.प्रकाश दाहालको फोटोमा पुष्पगुच्छासहित अन्तिम श्रद्धाञ्जली अर्पण गर्‍यौं । उक्त फोटो, शोक वक्तव्य र श्रद्धाञ्जलीमा अर्पण गरेको पुष्पगुच्छा अध्यक्ष प्रचण्ड र पार्टीलाई बुझाउने जिम्मा युवराज र मैले लियौं । महासचिव खालीगुजमानले सबभन्दा पहिले स्वागत मन्तव्य राखेपछि उनका तर्फबाट तयार गरेको कार्यपत्र राजुगुजमान रतनले वाचन गरे । समापन तथा प्रमुखवक्ताको मन्तव्य पनि खालीगुजमनले नै राखे । कार्यक्रमका वक्ताहरूमा बङ्गलादेश कम्युनिस्ट पार्टीका

सभापति मुजहिदुल इस्लाम सलिम, बङ्गलादेश क्रान्तिकारी श्रमिक पार्टीका महासचिव सैफुल हक, नेकपा (माओवादी केन्द्र) का पोलीटव्युरो सदस्य युवराज चौलागाईं, पिपुल्स लिवरेसन फ्रन्ट श्रीलङ्काका पोलीटब्यूरो सदस्य तथा सङ्गठन विभाग प्रमुख विमल रत्नायके, भाकपा (माले) लिवरेसन पश्चिम बङ्गाल राज्यसमितिका सचिवालय सदस्य दीवाकर भट्टाचार्य, सेन्टर फर स्टडिज इन साइन्स एन्ड सोसाइटी भारतका महासचिव अशोक मुखापाध्याय, कम्युनिस्ट पार्टी अफ भारतका केन्द्रीय सदस्य बर्नाली मुखर्जी, लेफ्ट युनिटी एक्टिभिस्ट फर्म केरला इन्डियाका डा. वासुदेवाप्रसाद थिए ।

कार्यक्रममा नेपाल विशेष चासो र आर्कषणको विषय थियो । सबै वक्ताहरूले र विशेष गरी बङ्गाली कमरेडहरूले नेपालमा भएको वामगठबन्धनको खुलेर प्रशंसा गरे । नेपालमा वामपन्थीको सरकार बनेको र नेपाल समाजवादको बाटोमा अगाडि बढेको हेर्न पाउँ भन्ने शुभकामना पनि दिए । विश्वसाम्राज्यवाद र दक्षिण एसियामा भारतीय विस्तारवाद नै मुख्य चुनौती भएकाले दक्षिण एसियाका सबै वामपन्थी, कम्युनिस्ट तथा समाजवादी शक्तिहरू एक हुनुपर्ने वक्ताहरूको भनाइ थियो । कार्यक्रम सकियो । साँझको खाना सबै पाहुनाहरू र बङ्गलादेशका सबै वामपन्थी पार्टीका प्रमुखको लागि तयारी गरिएको रहेछ । खानाको समयमा पनि सबैको विषय नेपाल र प्रकाश दाहालको निधनमै केन्द्रित रह्यो । सबै कमरेडहरूले अध्यक्ष प्रचण्डप्रतिको गम्भीर चिन्ता, चासो र गहिरो समवेदना व्यक्त गर्दै नेपाल गएर आफ्नो सन्देश सुनाइदिन भनिरहेका थिए ।

मैले जुन दिन प्रधानमन्त्री तथा अध्यक्ष प्रचण्डको सचिवालयमा रहेर प्रकाशसँग काम गरें । प्रकाश दाहाललाई नजिकबाट चिन्ने मौका त्यही पाएको हुँ । उनको नेतृत्व क्षमता र व्यवस्थापकीय कुशलता लोभलाग्दो थियो । मैले सचिवालयबाट बिदा भएको दिन फेसबुक वालमा लेखेको थिएँ, 'यो विषम परिवेशमा अध्यक्षले देशको जिम्मा लिनुभयो र सफल हुनुभयो । यसमा अध्यक्ष आफैं, पार्टी र सचिवालय त्यसमा पनि प्रकाश दाहालको ठूलो भूमिका छ ।' मैले प्रकाशलाई यति भनिहालौं भनेर लेखेको होइन । उनमा विकास हुँदैगएको नेतृत्व क्षमता साँच्चै बुवाकै स्कुलको प्रतिबिम्ब थियो । कमरेड प्रकाश तिमी अब हामीसँग छैनौ, पार्टीलाई अपूरणीय क्षति भएको छ । तिम्रो यो अकल्पनीय, असामयिक र आकस्मिक निधनले सिङ्गो देश र विदेशमा रहेका शुभचिन्तकहरूलाई गहिरो शोकमा डुबाएको छ । अल बिदा प्रकाश भाइ ।

आफूले जन्माएका बच्चालाई एकपछि अर्को गरी दागबत्ती दिँदैजानुपर्ने नियति जो कोही बाबाका लागि पनि सामान्य वेदना हुनै सक्दैन । त्यस ठाउँमा स्वयम्लाई राखेर सोच्दा मात्र थाहा लाग्न सक्छ कि सन्तानवियोगको पीडा के हो । कतिपय मान्छेहरू मृत्युमा रमाउँछन् । तीनको चेतना देख्दा दया लागेर आउँछ । अध्यक्ष प्रचण्डलाई यो शोकाकुल घडीमा धैर्यधारण गर्ने शक्ति मिलोस् । एउटा ऊर्जावान युवा, देशको सपूत हामीलाई छोडेर गएका छन् । हजारौं हजार युवाहरू तपाईंका छोरा भएर तपाईंलाई साथ दिने छन् । अकल्पनीय दुःखको यस घडीमा गहिरो समवेदना ! बङ्गलादेशबाट हामीले यही सन्देश प्रवाह गर्‍यौं । ✪

# स्मृतिमा श्रीलङ्काको भ्रमण

## १. पूर्वसन्दर्भ

दक्षिण एसियाकै र विश्वव्यापी रूपमै विकासशील राष्ट्रको सार्वजनिक शिक्षामा श्रीलङ्काको शैक्षिक प्रणाली अनुकरणीय र नेतृत्वदायी मानिन्छ । ९८ प्रतिशत साक्षरता रहेको श्रीलङ्कामा कम्प्युटर शिक्षाको साक्षरता दर मात्रै ४५ प्रतिशत माथि रहेको छ । ९ वर्षसम्मका सबै बालबालिकालाई अनिवार्य शिक्षाको घोषणा गरेको श्रीलङ्कामा कक्षा एकको विद्यार्थी भर्नादर ९९ प्रतिशत रहेको छ । सन् १९४५ मै निःशुल्क शिक्षाको नीति निर्माण गरेको श्रीलङ्काले साधारण शिक्षाका अतिरिक्त प्राविधिक तथा व्यावसायिक शिक्षाका विकासमा पनि त्यत्तिकै जोड दिएको छ । श्रीलङ्कामा सोह्र वटा बढी सरकारी/सार्वजनिक विश्वविद्यालय तथा छुट्टै व्यावसायिक विश्वविद्यालय र खुला विश्वविद्यालय रहेका छन् । दुई करोड १४ लाखभन्दा माथि जनसङ्ख्या रहेको श्रीलङ्कामा ७४.९ प्रतिशत जनसङ्ख्या सिंहालीको छ भने ११ प्रतिशत श्रीलङ्कन तमिलको जनसङ्ख्या रहेको छ । श्रीलङ्कन मुर र इन्डियन तमिल पनि केही प्रतिशत रहेका छन् । ७० प्रतिशत बौद्धधर्मालम्वी भएको श्रीलङ्कामा १२ प्रतिशत हिन्दु, सात प्रतिशत इस्लाम र चार प्रतिशत क्रिस्चियनहरू बसोवास गर्छन् ।✪

## २. पहिलेको सिलोन अहिलेको श्रीलङ्का

सन् १९७२ मे २२ मा श्रीलङ्का एक स्वतन्त्र गणतान्त्रिक मुलुक घोषणा भयो । त्यसभन्दा अगाडि तत्कालीन सिलोन बिट्रिस साम्राज्यको अधीनस्थ थियो । सन् १९७८ सेप्टेम्बर ७ मा गणतन्त्र श्रीलङ्काको संविधान जारी भयो । श्रीलङ्काली क्रान्तिकारी कम्युनिस्ट पार्टी जनता विमुक्ति पेरिमिनाको पहलकदमीमा तीस वर्षे सशस्त्र सङ्घर्ष (जनयुद्ध) सञ्चालन भयो । ब्रिटिस साम्राज्यवाद र घरेलु प्रतिक्रियावादका विरूद्ध शुरू भएको उक्त सशस्त्र सङ्घर्षले सफलता प्राप्त गर्न सकेन । त्यसकै सेरोफेरोमा लिवरेसन फ्रन्ट अफ तलिम इलमको नाममा छुट्टै तमिल राज्यको माग गर्दै अर्को सशस्त्र सङ्घर्षको उठान भयो । भारतीय सेनाको सहयोगमा श्रीलङ्काली सरकारले जेभिपीका महासचिव, पोलिटब्यूरो र केन्द्रीय समितिसहित ६६ हजार कम्युनिस्ट क्रान्तिकारीहरूको कत्लेआम गर्दै जनविद्रोहलाई दबाएरै छाड्यौं । तमिल विद्रोहलाई पनि बलपूर्वक दबाइयो । लिट्टेका चर्चित नेता भिल्लुपीलाई प्रभाकरण पनि मारिए । एउटा रोजक तथ्य के रहेछ भने सशस्त्र सङ्घर्षको लामो कालखण्डमा पनि विद्रोही पक्ष सार्वजनिक शिक्षालाई विकास गर्ने कुरामा अग्रसर भएको बुझियो । विद्यालयलाई युद्धमोर्चाबाट अलग गर्ने प्रयास भएको देखियो । जसको कारण शैक्षिक विकासमा श्रीलङ्काको गति अवरूद्ध भएको देखिएन ।

श्रीलङ्काले संसदीय निर्वाचनमा पूर्णसमानुपातिक प्रणाली अवलम्बन गर्दै आएको छ । पार्टीको नाममा मतदान हुन्छ र पार्टीले पठाएको सूचीको आधारमा सांसद छनौट गरिन्छ ।

राष्ट्रपति निर्वाचनमा भने प्रत्यक्ष निर्वाचन प्रणालीको माध्यमबाट निर्वाचन गरिन्छ । हामी श्रीलङ्का भ्रमणमा रहेका बखत राष्ट्रपति महेन्द्र राजपाक्ष दोश्रोपटक श्रीलङ्काली राष्ट्रपति निर्वाचित भएका थिए भने संसद्को निर्वाचनमा पनि उनकै पार्टी नेतृत्वको युनाइटेड पिपुल्स फ्रिडम एलाइन्स भारी मतले अगाडि थियो । महेन्द्र राजापाक्ष श्रीलङ्काको बहुसंख्यक सिहाली जाती तथा कट्टर बुद्धिष्ट समुदायको मतको आधारमा सत्तारूढ भएका रहेछन । जाफ्नामा अलग तमिल राज्यको मागगर्दै संघर्षरत अल्पसंख्यक तमिल जाती तथा हिन्दु समुदायलाई बलपुर्वक दबाएर दोश्रोपटक राष्ट्रपतिको कुर्सी सम्हालेका उनको स्तुतीगान कुनै महाराजाको भन्दा कम थिएन । तर, २०१५ मा सम्पन्न संसद्को निर्वाचन र राष्ट्रपति निर्वाचनमा उनको पार्टी र उनी पराजित भएका छन् । हाल राष्ट्रपति मैत्रीपाला सिरीसेनाको न्यु डेमोक्रेटिक फ्रन्ट बिजेता बनेर श्रीलङ्कामा सत्तासीन रहेको छ ।✪

## ३. शैक्षिक भ्रमणका सन्दर्भहरूमा

शिक्षा क्षेत्रमा अगाडि बढेको दक्षिण एसियाली मुलुक श्रीलङ्काको प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययन भ्रमण गर्ने र नीतिनिर्माण तहमा त्यसका शिक्षाहरू ग्रहणका लागि सिटिईभिटीका तत्कालीन सदस्य-सचिव जयबहादुर टन्डन, व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाका तत्कालीन प्रमुख लक्ष्मीराम पौडेल र म काठमाडौंबाट कोलम्बोको लागि प्रस्थान गर्‍यौं । वि.सं. २०६९ असार १२ गते मङ्गलबारको अपरान्ह काठमाडौंबाट नयाँ दिल्ली, मुम्बई हुँदै समुद्रपारि कोलम्बोस्थित बन्दरानाइके अन्तर्राष्ट्रिय

विमानस्थलमा पुग्दा असार १३ गते बुधबार बिहान भइसकेको थियो । असार १३, १४ र १५ गते तीनदिने भ्रमण पूरा गरी असार १६ गते सोही रूटबाट काठमाडौं फर्कियौं । श्रीलङ्काका तीनदिने बसाइ र यसका शिक्षाहरूलाई सङ्क्षिप्त चर्चा गर्ने मेरो प्रयत्न रहेको छ ।✪

## शिक्षाका नीतिनिर्मातासँगको छलफल

भ्रमणको पहिलो दिन व्यावसायिक तथा प्राविधिक शिक्षाका नीतिनिर्माताहरूसँगको भेटघाट र अन्तर्क्रियामा बित्यो । युवा तथा सीप विकास मन्त्रालयका सहसचिव, व्यावसायिक प्रविधि विश्वविद्यालयका कुलपति तथा व्यावसायिक शिक्षा आयोगका अध्यक्ष, राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीका निर्देशकलगायत थुप्रै जिम्मेवार व्यक्तिहरूसँग भेटी नेपाल र श्रीलङ्काका व्यावसायिक शिक्षाका अनुभव आदान-प्रदान गर्ने र श्रीलङ्काको शिक्षालाई ग्रहण गर्ने काम भयो । श्रीलङ्काको शिक्षा क्षेत्र मुख्य तीन मन्त्रालयको कार्यक्षेत्रमा विभाजन गरिएको रहेछ । शिक्षा मन्त्रालय (Ministry of Education) ले कक्षा एकदेखि कक्षा १२ सम्मको शिक्षाको नेतृत्व गर्दो रहेछ । परम्परागत विश्वविद्यालय अर्थात् साधारण विश्वविद्यालय शिक्षा, विभिन्न शैक्षिक प्रतिष्ठान र खुला विश्वविद्यालय शिक्षाको नेतृत्व  पहिले उच्च शिक्षा मन्त्रालय (Ministry of Higher Education) अन्तर्गत रहेकोमा हाल आएर मानव संशाधन विकास मन्त्रालय (Ministry of Resorce Development) ले यसको सरकारी संरक्षण प्रदान गर्दोरहेछ । व्याव्यसायिक शिक्षा तथा तालिमको नेतृत्व युवा तथा सीप विकास मन्त्रालय गर्दोरहेछ । युवा तथा सीप विकास मन्त्रालय (Ministry of Youth Affairs and

Skill Development) केही समयपहिले युवा मन्त्रालय र व्यावसायिक शिक्षा मन्त्रालयलाई जोडेर बनाएको रहेछ । यस मन्त्रालयअर्न्तगत व्यावसायीक तालिम प्राधिकरण (Vocatational Trining Authority of Sir Lanka) रहेछ । जसले युवाहरूको सीप विकास, राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQ) को मापदण्ड तयार गरी लागू गर्ने काम गर्दोरहेछ । मन्त्रालयअर्न्तगत व्यावसायिक शिक्षा प्रदान गर्ने विभिन्न निकायमध्येका दुई निकाय Tertiary and vocational education Comission & University of Vocatational Technology ले विभिन्न तह अनुसारको शिक्षाको जिम्मेवारी लिएका रहेछन् । व्यावसायिक प्रविधि विश्वविद्यालयले सातौं तहको व्यावसायिक शिक्षा प्रदान गर्दोरहेछ भने अरू तल्लो तहका सबै व्यावसायिक शैक्षिक कार्यक्रम आयोगले नै नियमन गर्नेरहेछ ।

हामीले नेपालमा पनि राष्ट्रिय शिक्षा योग्यता मापदण्ड र राष्ट्रिय व्यावसायिक योग्यता मापदण्ड बनाउँदै गरेको कुरा सुनाएपछि Tertiary and vocational education Comission का अध्यक्ष तथा University of Vocatational Technology का कुलपति प्रा. डा. दयानाथ विजेयेकेसराले भनेको कुरा मेरो मस्तिष्कमा अहिले पनि ताजै छ । 'हाम्रो श्रीलङ्कन शिक्षा प्रणालीमा साधारण र व्यावसायिकका आ–आफ्नै ट्वीन टावर तयार भए, तर हामीले यसलाई जोड्न/ब्रिजिङ गर्न सकेनौं । तपाईंहरू यो गल्तीबाट बच्नुहोला ।'✪

## शिक्षालयहरूको अवलोकन भ्रमण

सबभन्दा पहिले अटोमोबाइल इन्जिनियरिङ ट्रेनिङ इन्स्टिच्युट कोलम्बोमा प्रस्थान गर्‍यौं । शिक्षालय प्रमुखलगायतले स्वागत

गर्दै शिक्षालयको गतिविधिबारे विद्युतीय माध्यमबाट प्रस्तुतीकरण गरे । यो संस्था नोभेम्बर सन् १९८९ मा स्थापना भएको रहेछ । यसलाई जापान सरकारको पाँच मिलियन आर्थिक सहयोग प्राप्त भएको बुझियो । यस संस्थाको उद्देश्य अटोमोबाइल कम्पनीमा कार्यरत श्रमिकहरूको सीप विकास गर्ने र आधुनिक प्रविधिको प्रयोग गर्न योग्य बनाउने रहेछ । औद्योगिक क्षेत्रसँग समन्वय गरी रोजगार र उद्योगलाई जोड्ने काम पनि यी संस्थाले गरिरहेको रहेछ । सुखद कुरा त यो रहेछ कि विद्यार्थीहरू शिक्षालयमा भर्ना हुनेबित्तिकै उद्योगमा श्रमशक्तिको अनुबन्धन गर्नका लागि रोजगारप्रदायक संस्था आइपुग्दा रहेछन् ।

नियागामामा रहेको श्रीलङ्का कोरिया नेसनल टिचिङ कलेज अर्थात् नेसनल भोकेसनल ट्रेनिङ इन्स्टिच्युट र गलमा रहेको एडभान्स टेक्नोलोजिकल इन्स्युच्यूटमा अध्ययन भ्रमण गर्‍यौं । नियागामाको मेकानिकल इन्जिनियरिङ र गलको कम्प्युटर इन्जिनियरिङमा उत्पादित जनशक्ति पनि श्रीलङ्काको गौरवको रूपमा रहेको बुझियो । नियागामा पुग्दा विद्यार्थीहरू कार्यशाला कक्षमा थिए । विद्यार्थीहरू हामीसँग सक्रियतापूर्वक छलफलमा सामेल भए । शिक्षालयको अध्ययनको क्रममा सबैतिर एउटै कुरा सुनियो कि शिक्षालयहरूमा विद्यार्थी भर्ना हुनेबित्तिकै रोजगारीका लागि बुकिङ भइहाल्छन् । प्रायजसो शिक्षालयहरू उद्योगसँगै अनुबन्धन गरिएका छन् । विद्यार्थीहरू पढ्दै काम गर्दै गर्दछन् । उनीहरू पढ्दापढ्दै आफैं उत्पादन गर्दछन् । सबै सरकारी शिक्षालयहरूमा निःशुल्क शिक्षा दिइन्छ । जहाँ शुल्क लाग्छ त्यहाँ पनि विद्यार्थीका लागि साधारण ऋणको व्यवस्था गरिएको छ । उनीहरू प्रमाणपत्र पेश गरेर

ऋण लिन सक्छन् । देशमा पूँजीवादी व्यवस्था भए पनि श्रीलङ्काको शिक्षा व्यवस्थाचाहिँ समाजवादका चरित्र बोकेर खडा भएको छ ।

मुम्बई हुँदै कोलम्बोको बन्दरानाइके विमानस्थलका लागि उडिरहँदा बिहानको झिसमिसे थियो । झिसमिसे बिहानीमा समुन्द्रको माथि उडिरहेको धूमिल स्मृति अहिले पनि छ । तर समुन्द्रसँग साक्षात्कार गर्ने पहिलो मौका भने गलमा प्राप्त गरे । गल सहर कोलम्बोबाट ११९ किलोमिटर टाढा श्रीलङ्काको दक्षिणी समुन्द्री तटको पुरानो सहर हो । गलको यात्रा समुन्द्री तटको मेरो पहिलो यात्रा थियो । डच साम्राज्यको समयमा समुन्द्री किनारमा तयार गरिएका युद्धका बङ्करहरूको अध्ययन गर्दै समुन्द्रको नीलो गहिराइ र उन्मत्त छाल नजिकबाट अवलोकन गरियो । क्षितिजपारिसम्म फैलिएको प्रशान्त महासागरमा लहराइरहेका छालहरूको दृश्यावलोकन गर्दै हिँडेको आजैजस्तो लागिरहेछ ।

## ४. बुद्धलाई खोज्दै केन्डीमा

श्रीलङ्का भ्रमणको क्रममा कोलम्बोबाट ११५ कि.मि. टाढा रहेको केन्डीको बुद्ध मन्दिरको अध्ययन भ्रमण गर्‍यौं । कोलम्बोको समतलभूमिबाट एकाबिहानै शुरू भएको यात्रा विभिन्न भूबनोट छिचोल्दै चन्द्रगढी, विर्तामोड हुँदै इलामतिर उक्लिएझैं अघि बढ्यो । श्रीलङ्का समुन्द्रबीचको टापु हो भन्ने थाहा भएकै कुरा भयो । श्रीलङ्काको सबै भूबनोट समथर मात्र छैन, पहाडी भूगोल पनि छ तर हाम्रोमा जस्तो ठूला पर्वतमाला त्यहाँ छैनन् । ससाना पहाड उक्लँदा पनि आफ्नो भूमिको याद आउँदो रहेछ । उकालीको

घुम्टी बाटो, बाक्लो झाडी र जङ्गलमा आकाशबाट पानी झर्दा आएको सिमसिम आवाज, कलकल बगिरहेका झरना र खोलाहरू, कति रमाइलो थियो त्यो यात्रा। खोला र नदीहरूबाट निकालिएका जलविद्युत् आयोजनाका कार्यालय बाटोमा देखिन्थे। श्रीलङ्काको ऊर्जाको एक प्रमुख माध्यम हाइड्रोपावर नै रहेछ। तर, ऊर्जाको सबै भार हाइड्रोले व्यवस्थापन गर्न सम्भव नभएकाले औद्योगिक उत्पादन र विद्युत्का लागि ठूलाठूला थर्मल प्लान्टहरू सञ्चालनमा ल्याइएको रहेछ। बुद्धप्रतिको अगाध आस्था मैले पहिलोपटक श्रीलङ्कामा देखेँ। बुद्धको निधनपश्चात् उनको अस्तु (दाँत) सन् ३१३ मा श्रीलङ्का लगेर केन्डीमा राखिएको रहेछ। बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको श्रीलङ्कामा बच्चादेखि वृद्धवृद्धासम्म भगवान् बुद्धको दर्शन गर्न केन्डी पुग्दारहेछन्। थुप्रै स्कुले नानीबाबुहरू देशका विभिन्न भूभागका विद्यालयको तर्फबाट केन्डीमा शैक्षिक भ्रमणमा आएको देखिन्थ्यो। हामी भने बुद्धको जन्मस्थलबाटै गएका मान्छे परियो। श्रीलङ्कनहरू एकपटक बुद्ध जन्मस्थल नेपालको लुम्बिनी पुग्न लालायित हुँदारहेछन् भन्ने कुरा श्रीलङ्का पुगेपछि थाहा पायौँ। नेपालको लुम्बिनीमा आउने पर्यटकहरूमध्ये सबैभन्दा बढी श्रीङ्काबाटै आउने तथ्याङ्क नेपालसँग छ। हाम्रो गाइड तथा व्यावसायिक शिक्षा आयोगका निर्देशक बिजेरा पेरेरा एकपटक नेपाल पुगेर लुम्बिनी भ्रमण गर्ने सपना बोकेको बताउँदै थिए। ✪

## ५. नरेश प्रधानको आई केयर इन्स्टिच्युट

चावेलका नरेश प्रधानजीले कोलम्बोमा सञ्चालन गरेको आई केयर इन्स्टिच्युटको पाहुना भयौँ। उनले यो संस्था सन् २००७ मा स्थापना गरेका रहेछन्। श्रीलङ्कामा

व्यावसायिक शिक्षातर्फ अटोमोबाइल इन्जिनियरिङ, प्लम्बिङ, होटल तथा टुरिज्म, कृषि तथा पर्यटनको क्षेत्रमा राम्रो जनशक्ति उत्पादन भएको रहेछ । स्वास्थ्य क्षेत्रमा भने नेपालको व्यापारिक उपस्थिति सङ्ख्यात्मक रूपमा बढी देखियो । प्रधानजीले सञ्चालन गरेको यो इन्स्टिच्युट एउटा राम्रो र गुणस्तरीय भएको डाइरेक्टर पेरेरा भन्दैथिए । नरेशजीले श्रीलङ्कामै आएर बिहे गरेका रहेछन् र उनी श्रीलङ्कन श्रीमतीको साथ कोलम्बोमा बस्दैआएका रहेछन् ।

नरेश प्रधानका एक श्रीलङ्कन विद्यार्थीले सोही दिन आफ्नै कारमा राखेर कोलम्बो भ्रमण गराए । उनकै कारमा पुगेर श्रीलङ्काको पार्लियामेन्टको अवलोकन गर्‍यौं । पार्लियामेन्टको विशाल संरचना तलाउको बीचमा अवस्थित रहेछ र त्यसको अगाडिको चौरमा शहीदको स्मृतिस्तम्भ उभिएको रहेछ । सूर्यले पश्चिमी सुदूर क्षितिजमा पाइला चाल्दै गर्दा शहीद स्तम्भको अगाडि उभिएर समुद्रका बीचको टापुलाई श्रीलङ्का नामको देश भनेर चिनाउने श्रीलङ्काली सपूतहरूलाई सम्झिरहेका थियौं । ✪

## ६. राजदूतको रात्रिभोज

एक साँझ हामी श्रीलङ्काका लागि नेपालका राजदूत सुशीलचन्द्र अमात्यसँग बितायौं । उनी सन् २००९ देखि श्रीलङ्काका लागि नेपालको तर्फबाट राजदूत भएर कोलम्बोमा रहेछन् । नेपालको शिक्षक आन्दोलनको एक जिउँदो इतिहास आदरणीय सुशीलचन्द्र अमात्य वामपन्थी राजनीतिको नजिक रहेछन् । यता नेपाल सरकारका तत्कालीन शिक्षामन्त्री दीनानाथ शर्मा सँगसँगै पञ्चायतविरूद्ध शिक्षक आन्दोलनमा हुँदाका सङ्घर्षका कथा सुशील सरबाट राम्ररी थाहा पायौं ।

दूतावासका पाहुना भएर रात्रिभोजमा सरिक भयौं र नेपालको राजनीतिक अवस्था र सरकारका कामकारबाही तथा हाम्रो भ्रमणका बारेमा छलफल गऱ्यौं । डाइरेक्टर पेरेरा हामीसँगै थिए । श्रीलङ्काको व्यावसायिक शिक्षासँग अनुबन्धन गरी नेपालले थुप्रै फाइदा लिनसक्ने अवस्था भएकोले नेपाल सरकारको प्रतिनिधि हुनुको नाताले विद्यार्थी आदान-प्रदान र शिक्षक आदान-प्रदानको माध्यमबाट नेपालको व्यवसायीक शिक्षाविकासका लागि पहल गर्न सुझाव पेश गऱ्यौं ।

एकात्मक प्रणालीबाट सङ्घीयतामा प्रवेश गरेको हाम्रो मुलुकमा विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय तहमा दिइएको, उच्च शिक्षाको जिम्मेवारी प्रदेश र केन्द्रमा अलग अलग र सँयुक्त रूपमा बाँडफाँड गरिएको, खुला विश्वविद्यालय तथा बहुविश्वविद्यालयको अवधारणा कार्यान्वयन भइरहेको, शिक्षामा साधारण र व्यावसायिक तथा प्राविधिक धारमा विभाजीत गरी त्यसको अभ्यास भइरहेको अवस्थामा सबभन्दा पहिले मुलुकको शिक्षाको राष्ट्रिय योग्यता प्रणाली तयार गरिनुपर्दछ । यसका साथै व्यावसायिक शिक्षाको योग्यता प्रणाली पनि तयार गरिनुपर्दछ । दुवै धारलाई जोड्ने उपर्युक्त पुलको पनि व्यवस्था गरिनुपर्दछ ।

सङ्घीय सरकारले शैक्षिक गुणस्तरको नीति तथा मापदण्ड तयार गरी त्यसको कार्यान्वयनका लागि अनुगमन संयन्त्र बनाई देशको वर्तमान र भविष्य बोकेको शिक्षा क्षेत्रलाई सही मार्गनिर्देशन गरिनु पर्दछ । श्रीलङ्काको शैक्षिक भ्रमणले यही कुरा बताइरहेको थियो ।

★★★



माओत्सेतुङ स्मृति भवन बेइजिङ, चीन (मे, २०१६)



ग्रेटवाल, चीन (मे, २०१६)



चुई बैठक स्थल क्वीचो प्रान्त (मे, २०१६), चीन



तियनमेन स्क्वायर बेइजिङ (मे, २०१६), चीन




पार्टी स्कूल विभाग ह्वो याङ (मे, २०१६), चीन




चाओ एन लाईको जन्म थलो ह्वो याङ (मे, २०१६), चीन




समाजवादी छात्र फ्रन्टको चौथो सम्मेलनमा शुभकामना दिदै (मार्च, २०१६), ढाका, बंगलादेश



भाषा आन्दोलनका सहिदहरूको स्मृति स्थलमा विभिन्न देशका प्रतिनिधिहरूसँग (मार्च, २०१६), ढाका



समाजवादी पार्टी अफ बंगलादेशको कार्यालय, ढाकामा पार्टी कार्यकर्ताहरूसँग (नोभेम्बर, २०१७)



चारौन साँस्कृतिक समूहसँग ढाका, बंगलादेश (नोभेम्बर, २०१७)




कमरेड प्रकाश दाहालप्रति श्रद्धाञ्जली अर्पण गर्दै, ढाका बंगलादेश (नोभेम्बर, २०१७)



अन्तर्राष्ट्रिय सेमिनारमा सहभागी विभिन्न देशका प्रतिनिधिहरू, ढाका (नोभेम्बर, २०१७)



भोकेसनल ट्रेनिङ इन्स्टिच्यूट, नियागामा श्रीलंकाका विद्यार्थीहरूसँग (जुन, २०१२)




राजदूत सुशीलचन्द्र अमात्यसँग, कोलम्बो, श्रीलंका (जुन, २०१२)

चीनको राजनैतिक क्रान्ति एवम् आर्थिक विकासको अनुभवबाट नेपाल जस्ता विकासशील देशहरूले महत्त्वपुर्ण शिक्षा लिन यस्ता भ्रमणहरूले सकारात्मक भूमिका खेल्दै पनि आएका छन् । यसै क्रममा रमेश मल्ल लगायतका साथीहरुको चीन भ्रमण र संस्मरण सङ्ग्रहले नेपाल चीनबिचको सम्वन्धलाई बुझ्न थप मद्दत मिल्ने मैले विश्वास लिएको छु

–क. प्रचण्ड

रमेश मल्ल जति देश जान्छन्, तीनको भित्र छिरेर मुटुसम्म छामेर आउँदा रहेछन् । त्यहाँको इतिहास, कला साहित्य, राजनीति, शिक्षालगायत जीवनका हरेक क्षेत्र उनले छिचोल्ने रहेछन् । यो पुस्तक त्यसैको एक उदाहरण हो ।

–युवराज चौलागाईं



हाम्रो भू–राजनीतिमा रहेका चुनौतीको कुशल व्यवस्थापन गर्दै, छिमेक सम्बन्धलाई समसामिप्य, सन्तुलित र हार्दिक बनाउँदै छिमेकको समृद्धि र विकासबाट सकारात्मक फाइदा लिन सक्ने हो भने नेपालले गरिबीको खेती र विकासको प्यास लिएर बस्नुपर्ने अवस्थाको अन्त्य गर्न धेरै दिन कुर्नु पर्दैन ।

–लेखकको कलमबाट

मूल्य रु. २२५

9789937323772

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५५२४७१०, फ्याक्स : ५५४४२३६